# अध्याय-एक

## परिचय

### १.१ पृष्ठभूमि

सामाजिक सम्बन्धहरूको जालो वा एउटा समग्र जटिलता नै समाज हो । विभिन्न वर्ग, लिङ्ग, वर्ण, भाषा सम्प्रदाय, पेशा तथा उमेरका मानिसहरू समाजमा आपसी अन्तरक्रिया गर्दछन् । यही अन्तरक्रियायुक्त पारस्परिक सम्बन्धका कारण विभिन्न व्यक्तिहरूले भिन्न-भिन्न भूमिका निर्वाह गरेका हुन्छन् । उमेर, लिङ्ग, वर्ण आदिका आधारमा प्राप्त स्थितिलाई प्रदत्त स्थिति भनिन्छ भने शिक्षा सम्पत्ति सीप आदिका आधारमा प्राप्त स्थितिलाई आर्जित स्थिति मान्न सकिन्छ । यसै गरी उमेरलाई सामाजिक सूचक मान्ने प्रचलन परम्परागत समयदेखि नै रहँदै आएको छ ।

जनसाङ्ख्यिक संरचनाका विभिन्न पक्षहरू जस्तैः लैङ्गिकता, जातीयता, क्षेत्रीयता, बालबालिका, युवा, प्रौढ जस्तै ज्येष्ठ नागरिकको सवाल पनि नवीनतम रूपमा विकास हुँदै आएको एउटा महत्त्वपूर्ण पक्ष हो । जुनसुकै वर्ग, तह र समुदायको साझा सरोकारको सवालका रूपमा यसलाई लिन सकिन्छ । विज्ञान र प्रविधिले ल्याएका नयाँ-नयाँ परिवर्तनहरू, आर्थिक उन्नति र सरसफाइ, स्वास्थ्य तथा औषधि विज्ञानको क्षेत्रमा आएका प्रगतिहरूले मानवजीवनको औसत आयु बढाउँदै लगेको छ । मृत्युदर क्रमशः कमी हुँदै आएको छ । जसले गर्दा प्रत्येक वर्ष पृथ्वीमा ज्येष्ठ नागरिकहरूको सङ्ख्या क्रमशः वृद्धि हुँदै गइरहेको छ । मुलुकको समग्र विकासको स्तरले ज्येष्ठ नागरिकहरूको जनसङ्ख्यालाई प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । सम्पन्न र विकसित मुलुकहरूमा भन्दा कम विकसित मुलुकहरूमा यस समूहको जनसङ्ख्याको अनुपात कम देखिन्छ (ज्ञवाली, २००५) ।

विश्वभर मानिसहरूको औसत आयु वृद्धि हुँदै गएको देखिन्छ । विज्ञान प्रविधिको विकास, पोषण, सरसफाइ र स्वास्थ्य सुविधाहरूका कारण मानवसभ्यताले मृत्युलाई चुनौती दिएको छ । जसकारण विगतका वर्षहरूमा ६५ वर्षभन्दा माथिका नागरिकको सङ्ख्या ह्वात्तै बढेको छ । सन् १८५० मा बेलायतमा ६५ वर्षभन्दा माथिका मानिसहरूको सङ्ख्या करीब ५ प्रतिशत भएकोमा त्यसको १५० वर्षपछि यो सङ्ख्या १५ प्रतिशत पुगेको थियो र यो सङ्ख्या

अझै बढ्ने क्रममा छ । यस्तैगरी सन् १८०० मा १६ वर्षभन्दा कम रहेको जनसङ्ख्याको औसत उमेर १९७० मा २८ वर्ष र २००१ मा ३० वर्ष पुगेको छ भने सन् २०३० मा ३७ वर्ष पुग्ने अनुमान गरिएको छ । जनसङ्ख्याको यो प्रवृत्ति गुणात्मक रूपमा विश्वव्यापी हो, तर पनि मुलुकैपिच्छे मात्रात्मक भिन्नता पाइन्छ (पराजुली, २००८) ।

संयुक्त राष्ट्रसङ्घको विश्वजनसङ्ख्या विवरण २००२ अनुसार विश्वमा हाल झण्डै १० प्रतिशत रहेको ज्येष्ठ नागरिकको जनसङ्ख्या सन् २०५० मा २० प्रतिशत र सन् २१५० अर्थात् अबको १४५ वर्ष पछाडि ६० वर्ष माथिको उमेर समूहको जनसङ्ख्या एकतिहाइ पुग्ने अनुमान गरिएको छ (ज्ञवाली, २००५) ।

ज्येष्ठ नागरिकको सवाल विश्वकै ज्यादै महत्त्वपूर्ण तथा चुनौतीपूर्ण सवाल बन्न पुगेको छ । विगतका केही दशक यता ज्येष्ठ नागरिकको जनसङ्ख्यामा क्रमशः वृद्धि हुँदै आइरहेको छ विभिन्न राष्ट्र तथा सङ्घसंस्थाहरूले सामाजिक, आर्थिक, राजनीतिक तथा वैज्ञानिक सबै पक्षले ज्येष्ठ नागरिकका बारेमा सवाल उठाएको पाइन्छ । ज्येष्ठ नागरिकको सङ्ख्या वृद्धि हुनुमा मुत्युदर घट्नु तथा जीवन प्रत्याशा वर्षमा वृद्धि हुनु साथै स्वास्थ्य सुविधा राम्रो खाना आदि कारण हुन् (दोरङ्गा, २००७) ।

हिन्दू धार्मिक परम्पराअनुसार मानव जीवनकाललाई चार भागमा विभाजन गरिएको पाइन्छ ।

- बाल्यावस्था — जन्मेदेखि १४ वर्षसम्म
- युवावस्था — १५ वर्षदेखि ३९ वर्षसम्म
- प्रौढ अवस्था — ४० वर्षदेखि ५९ वर्षसम्म
- वृद्धावस्था — ६० वर्षदेखि माथि

विश्वभर मानिसहरूको औसत आयु वृद्धि हुँदै गएको देखिन्छ । विज्ञान प्रविधिको पोषण सरसफाइ र स्वास्थ्य सुविधाहरूका कारण मानव सभ्यताले मृत्युलाई चुनौती दिएको छ । नेपालमा वृद्धावस्थाको उमेर कति वर्षकै उमेरबाट शुरु हुने भन्ने बारेमा केही भ्रमहरू रहेका छन् किनकि सरकारी जागिरको अवकासको उमेर ५८ वर्ष छ भने विश्वविद्यालयमा अनिवार्य अवकासको उमेर ६३ वर्ष रहेको छ । यसै उमेरलाई जनसाङ्ख्किीय शास्त्र एवं विषयमा ६० वर्ष मानिएको छ । अर्को शब्दमा भन्दा ६० वर्षको उमेरबाट बुढ्यौली शुरु भएको मानिन्छ (घिमिरे, २००८) ।

संयुक्त राष्ट्रसङ्घको The World Aging Situation ले ६० वर्ष उमेर पुगेकालाई वृद्ध भन्नुपर्ने भनेको छ भने अन्तर्राष्ट्रिय वृद्धवर्ष १९९९ मनाउन बनेको नेपालको मूल समितिले पनि त्यही निर्णय पारित गरेको छ ।

ज्येष्ठ नागरिकहरूको जीवनलाई सहज बनाउने उनीहरूको ज्ञानलाई उपयोग गर्ने समाजमा सम्मानित जीवनयापनका लागि आवश्यक पूर्वाधारहरू खडा गर्ने नयाँ पूस्तामा ज्येष्ठ नागरिकहरू प्रति आदरभाव र कर्तव्यपरायणता विकसित गराउने र उनीहरूको हकहित संरक्षण एवं आर्थिक, सामाजिक सुरक्षाको वातावरण सृजना गर्ने जस्ता सवाललाई सम्बोधन गर्नका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा विभिन्न प्रकारका निर्णय, घोषणा, प्रतिब्रद्धता एंव कार्ययोजनाहरू तयार गरिएका छन् । ती मध्ये खासगरी United nations principles for older person 1991, macjuplan of action on aging 1998/Madrid International paln of action on ageing 2002 आदि मुख्य मानिन्छन् । ज्येष्ठ नागरिकहरूका सवाललाई अन्तर्राष्ट्रियकरण गर्नका लागि सन् १९९९ लाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक वर्षका रूपमा मनाइएको थियो (पराजुली, २००८) ।

ज्येष्ठ नागरिकहरू शारीरिक तथा मानसिक कमजोरीपना देखापर्नुलाई वृद्धावस्था भन्दछन् यस्तो अवस्था लागेपछि छाला चाउरी पर्ने, देख्ने र सुन्ने शक्ति कम हुने, हातखुट्टा फाट्ने, ढाड कुप्रिने, पाचनशक्ति कमजोर हुने जस्ता दुरावस्था देखा पर्दछन् साथै सम्झने शक्ति कमजोर हुँदै जान्छ भन्ने धारणा वृद्धवृद्धाहरूमा रहेको छ । प्रायः ६० वर्ष नाघेपछि वृद्धावस्था देखा पर्दछ । तर आर्थिक दुरावस्था पारिवारिक बोझ विभिन्न प्रकारका मानसिक तनावको कारणले गर्दा उक्त लक्षण ४० वर्ष ननाघ्दै देखा पर्दछ (मोक्तान, २०५८) ।

## Ho]i7 gful/s ;DaGwdf cGt/f{li6«o k|lta|4tf

सन् १९८२ को भिएनामा भएको प्रथम अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक सम्मेलनपछि संयुक्त राष्टसङ्घले निम्नलिखित सिद्धान्तहरू प्रतिपादन गरेको छ ।

- स्वाधीनता
- सहभागिता
- हेरचाह तथा स्याहारसुसार
- आत्म सम्वृद्धि

सन् १९९९ लाई अन्तर्राष्ट्रिय वृद्धावर्षको रूपमा मनाउनु पनि यस विषयले प्राथमिकता पाउनु हो । त्यसैगरी सन् २००२ मा स्पेनको म्याड्रिडमा भएको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनले पनि अन्तर्राष्ट्रिय रणनीतिक कार्ययोजना पारित गरेको छ । जसको मर्मअनुसार नेपालमा पनि नेपाल सरकारले आफ्नो कार्यनीति तय गरेको छ । उक्त म्याड्रिड सम्मेलनले जोड दिएका बुँदाहरू निम्न रहेको छन् ।

- सामाजिक विकासमा सहभागिता राख्न पाउनुपर्ने ।
- काम गर्न चाहनेले काम गर्न पाउनुपर्ने ।
- ग्रामीण अवस्थाको जीवनयापनमा सुधार हुनुपर्ने ।
- ज्ञान शिक्षा र तालिममा पहुँच अवसर र क्षमताको प्रयोग हुनुपर्ने ।
- अन्तरपुस्ताबीच सद्भावको विकास ।
- सन् २०१५ सम्ममा बुढ्यौली जनसङ्ख्याको गरीबी ५० प्रतिशतले घटाउने ।
- पेन्सन बिमा उपचार आदिमा आय सुरक्षाको व्यवस्था हुनुपर्ने ।
- संकटकालीन अवस्थामा प्राथमिकता पाउनुपर्ने ।
- रोगको रोकथाम तथा पोसिलो खानाको व्यवस्थाद्वारा स्वास्थ्य प्रबर्द्धन ।
- सर्वसुलभ र समान स्वास्थ्य सुविधा ।
- वृद्धहरूमा एड्स रोगको अवस्थाले उत्पन्न गर्ने असर कम गर्ने शिक्षा चेतना तालिम तथा रोकथाम कार्यक्रममा सहभागिता बढाउने ।
- घरेलु या उपचार गर्नेलाई सही सूचना तथा तालिम ।
- मानसिक स्वास्थ्यको आवश्यकतामा विशेष जोड ।
- वृद्ध र अशक्तहरूको लागि विशेष ध्यान ।
- व्यक्तिगत आवश्यकतामा आधारित आवास क्षेत्र तथा स्थलको व्यवस्था ।
- हेरचाह गर्ने संस्था र दुर्व्यवहार रोक्न सहयोगी निकायहरूको स्थापना ।
- अपमान हिंसा र दुर्व्यवहार रोक्न सहयोगी निकायहरूको स्थापना ।
- सबै क्षेत्रबाट वृद्धहरूप्रति सम्मान गर्ने संस्कृतिको विकास (ज्ञवाली २००८) ।

नेपाल देशमा जम्मा ३२ वटा वृद्धावृद्धाहरूसँग सरोकार राख्ने सङ्घ-संस्थाहरू सञ्चालित छन् । यी मध्ये २८ वटा स्वीकृति प्राप्त छन् भने चारवटा अनौपचारिक तरिकाले सञ्चालित छन् । तीमध्ये दुईवटा संस्थाहरू भने वृद्ध महिलाका लागिमात्र सेवारत छन् । नेपालमा

सर्वप्रथम २०३३ सालमा समाजकल्याण केन्द्र वृद्धाश्रम स्थापना भएको थियो । जसलाई पशुपति वृद्धाश्रमको नामले चिनिन्छ । यस संस्थाले ६० वर्षमाथिका असहाय अशक्त वृद्धवृद्धाहरूलाई हेरचाह गर्दै आएको छ । नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा यस आश्रममा असहाय अशक्त र अपहेलित वृद्धवृद्धाहरूलाई आश्रय दिने गरिएको छ । २०३८ सालमा बराहक्षेत्र धर्माश्रम समितिको गठन भएको र त्यस समितिले तीर्थयात्रीहरूका लागि सेवा सुविधा र बस्ने ठाँउको व्यवस्था गर्ने गरेको छ । २०४८ सालदेखि विशान्ति मन्दिर धनकुटामा पनि वृद्धवृद्धाहरूको सेवामा विभिन्न कार्यक्रम सञ्चालित रहेको छ । यस मन्दिरमा असहाय वृद्धवृद्धाहरूको लालनपालन गर्नुका साथै स्थानीय स्कुल निर्माणमा सहयोग वृक्षारोपण र महिलाहरूलाई सीपमूलक तालिमहरू प्रदान गर्दै आइरहेको छ । यसरी विश्लेषण गर्दा वृद्धवृद्धाहरूको बारेमा काम गर्ने संस्थाहरूले वृद्धाश्रम सञ्चालन गरी वृद्धवृद्धाहरूको लालनपालन गर्ने, भजनकीतन र धार्मिक प्रवचन गर्ने, निःशुल्क स्वास्थ्य परीक्षण गर्ने, दाहसंस्कार गर्ने आदि सेवा पुऱ्याउने कार्यमा बढी तल्लीन रहेको देखिएको छ (मोक्तान, २०५८) ।

वृद्धाश्रममा वृद्धवृद्धाहरूका बसाइमा के-कस्ता समस्या छन् र उक्त वृद्धाश्रमको विकासका लागि के कस्ता पहल गर्न सकिन्छ । विभिन्न ठाउँमा आश्रम सञ्चालित भए तापनि वृद्धावृद्धाहरूले दुःख पाइरहेका छन् । वृद्धवृद्धा तथा ज्येष्ठ नागरिकहरू ज्ञानसीपका तथा अनुभवका भण्डार हुन् । देश विकासमा उनीहरूको ज्ञानलाई सदुपयोग गर्नुका साथै उनीहरूका हकअधिकारको संरक्षण गर्नु सामाजिक तथा आर्थिक सुरक्षा प्रदान गर्नु राष्ट्रको दायित्व हो (बस्नेत, २००८) ।

असहाय ज्येष्ठ नागरिकहरूलाई आश्रय दिने तथा ज्येष्ठ नागरिकहरूको संरक्षण गर्ने विपन्न एवं सम्पन्न कुनै पनि बेवारिसे असहाय ज्येष्ठ नागरिकको संरक्षण सेवा र सम्मान गर्न मानवीय कर्तव्य ठानीसक्दो व्यवस्था मिलाउने उद्देश्यका साथ स्थापना भएको पोखरा वृद्धाश्रम "ज्येष्ठ नागरिकको संरक्षण गरौं सम्भव भएसम्म घरैमा संभव नभए वृद्धाश्रममा" भन्ने मूल नाराका साथ अगाडि बढेको छ र ज्येष्ठ नागरिकका लागि एउटा राम्रो घर बन्न पुगेको छ । जसरी घरले मानिसलाई हरेक क्षेत्रबाट सुरक्षित राख्दछ । त्यसरी नै वृद्धाश्रमले ज्येष्ठ नागरिकलाई सुरक्षा दिँदै आएको छ । यही आश्रममा आश्रित जिउँदा देवताका रूपमा रहेका ज्येष्ठ नागरिकको सामाजिक अवस्था दिनचर्या र स्वास्थ्य स्थितिका बारेमा अध्ययन गर्ने कार्य यस शोध अध्ययनमा गरिएको छ ।

## १.२ समस्याको कथन

समाजशास्त्रको सुष्म अध्ययनमा समाजको प्रत्येक व्यक्तिको समाजमा उसले निर्वाह गर्ने भूमिकाको अध्ययन गरिन्छ भने बृहत् अध्ययनमा सम्पूर्ण समाजको विश्लेषण गर्ने कार्य गरिन्छ । अतः समाजमा व्यक्तिको पनि उत्तिकै स्थान हुन्छ । जति सम्पूर्ण समाजको हुन्छ । समाजमा ज्येष्ठ नागरिकको सवाल पनि मानवजीवनको उमेरसम्बन्धी एउटा पाटोको अध्ययन हो ।

ज्येष्ठ नागरिकलाई समाजमा विभिन्न रूपमा सम्बोधन गर्ने गरिन्छ । बूढाबूढी, वृद्धवृद्धा, पाकेको फल, डुब्नलागेको घाम, सुकेको पात, बूढोरूख, घरकुरुवा, अभिभावक हजूरबुवा/आमा आदि जस्ता शब्द ज्येष्ठ नागरिकका पर्याय बनेका छन् । ज्येष्ठ नागरिक राष्ट्रका इतिहास हुन्, जिउँदा देवता हुन्, उमेरले पाकेका अनुभवले खारिएका तथा ज्ञानसीपका भण्डार हुन् । राष्ट्रनिर्माणका लागि उनीहरूका ज्ञानसीपलाई प्रयोग गरिनुपर्छ । देशको सामाजिक सुव्यवस्था, सामाजिक विकास, सामाजिक परिवर्तन समाजमा रहेका मुख्य मान्यता संस्कृति, परम्परा, धर्म, रीतिरिवाज आदिमा निर्भर रहन्छ । यी कुराहरूको समुचित प्रबन्ध विना उज्ज्वल समाजको कल्पनासम्म पनि गर्न सकिंदैन त्यसकारण इत्यादि कुराको प्रबन्ध मिलाउनका लागि ज्येष्ठ नागरिकको सल्लाह, सुझाव तथा निर्देशनबाट काम गर्नु आवश्यक हुन्छ ।

हुन त नेपाली समाजमा वृद्ध मातापिताको सेवा गर्ने संस्कार रहँदै आएको छ । आफूभन्दा ठूलालाई सम्मान गर्ने संस्कृति छ । "गुरु देवो भवः, मातृदेवो भवः, पितृदेवो भवः, अतिथि देवो भवः" जस्ता आदर्श भनाइहरू जनजिब्रोमा झुण्डिएका छन् । तथापि सामाजिक, आर्थिक संरचनामा आएका परिवर्तन देखा पर्दछ । पूर्व आधुनिक समाजको तुलनामा वर्तमान आधुनिक समाजमा ज्येष्ठ नागरिकको सम्मान र शक्तिमा कमी आएको छ । ज्ञाननिर्माण, नीतिनिर्माण र निर्णय प्रकृयामा उनीहरूको भूमिका गौण बनेको छ ।

बसाईंसराइको कारणले गर्दा शहरीक्षेत्रमा ज्येष्ठ नागरिकहरूको चाप बढ्दो छ । संयुक्त परिवार प्रणालीको सट्टा क्रमशः एकल परिवार प्रणालीको विकास हुँदैछ । जसले गर्दा ज्येष्ठ नागरिकमध्ये पनि ७५ वर्षमाथिका ज्येष्ठ नागरिकको समस्या ज्यादै जटिल बन्दै गएको छ । फरक-फरक सामाजिक, आर्थिक, जातीय द्वन्द्वको स्थितिमा ज्येष्ठ नागरिकका समस्या पनि फरक-फरक खालका छन् । गरीब तथा ग्रामीण परिवेशका ज्येष्ठ नागरिकका लागि उचित

आहार स्वास्थ्य उपचारको समस्या प्रमुख बन्नसक्छ भने द्वन्द्वका कारण आफ्ना छोराछोरी, नातिनातिना तथा जीवन सँगीसँगिनी गुमाउन बाध्य भएकाहरूमा मानसिक तनाव भए र असुरक्षित अवस्था महसुस गरेको पाइन्छ । त्यसैगरी शहरी परिवेशमा जहाँ छोराबुहारी पढाइ या जागिरमा जाने परिवारमा ज्येष्ठ नागरिकलाई दिनभर घरमा एक्लै बस्नुपर्ने तथा समय बिताउन गाह्रो हुने अशक्त भएमा औषधि पानी दिनेसम्म पनि सहयोगी नहुने अवस्था पनि रहेको छ । वृद्धवृद्धाको सम्पत्ति भएमा परिवारले हेरचाह गर्ने सम्पत्ति छैन भने सबैले छिछि; दुरदुर गर्ने काम गर्ने, खानमात्र बाँचेको, समाजको बोझको रूपमा लिने गरेको पनि पाइन्छ ।

मठ-मन्दिर तीर्थस्थल वृद्धाश्रममा बस्नेहरूमा पनि पूर्णरूपमा शारीरिक, मानसिक तथा सामाजिक सन्तुलन भएको देखिंदैन । उमेर ढल्किनु भनेको दुःखले सताउँदै जाने अवस्था हो भन्ने भावनाको विकास भएको देखिन्छ । सेवाबाट निवृत्त भएका कर्मचारीमा पनि सामाजिक तथा पारिवारिक रूपमा एक्लो भएको महसुस गर्ने तथा मानसिक तनावका समस्या बढ्दै गएको देखिन्छ । लैङ्गिक दृष्टिकोणले हेर्दा महिला ज्येष्ठ नागरिकको अवस्था बढी नाजुक देखिन्छ । विधवा वा एकल जीवन बाँच्न बाध्य महिलामा त झन् सामाजिक हेय भाव रहेको पाइन्छ ।

नातिनातिनालाई काखमा राखेर मायाले हुर्काउने हुँदा हजुरबाबा/आमा र नातिनातिनाको पुस्ताबीच राम्रो सम्बन्ध रहेको हुन्छ तापनि पारिवारिक बनावट र सामाजिक संरचनामा आएको परिवर्तनका कारण यी दुई पुस्ताबीच हुने त्यसप्रकारको अन्तरक्रियात्मक सम्बन्ध तथा सामाजिक कारणको त्यस्तो प्रकृयामा बिस्तारै कमी आउनुले पुरानो पुस्ता र नयाँ पुस्ताबीचको सम्बन्धमा दूरी देखा परेको छ । कतिपय परिवेशमा बूढाबूढी देखेर केटाकेटी तर्सने अवस्थासमेत उत्पन्न भएको छ ।

यसरी नयाँ परिवर्तनले ल्याएका सामाजिक, साँस्कृतिक विशेषताहरूको विश्लेषण गर्दै ज्येष्ठ नागरिकको जीवन कसरी सुखमय बनाउन सकिन्छ भन्नेकुरा चिन्तन गर्नुपर्ने बेला आएको छ । यसै क्रममा "पोखरा वृद्धाश्रम" ले कतिपय ज्येष्ठ नागरिकहरूको अन्धकारमय तथा कष्टकर जीवनलाई सहज बनाउने क्रममा विगत १५ वर्षदेखि सेवा दिँदै आएको छ तापनि यस आश्रमको स्थायी आम्दानीको स्रोत ज्यादै नगण्य रूपमा रहेको छ । जसका कारण यस आश्रमको आन्तरिक व्यवस्थापन पक्ष तथा वास्तविक स्थितिको अध्ययन गर्नु र त्यसका बारेमा उपयुक्त र सान्दर्भिक सुझाव तयार गर्न आवश्यक देखिएको छ ।

यो अध्ययन यिनै पक्षहरू र यहाँ आश्रित ज्येष्ठ नागरिकहरूको सामाजिक तथा स्वास्थ्य स्थितिसँग केन्द्रित भएर गरिएको छ । आश्रमका कमजोर पक्ष पत्ता लगाई समाधानको उपाय खोज्नु नै समस्याको मूल पक्ष हो । साथै यस आश्रममा आश्रित ज्येष्ठ नागरिकहरू के कस्तो परिस्थितिमा आश्रममा आए र उनीहरूको दिनचर्या कस्तो प्रकारले चलिरहेको छ भनेर बुझ्ने यस अध्ययनको मूल पक्ष हो ।

## १.३ अनुसन्धानका प्रश्नहरू

- ज्येष्ठ नागरिक आश्रम आउनाको कारण के हो ?
- ज्येष्ठ नागरिकका खास समस्या के के हुन् ?
- परिवार तथा समाजसँग ज्येष्ठ नागरिकको के कस्तो सम्बन्ध रहेको छ ?
- आश्रमको व्यवस्थापनले उनीहरूको बानीमा असर परेको छ कि छैन ?
- आश्रमको व्यवस्थापनबाट उनीहरू कत्तिको सन्तुष्ट छन् ?
- ज्येष्ठ नागरिकले समाजबाट कस्तो अपेक्षा राखेका छन् ?
- आश्रममा बस्नु ज्येष्ठ नागरिकको इच्छा कि बाध्यता ?
- आश्रममा बस्ने ज्येष्ठ नागरिकको दिनचर्या कस्तो छ ?
- आश्रममा आश्रित ज्येष्ठ नागरिकका कस्ता खालका स्वास्थ्य समस्या छन् ? आदि जस्ता प्रश्नहरूमा आधारित रहेर यो अध्ययन गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्यमा आश्रममा आश्रित ज्येष्ठ नागरिकको जीवनशैली तथा दिनचर्याका बारेमा जानकारी लिनुरहेको छ भने विशिष्ट उद्देश्यअन्तर्गत निम्न उद्देश्यहरू रहेका छन्:

- आश्रममा आश्रित ज्येष्ठ नागरिकको सामाजिक जीवनमाथि प्रकाश पार्नु ।
- ज्येष्ठ नागरिक आश्रममा आउनाका कारण विश्लेषण गर्नु ।
- ज्येष्ठ नागरिकको स्वास्थ्य स्थितिका बारेमा जानकारी लिनु ।

## १.५ अध्ययनको क्षेत्र

यस शोध अध्ययनमा अध्ययन क्षेत्रको रूपमा पोखरा उपमहानगरपालिका वडा नं. १७ सीतापाइला स्थित पोखरा वृद्धाश्रमलाई लिइएको छ ।

## १.६ अध्ययनको सीमा

यस शोध अध्ययनमा निम्नलिखित सीमा रहेको छ ।

- यस अध्ययनले पोखरा वृद्धाश्रमलाई मात्र समेट्न सकेको छ ।
- यस अध्ययनले ज्येष्ठ नागरिकका सम्पूर्ण पक्षलाई समेट्न सकेको छैन ।
- यस अध्ययनले ज्येष्ठ नागरिकका दिनचर्या र स्वास्थ्यको बारेमा मात्र जानकारी दिएको छ ।

## १.७ आधारभूत मान्यता

- ज्येष्ठ नागरिकहरू समाजका अग्रणी मानिएता पनि उनीहरूप्रति परिवार समाज तथा राष्ट्रको समुचित ध्यान पुग्न सकेको देखिंदैन ।
- वर्तमान समाजले ज्येष्ठ नागरिकप्रति गर्नुपर्ने भूमिका निर्वाह गरेको देखिंदैन ।
- एकातिर ज्येष्ठ नागरिकको बाँच्ने उमेर बढिरहेको छ भने अर्कोतिर उनीहरूप्रतिको मान, सम्मान र स्याहारसुसार घट्दै गएको पाइन्छ ।
- सम्पत्ति नहुने साथै कतिपयले सम्पत्ति हुँदाहुँदै पनि ज्यादै दु:ख पाइरहेका छन् ।

## १.८ अध्ययनको महत्त्व

समाजका अग्रणी ज्ञानसीपका भण्डार मानिएका ज्येष्ठ नागरिक समाज तथा राष्ट्रका लागि नै ज्यादै महत्त्वपूर्ण मानिन्छन् । त्यसकारण उनीहरूको जीवन सहज तथा सरल बनाउनु तथा उनीहरूका ज्ञानसीपको सदुपयोग गर्नसके राष्ट्रको विकासमा ठूलो योगदान पुग्नसक्छ । “आगो ताप्नु मुढाको, कुरा सुन्नु बूढाको” भनेजस्तै ज्येष्ठ नागरिकका अनुभवबाट धेरै कुराको ज्ञान पाउन सकिन्छ । त्यसकारण समाजमा ज्यादै दु:ख पाएका असहाय ज्येष्ठ नागरिकलाई आश्रय दिएर उनीहरूको जीवन सरल तथा सहज बनाउने प्रयास वृद्धाश्रमले गरिरहेको छ यस अध्ययनले आश्रममा रहेका समस्या त्रुटि, कमजोरीहरू थाहा पाउन केहीमात्रामा भए पनि सहयोग पुऱ्याउन मद्दत गर्ने छ । सोही ठाउँमा यो खाले अध्ययन संभवत: पहिलो पटक गरिएकाले अध्ययनबाट प्राप्त जानकारीले सम्बन्धित क्षेत्र, सरकार सङ्घसंस्था जो कसैलाई पनि आफ्ना नीति तथा योजना तर्जुमा गर्न सहयोग मिल्न सक्छ ।

## १.९ पारिभाषिक शब्दावली

**वृद्धवृद्धा/ज्येष्ठ नागरिक:** समाजका अगुवा ज्ञानसीपका धनी साथै अनुभवले खरिएका ज्येष्ठ नागरिकलाई समाजमा विभिन्न रूपमा सम्बोधन गर्ने गरिन्छ । बूढाबुढी, वृद्धवृद्धा, बाजेबज्यै,

पाकेको फल, डाँडामाथिका घाम, बूढो रुख, घरकुरुवा, अभिभावक हजूरबाबा, हजुरआमा जस्ता शब्दावली ज्येष्ठ नागरिकका पर्याय बनेका छन् । बुढ्यौलीकै परिभाषा खोज्ने हो भने सामान्यतया शारीरिक तथा मानसिक कमजोरीको अवस्था जहाँ छाला चाउरिने, कपाल फुल्ने, ढाड कुप्रिने, दृष्टि तथा श्रवणशक्ति कमजोर हुने आदिलाई लिन सकिन्छ । सामान्यतयाः उल्लेखित लक्षण देखापरेका ६०/६५ वर्ष उमेर पार गरेका व्यक्तित्वलाई वृद्धवृद्धा/ज्येष्ठ नागरिक भन्ने गरिन्छ । आधुनिक युगमा भएका वैज्ञानिक आविष्कारका कारण ज्येष्ठ नागरिकहरूको भोगाइ, सिकाइ, इच्छा, आकाङ्क्षा, चाहना, आवश्यकता र दिनचर्यामा ठूलो परिवर्तन भइरहेको पाइन्छ । पूर्व आधुनिक समाजको तुलनामा वर्तमान आधुनिक समाजमा वृद्धवृद्धाहरूको सम्मान र शक्तिमा कमी भएको पाइन्छ । जीवनका उर्वरा समयहरू पार गरेर आउनुभएका ज्येष्ठ नागरिकहरूका लागि बूढ्यौली एउटा सुन्दर अवसर हो । यसले समाजका सम्पत्ति ज्ञानसीपका भण्डार मानवसभ्यताका जिउँदा इतिहास ज्येष्ठ नागरिकलाई श्रद्धा, सम्मान, माया र संरक्षण गरौं ।

**दिनचर्या**ः यस अध्ययनमा दिनचर्या भन्नाले पोखरा वृद्धाश्रममा बस्ने ज्येष्ठ नागरिकहरूको दिनचर्या अर्थात् दैनिकीलाई लिइएको छ ।

**जीवनशैली**ः यस अध्ययनमा जीवनशैली भन्नाले वृद्धाश्रममा बस्ने ज्येष्ठ नागरिकहरको जीवन कसरी चलिरहेको छ उनीहरूको जीवनशैली लवाइखवाइ, रहनसहन कसरी चलेको छ भन्ने र प्रत्यक्ष अवलोकन गरी हेर्ने गरिएको छ ।

## १.१० शोधग्रन्थको सङ्गगठनात्मक ढाँचा

यस शोधपत्रलाई जम्मा सात अध्यायमा विभाजित गरिएको छ जसमा परिचयदेखि अध्ययनको सार निष्कर्षहरू समावेश गरिएको छ ।

**पहिलो अध्याय**मा परिचय, पृष्ठभूमि, समस्याको कथन, अनुसन्धान प्रश्नावली, अध्ययनको उद्देश्य, अध्ययनको क्षेत्र, अध्ययनको सीमा, आधारभूत मान्यता, अध्ययनको महत्त्व, पारिभाषिक शब्दावलीलाई समावेश गरिएको छ ।

**दोस्रो अध्याय**मा पूर्व साहित्य समीक्षा, सान्दर्भिक साहित्यको समीक्षा, पूर्व अध्ययन समीक्षालाई प्रस्तुत गरिएको छ ।

**तेस्रो अध्याय**मा अनुसन्धान पद्धति जसअन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोतहरू, जनसङ्ख्या छनौट, तथ्याङ्क सङ्कलन विधिहरू, प्रश्नावली

अनुसूचि, अवलोकन, मुख्यः जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता, वैयक्तिक अध्ययन, पूर्व परीक्षण, प्रामाणिकता र विश्वसनीयता, कार्यक्षेत्रका कठिनाइहरू, तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण समावेश गरिएको छ ।

**अध्याय चार**मा वृद्धवृद्धाहरूको दिनचर्या, भौगोलिक अवस्थिति, हावापानी, जनसङ्ख्या, धर्मसंस्कृति, जातजाति, वैवाहिक स्थिति, उमेर, जातीय विवरण, परिवार, आय, तथा आम्दानीको स्रोत, आश्रममा आउनपूर्व बसाइ स्थिति, शैक्षिक अवस्था, मनोसामाजिक अवस्था आदि समावेश गरिएको छ ।

**अध्याय पाँच**मा वृद्धवृद्धाहरू आश्रममा आउनुका कारण परिवारसँगै नबस्नुका कारण समावेश गरिएको छ ।

**अध्याय छ**मा वृद्धवृद्धाहरूको स्वास्थ्य स्थितिको बारेमा उल्लेख गरिएको छ ।

**अध्याय सात**मा अध्ययनको सार, निष्कर्ष र सुझावलाई उल्लेख गरिएको छ ।

# अध्याय-दुई

## २. पूर्व साहित्य समीक्षा

## २.१ सान्दर्भिक साहित्यको समीक्षा

संसारभरि नै वृद्धवृद्धाको सङ्ख्या तीव्रगतिमा वृद्धि हुँदैछ । विभिन्न ठाउँमा फरकफरक सङ्ख्यामा वृद्धवृद्धाको सङ्ख्या वृद्धि हुँदै गैरहेको छ । अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा मानिसहरूको बढ्दो उमेर हेर्दा अहिलेको विश्वभरको औसत लिने हो भने वृद्धहरूको सङ्ख्या कुल जनसङ्ख्याको ६ प्रतिशत हुन आउँछ । नेपालमा कुल जनसङ्ख्याको ५ प्रतिशत ६० वर्षभन्दा बढी उमेर समूहका रहेका छन् । नेपालमा वृद्धावस्था बारे अहिलेसम्म खासै अध्ययनहरू भएका छैनन् । वृद्धवृद्धाका सवालहरू उनीहरूले भोगेका समस्याहरू उसै देखेका छन् । परिवार, समाज र राष्ट्रका लागि उनीहरूले पुऱ्याएको योगदानको चर्चा हुन सकेको छैन । सरकारी गैरसरकारी निकायहरूको मात्र होइन व्यक्ति समुदायको समेत त्यसतर्फ ध्यान पुग्न सकेको देखिंदैन । वृद्धवृद्धाहरू सम्बन्धी वर्तमान अवस्था के छ र भविष्यमा के गर्न सकिन्छ भन्नका लागि नेपालमा वृद्धवृद्धाहरूको अवस्थाबारे देशव्यापी अनुसन्धानको खाँचो महसुस भएकै बेला संसारका धेरै देशहरूमा वृद्धवृद्धासम्बन्धी काम गर्ने हेल्पएज इन्टरनेशनलको सचिवालय लण्डनको तर्फबाट एसिया प्यासिफिक क्षेत्रीय कार्यालय चेइमाङ, थाइल्याण्ड र नेपाल सहभागिमूलक कार्य समूह नेपाल बीच २५ अगष्ट २००० मा दुईपक्षीय सम्झौतामा हस्ताक्षर भइ अनुसन्धान शुरु गरी प्रतिवेदन पेश गरेको छ । जसले नेपालमा वृद्धवृद्धाको अवस्थालाई केही मात्रामा भए पनि उजागर गर्न सफल भएको छ (मोक्तान, २०५८) ।

नेपालको परिप्रेक्ष्यमा परम्परागत संयुक्त परिवारमा रहने ज्येष्ठ नागरिकहरूलाई परिवारले पुऱ्याउँदै आएको सुविधाका अतिरिक्त राज्यले ज्येष्ठ नागरिकहरूलाई प्रदान गर्नुपर्ने आधारभूत सेवा तथा सुविधा पर्याप्त मात्रामा उपलब्ध गराउन नसकेका ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा सुविधा क्षमता उपयोग आदिमा अपेक्षित रूपमा कार्य सञ्चालन गर्न नसकिए तापनि केही कल्याणकारी संरक्षणात्मक कार्यको थालनी भएको छ । ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा, वृद्धाश्रम दिवासेवा केन्द्रहरूलाई संस्थागत सहयोग

अनुदान उच्चस्तरीय ज्येष्ठ नागरिक समन्वय समितिको गठन ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना ज्येष्ठ नागरिक/विधवालाई सामाजिक सुरक्षा भत्ता जस्ता महत्त्वपूर्ण काम भएका छन् । ज्येष्ठ नागरिक नीति तथा कार्यनीति २०५८, ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यान्वयन निर्देशिका २०६१, ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना २०६२, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६३, ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६३ जारि गरिएको छ भने ज्येष्ठ नागरिक असाह्य विधवा तथा अशक्त अपाङ्गहरूले प्राप्त गर्ने भत्ता वृद्धि गरिनुका साथै ज्येष्ठ नागरिक सम्बन्धी नियमावलीको मस्यौदा तयार भैसकेको छ (पराजुली, २००८) ।

घट्दो प्रजननदर र मृत्युदरको साथै अन्य विकासोन्मुख राष्ट्रमा जस्तै नेपालमा पनि वृद्ध तथा ज्येष्ठ नागरिकहरूको सङ्ख्यामा तीब्र वृद्धि भैराखेको छ । गरीबी र कमजोर अर्थतन्त्रको बावजूद वि.सं २०५२/५४ देखि प्रत्येक जनगणनामा ज्येष्ठ नागरिकहरूको सङ्ख्या तीब्रगतिले बढ्दै गएको छ । हालैका दुई जनगणनाले दर्शाएको तथ्याङ्कको विश्लेषणबाट पनि यो कुरा प्रष्ट हुन्छ । वि.सं. २०४८ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्यामध्ये वृद्धवृद्धाहरू ५.८ प्रतिशत थिए भने वि.सं २०५८ को जनगणनामा ६.६ प्रतिशत पुगेको छ । वृद्धहरूको वार्षिक वृद्धिदर वि.सं. २०४८ को दशकमा २.२६ प्रतिशत र कुल जनसङ्ख्याको वार्षिक वृद्धिदर २.१० थियो भने वि.सं. २०५८ को दशकमा वृद्ध जनसङ्ख्याको वार्षिक वृद्धिदर ३.४० प्रतिशत र कुल जनसङ्ख्याको औसत वार्षिक वृद्धिदर २.२४ रहेको छ । वृद्धाहरूको कुल सङ्ख्या मध्ये ६१.५ प्रतिशत ७० वर्षमुनिका र बाँकी सबै ३८.५ प्रतिशत ७० वर्ष र सोभन्दा माथिका छन् (बस्नेत, २००८) ।

उमेरलाई सामाजिक सूचक मान्ने प्रचलन परम्परागत समयदेखि रहँदै आएको छ । यस आधारमा मानवजीवन र समाजलाई विभिन्न भागमा र उमेर समूहमा विभाजन गर्न सकिन्छ । प्राचीन हिन्दू वर्णाश्रम व्यवस्थामा मनुष्यको आयुलाई १०० वर्ष मानेर चार भागमा विभाजन गरिएको थियो । जीवनको २५ वर्षसम्म ब्रम्हचार्य, २६ देखि ५० वर्षसम्म गृहस्थ, ५१ वर्षदेखि ७५ वर्षसम्म वानप्रस्थ र ७६ देखि उप्रान्त सन्यास आश्रम मानिन्थ्यो सोहीअनुसार व्यक्तिको अधिकार कर्तव्य र दायित्व तोकिएका थिए (पराजुली, २००८) ।

संयुक्त राष्ट्रसङ्घको विश्वजनसङ्ख्या विवरण २००२ अनुसार विश्वमा हाल झन्डै १० प्रतिशतको सङ्ख्यामा रहेको ज्येष्ठ नागरिकको जनसङ्ख्या सन् २०५० मा २० प्रतिशत पुग्ने अनुमान गरिएको छ । जीवनका धेरै उकाली-ओराली पारगर्दै लामो अनुभव बोकेर

आफ्ना नयाँ सन्ततिहरूको सदा प्रगतिको अभिलाषा राख्ने ज्येष्ठ नागरिकहरू वास्तवमाा राष्ट्रका अमूल्य निधि हुन् जिउँदा इतिहास हुन प्रेरणाका स्रोत हुन् । आर्थिक विश्लेषणका आधारमा यस समूहलाई परनिर्भर जनसङ्ख्या मानिने भए तापनि राष्ट्रको कुल उत्पादनमा उनीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यस तथ्यलाई मनन गरी संयुक्त राष्ट्रसङ्घको सन् १९८२ मा सम्पन्न साधारण सभाको प्रस्ताव नं. ३७५१ ले ज्येष्ठ नागरिकहरूका सम्बन्धमा आफ्नो नीति अगाडि सा¥यो । सोहीवर्ष अष्ट्रियाको राजधानी भिएनामा प्रथम अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक सम्मेलन सम्पन्न भयो । यसैगरी यस सवालमा सबैको ध्यान आकर्षणका लागि सन् १९९९ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय वृद्धवर्ष अर्थात् ज्येष्ठ नागरिक वर्षको रूपमा मनाउने निर्णय गरी संसारभर मनाइएको थियो (ज्ञवाली, २००८) ।

ज्येष्ठ नागरिकका सवालमा बनाइएका नीतिनिर्माण सम्बन्धी कार्यशालामा र १५–१६ जुलाई २००१ फिलिपिन्सको मनिलामा सम्पन्न वृद्धवृद्धाका अवस्थासम्बन्धी मकाउ कार्ययोजनामा नेपालको पनि सहभागिता थियो । त्यस्तै १७–१९ अगस्ट २००१ भारतमा सम्पन्न दोस्रो एशियाली क्षेत्रीय बैठकमा नेपालको तर्फबाट समाजकल्याण मन्त्रालय र समाजकल्याण परिषद्ले सहभागिता जनाएको थियो (नेपान, २०६१) ।

## २.२ पूर्व अध्ययन समीक्षा

संयुक्त राष्ट्रसङ्घको सन् १९८२ मा सम्पन्न साधारण सभाको प्रस्ताव नं. ३७५१ ले ज्येष्ठ नागरिकहरूका सम्बन्धमा आफ्नो नीति अगाडि सा¥यो । सोहीवर्ष अष्ट्रियाको राजधानी भिएनामा प्रथम अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक सम्मेलन सम्पन्न भयो । त्यसपछि १९९९ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय वृद्धवर्षको रूपमा मनाउने निर्णय गरी संसारभर मनाइएको थियो । सन् २००२ को दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको तर्फबाट सरकारी तथा नागरिक समाजको तर्फबाट समेत सहभागिता रहेका थियो । नवौं योजनामा श्री ५ को सरकारको तर्फबाट ज्येष्ठ नागरिकको हकहित सुरक्षा सम्बन्धमा कार्यक्रमिक अवधारणा अगाडि सारिएको थियो भने त्यसलाई दशौं योजनाले निरन्तरता दिंदै कार्यक्रम अगाडि सारेको छ । यसबारे नेपाल सहभागिमूलक कार्यसमूह (नेपान) ले सहभागितामूलक अनुसन्धान गरी नतिजा प्रकाशनमा ल्याई देशव्यापी अन्र्तक्रिया कार्यक्रमहरू सञ्चालन ग¥यो । श्री ५ को सरकारलाई राष्ट्रिय नीति तर्जुमा गर्नमा जनवकालत ग¥यो । यसै क्रममा

क्षेत्रीय सञ्चालककहरूको पनि विकास भयो । पश्चिमाञ्चल क्षेत्रीय ज्येष्ठ नागरिक कार्य सञ्जाल (प्राण) पनि यसै कार्यको उपज हो (ज्ञवाली, २००५) ।

६५ वर्षमाथिको जनसङ्ख्या वृद्धि हुनुको मुख्यकारण स्वास्थ्य सुरक्षित सुत्केरी गराउने व्यवस्था, स्वास्थ्य सुरक्षा सामाजिक, सुरक्षा राम्रो, आम्दानी आर्थिक वृद्धि समाज तथा परिवारबाट वृद्धवृद्धालाई राम्रोसँग हेर्ने बानीको विकास आदि हुन् । विज्ञानको क्षेत्रमा आएका प्रगतिहरूले मानवजीवनको औसत आयु बढाउँदै लगेको छ (वाइट, २००४) ।

गरीब र कमजोर अर्थतन्त्रको बाबजूद वि.सं. २०५२/५४ देखि प्रत्येक जनगणनामा वृद्ध तथा ज्येष्ठ नागरिकहरूको सङ्ख्या तीब्रगतिले बढ्दै गएको छ । हालैका दुई जनगणनाले दर्शाएको तथ्याङ्कको विश्लेषणबाट पनि यो कुरा प्रस्ट हुन्छ । वि.सं. २०४८ को जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या मध्ये वृद्धवृद्धाहरू ५.८ प्रतिशत थिए भने वि.सं. २०५८ को जनगणनामा ६.५ प्रतिशत पुगेको छ ।

विश्वका कतिपय विकासोन्मुख राष्ट्रहरूमा जस्तै नेपालमा पनि वृद्धवृद्धाहरूको निरपेक्ष सङ्ख्या र अनुपातमा वृद्धि भएको छ । नेपालको जनगणना विश्लेषणसम्बन्धी गरिएको अध्ययनले वृद्धहरूको सङ्ख्या कुल जनसङ्ख्याको तुलनामा तीब्रगतिले वृद्धि भैराखेको छ । वृद्धवृद्धाहरू शिक्षामा पछाडिपर्नुका साथै उनीहरूको आर्थिक क्रियाकलापमा पहुँच कम छ । लैङ्गिक समानताको दृष्टिकोणले वृद्धहरूको तुलनामा वृद्धाहरू शारीरिक रूपले कमजोर र आर्थिक रूपले परनिर्भर रहेका छन् । विधुरको अनुपातमा विधवाको सङ्ख्या धेरै अथवा रोगी भएकाले दमित तथा दुर्बल अवस्थामा बाँचिराखेका छन् । पारिवारिक सहयोगसम्बन्धी मूल्य र मान्यतामा कमी आएको छ । यसरी वृद्ध व्यक्तिहरूप्रति सन्ततिको चेतना र दृष्टिकोणमा आएको परिवर्तनले राज्यले ज्येष्ठ नागरिकको सामाजिक तथा आर्थिक सुरक्षा र हेरचाहको दायित्व वहन गर्नु अनिवार्य भैसकेको छ (बस्नेत, २००८) ।

समाजका अभिन्न अङ्गका रूपमा रहेका ज्येष्ठ नागरिक समाजका सम्पत्ति हुन् । उनीहरूका ज्ञानसीप, अनुभव र परिवार समाज र राष्ट्रका लागि ज्यादै महत्त्वपूर्ण हुनसक्दछ तापनि समाज परिवार तथा राष्ट्रको ध्यान ज्येष्ठ नागरिकको सवालमा पुग्नसकेको छैन । ज्येष्ठ नागरिकप्रति गरिनुपर्ने सम्मान स्याहारसुसार नभएको कारण उनीहरूप्रतिको बेवास्ता बढिरहेको छ । खास गरी गरीब परिवारमा यो समस्या विकराल देखिएको छ (मोक्तान, २०५८) ।

स्वास्थ्य क्षेत्रमापनि विशेष गरेर वृद्धवृद्धामा धेरै समस्या भएको पाइन्छ । जसमा परम्परावादी संस्कृतिको बढी प्रभाव रहेको पाइन्छ । जसले गर्दा छिट्टै आधुनिक औषधिको प्रयोग नगरी परम्परावादी उपचार विधि अपनाइएको हुन्छ । जसले गर्दा स्वास्थ्यमा ठूलो समस्या देखिएको छ (थापा २००५) । बढ्दो शहरीकरण र औद्योगिकीकरण एवम् व्यापारिक कृयाशीलताले परिवारमा काम गर्नसक्ने व्यक्ति बिहानैदेखि घरबाहिर निस्कने हुँदा घरमा वृद्धवृद्धा एक्लै बस्नुपर्ने बाध्यता हुन्छ । गाउँघरमा पनि अशक्त वृद्धावृद्धाले एक्लै एउटा कुनामा बसेर दिन काट्नुपर्ने परम्परागत परिस्थिति छ । वृद्धवृद्धाले आफ्नो यस स्थितिलाई भगवान्को कृपा अथवा भाग्यको खेल भनेर चित्त बुझाउनुपर्ने बाध्यता छ । यत्तिमात्रै नभएर वृद्धवृद्धाले पारिवारिक हेला, अपमान र तिरस्कारसमेत निरन्तर सहँदै र भोग्दै आउनु परेको छ । खास गरी आर्थिक स्थिति कमजोर भएका विपन्न परिवारमा उनीहरूले अत्यधिक प्रताडना र अपमान सहनुपरेको देखिन्छ (प्रधान, २०६५) ।

भनिन्छ हरेक ज्येष्ठ नागरिकको देहावसानसँगै एउटा जिउँदो पुस्तकालयको पनि अन्त हुन्छ । एउटा नागरिकले आफ्नो कृयाशील जीवनकालमा राज्य, समाज र परिवारका लागि कुनै न कुनै प्रकारबाट योगदान पुऱ्याएकै हुन्छ भन्ने कुरामा दुईमत नहोला तर तिनलाई आजसम्म विश्वभरिकै राज्य संयन्त्रले ओझेलमा पारेको अवस्था छ । यस कुरालाई मनन गर्दै यूरोप, अमेरिका र अन्य विकसित ३७ भन्दा बढी राज्यले ज्येष्ठ नागरिकलाई सम्मानित जीवनयापन गराउनुको साथै आर्थिक, सामाजिक सुरक्षाको र स्वास्थ्यसम्बन्धी हक सरकारले कानूनी रूपमा प्रत्याभूति गर्दै आइरहेको देखिन्छ । कुनै पनि नागरिक राष्ट्रका अमूल्य निधि हुन् । चाहे बालक, जवान, वृद्ध, स्त्री या पुरुष सबैको सम्मान, संरक्षण र सुरक्षा गर्नु तथा तिनीहरूको हकअधिकार संविधानबाटै सुनिश्चित गर्नु हरेक राष्ट्रको प्रमुख दायित्व हुन्छ ।

ज्येष्ठ नागरिकका चिन्ता

ज्येष्ठ नागरिकलाई सम्मानजनक जीवन व्यतीत गराउन उनीहरूका अनुभव ज्ञान, सीप र क्षमतालाई राज्यले उचित ढङ्गबाट प्रयोगमा ल्याउनु न्यायोचित हुन्छ । ज्येष्ठ नागरिक परिवार समाज र राज्यका बोझ होइनन् वरदान हुन् उनीहरूका अनुभव र सीपबाट उन्नति गर्न सकिन्छ भन्ने बुझ्नुपर्छ । ज्येष्ठ नागरिकबारे नयाँ संविधानमा नै उल्लेख गर्न सके उनीहरूले सही अर्थमा आफ्नो जिम्मेवारी महसूश गर्न पाउने थिए । बूढो हुनु अभिशाप र परिवारका निम्ति बोझ नभएर वरदान हो भन्ने नागरिक सोच निर्माण हुनसक्थ्यो । त्यसैले नागरिकका सम्बन्धमा संविधान सभाले ठोस निर्णय लिनुपर्ने देखिन्छ (प्रधान, २०६५) ।

ज्येष्ठ नागरिकका विशिष्ट विचार

त्यसै फुलेको हुँदैन ज्येष्ठ नागरिकको कपाल उनीहरूले आफ्नो जीवनमा आएको उतारचढाव मात्र भोगेका हुँदैनन् । मुलुक र समाजमा आएको उतारचढाव पनि देखेभोगेका हुन्छन् । अर्थात् ज्येष्ठ नागरिक भनेका अनुभवजनित ज्ञानका भण्डार हुन् । ज्येष्ठ नागरिक जोसको होइन होसको कुरा गर्छन् । आवेगले होइन विवेकले काम गर्छन् । त्यसैले भनिन्छ "आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको" (बाँस्तोला, २०६६) ।

नयाँ संविधानमा ज्येष्ठ नागरिक

जीवनभरि आर्जन गरेको सम्पत्तिमा छोराछोरीहरूको हक लाग्ने कानूनी व्यवस्था छ । तर त्यो सम्पत्ति उपभोग गर्ने छोराछोरीले वृद्ध बाबु/आमालाई अनिवार्य कानूनी रूपमा स्याहारसुसार गर्नुपर्ने कानूनी बाध्यता छैन । बाबुआमाले आर्जन गरेको सम्पत्तिमा जसरी छोराछोरीको कानूनी हक लाग्ने व्यवस्था छ । त्यसै गरी वृद्ध बाबुआमालाई पालनपोषण गर्नुपर्ने अनिवार्य कानूनी व्यवस्था गर्नुपर्छ । यस कुराले नयाँ संविधानमा स्थान पाएमा सम्पत्ति हकभोग गर्ने जोसुकैले पनि वृद्धवृद्धालाई स-सम्मान पालनपोषण गर्नुपर्ने कानूनी व्यवस्था मिलाउनुपर्छ । मुलुकमा ज्येष्ठ नागरिकको गुनासो गर्ने सुनुवाइ हुने ठाउँ कतै छैन । त्यसैले कमसे कम ज्येष्ठ नागरिकको दुःख, दर्द र गुनासो पोख्नका निम्ति महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय अर्न्तगत तत्कालै छुट्टै डेस्कको व्यवस्था गर्न आवश्यक छ (प्रधान, २०६५) ।

एक्लोपनले पीडित छन् ज्येष्ठ नागरिक

आज धेरै वृद्धवृद्धाहरू सडकमा छन् । उनीहरूलाई उपचार छैन, सुरक्षा छैन बेसहारा बनेका वृद्धवृद्धालाई हेरचाह गर्नु सरकारको दायित्व हो । उनीहरूको उपचार राज्यको दायित्व हो । यो दायित्वबाट सरकार पन्छिएको छ । यस धर्तीमा जन्मनेले अकाल मृत्यु नभएमा सबैले बूढाबूढी हुनैपर्छ आफूले पनि एकदिन बूढै हुनैपर्छ भन्ने सोचेर सबैले काम गर्नुपर्छ (के.सी, २०६६) ।

"सास्तीसँग जुधेर सानको जिन्दगी"

थुप्रै सङ्घर्ष पार गरेर ७४ वर्षमा टेकीसक्दा पनि उत्तिकै जोस-जाँगरसँग काम गर्ने सुमित्रादेवीले अनगिन्ती दुःख भोगि सक्नुभएको छ । सुख क्षणिक हुन्छ त्यसकारण दुःखै मनपर्छ भन्नु हुने उनीलाई आफू बूढी भएको महसुस भएको छैन । उमेरमा दुःख गरेर

बुढेसकालमा सुख पाइन्छ भन्ने उहाँले धेरैलाई सीप सिकाउने तथा रोजगारी दिने काम गर्नुभएको छ । उहाँजस्ता हिम्मत भएका वृद्धवृद्धा पनि हाम्रो समाजमा छन् (खड्का, २०६५) ।

जन्म दिँदैमा आफ्नो हुँदैन

मानिसमात्र होइन हरेक प्राणीका लागि आमाभन्दा ठूलोकुरा केही हुँदैन । त्यसैले त भन्ने गरिन्छ । "जननी जन्मभूमिच स्वर्गादवि गरीयसी" जननी र जन्मभूमि स्वर्गभन्दा पनि ठूला हुन्छन् । तर कतिपय सन्तान यस्ता पनि छन्, जसले जननीकै अपमान गरिरहेका छन् । आमाको मन रुवाएका छन् । सानोमा आफूलाई दशधारा दूध पिलाएर हुर्काउने आमालाई बुढेसकालमा हेरचाह गर्नुको साटो उल्टै वृद्धाश्रममा पुऱ्याउन पछि पर्दैनन् आजका छोराछोरीहरू । त्यसैले त नेपालीमा उखान छ 'बाह्र छोरा तेह्र नाती बूढाको धोक्रो काँधै माथि'। लक्ष्मीदेवी कर्माचार्य, सुन्तली थापा र लक्ष्मी थापा क्षत्री ती प्रतिनिधि आमाहरू हुन् जो जीवनको उत्तरार्धमा आफ्नै सन्तान र पतीबाट उपेक्षित र अपहेलित भई वृद्धाश्रममा जिन्दगीको गाडी घिसार्दै छन् । जन्म दिंदैमा आफ्नो हुँदो रहेनछ भन्ने कुरा उनीहरूको पीडाबाट थाहा पाउन सकिन्छ (सुनार, २०६६) ।

नेपालमा वृद्धावस्थाको उमेर कति वर्षको उमेरबाट शुरु हुने भन्ने बारेमा केही भ्रमहरू रहेका छन् । किनकि सरकारी जागिरको अवकासको उमेर ५८ वर्ष छ भने विश्वविद्यालयमा अनिवार्य अवकासको उमेर ६३ वर्ष रहेको छ तापनि नेपालमा ६० वर्षको उमेरबाट बुढ्यौली शुरु भएको मानिन्छ । ५९ वर्ष उमेरलाई आर्थिक रूपले सक्रिय जनशक्तिको उपल्लो हद मानेपनि व्यावहारिक रूपमा कृषि तथा गैर कृषिक्षेत्रमा धेरै माथिल्लो उमेरसम्म पनि मानिसहरू सक्रिय रहन्छन् । नेपालीको औसत आयु कम हुनाका कारण पोषणयुक्त खानाको अभाव, आवश्यक औषधि र स्वास्थ्यगत सुविधाहरूको अभावले गर्दा विकसित मुलुकको तुलनामा कमै उमेरमा नेपालीहरू भौतिक रूपले कमजोर र वृद्ध देखिन्छन् (घिमिरे, २०६५) ।

अशं दिन परम्परा अन्त्य गर्नुपर्छ

नेपाली समाजमा पश्चिमी संस्कृतिको अनुकरण र व्यक्तिवादी सोचका विकास हुँदै गएको कारणले वृद्धवृद्धाको जीवन सम्मानजनक हुनसकेको छैन । छोराछोरी तथा परिवारको व्यस्तता बढेको कारण ज्येष्ठ नागरिकको सम्मान हुन नसकेको हो । हामीले पश्चिमी संस्कृतिका धेरै कुरा सिक्यौं तर आफ्ना लागि आफै कमाउनुपर्छ भन्ने सोचको विकास गर्न

सकेनौं जसका लागि सर्वप्रथम छोराछोरीलाई सम्पत्ति दिने परम्पराको अन्त्य गर्न सक्यौं भने अधिकार र कर्तव्यका बीच सामञ्जस्य भई सम्मानको वातावरण बन्नसक्छ (के.सी., २०६६) ।

गोल्डेनएज बितेपछि गाह्रो हुन्छ .

कानून बनाएरमात्र हुने भए अहिले पनि ज्येष्ठ नागरिकका सम्बन्धमा कानून छ तर कार्यान्वयन भएन । संविधानकै धारामा राख्नु र कानून बनाउनु फरक कुरा हो भन्ने हाम्रो अभ्यासबाट पनि देखिएको छ । ज्येष्ठ नागरिकले समाजबाट पनि अपेक्षा गरेका हुन्छन् । समाजमा भएको व्यापक परिवर्तनले गर्दा ज्येष्ठ नागरिक पुर्ख्यौली थलाबाट विस्थापित भएका छन् (के.सी,२०६६) ।

पहिले ज्येष्ठ नागरिकका बारेमा संविधानमा केही लेख्नुपर्छ भन्ने चेतना नै थिएन । २०४७ सालको संविधानमा ज्येष्ठ नागरिकका लागि केही उल्लेख गरियो । २०६३ सालमा कानून बन्यो तर पनि प्रभावकारी कार्यान्वयन भएको छैन (दास, २०६६) ।

लोककल्याणकारी राज्य भनिन्छ, तर लोककल्याणको सबैभन्दा ठूलो क्षेत्र ज्येष्ठ नागरिकसम्म राज्यले सेवा पुऱ्याउन सकेको देखिंदैन ज्येष्ठ नागरिकसम्म सेवा नपुऱ्याएसम्म सामाजिक सुरक्षाको अवधारणा पनि सफल हुन सक्दैन (प्रधान, २०६६) ।

नेपाली समाजमा ज्येष्ठ नागरिक एक्लो हुँदै गएका छन् । ज्येष्ठ नागरिकका लागि आवासीय र दिवासेवा केन्द्रहरू नगन्य छन् । उनीहरूका लागि सरकारले मात्र लगानी गरेर हुँदैन नीजी क्षेत्रले पनि लगानी गर्नुपर्छ (पन्त, २०६६) ।

नेपालसरकार ज्येष्ठ नागरिकसम्बन्धी तय गरिएको कार्ययोजनाअन्तर्गत संयुक्त राष्ट्रसङ्घको सामाजिक सेवाका अध्यक्षप्रति उहाँले गरेको कार्यको प्रशंसा गदै ज्येष्ठ नागरिकप्रति प्रतिबद्ध सदस्य राष्ट्रबाट नागरिकहरूको भलाइका लागि निश्चित परिणामको रकम छुट्याइयोस् साथै सहयोगी अनुदाताहरूबाट संयुक्त राष्ट्रसङ्घको पहलमा विकासशील राष्ट्रहरूका लागि आर्थिक सहयोगको व्यवस्था गरियोस् जस्ता अन्तर्राष्ट्रिय रणनीति निर्माण गरिएको थियो (नेपान, २०६१) ।

२०५८ सालमा लिइएको जनगणनाअनुसार कुल जनसङ्ख्यामध्ये वृद्धवृद्धाको सङ्ख्या १४ लाख ७७ हजार तीनसय ७९ रहेको छ । उनीहरूलाई अहिलेसम्म पनि राज्यबाट केही भत्ता दिने बाहेक अरू केही सेवासुविधा दिनसकेको छैन । ६० वर्ष पूरा गरेका विधवा महिलालाई

१ सय रूपैयाँ र ६५ वर्ष पूरा गरेका विधवा महिलालाई १ सय ५० रूपैयाँ दिने र पशुपति वृद्धाश्रममा करीब १०० जनाका लागि आश्रय दिने बाहेक सरकारबाट अरू पहल भएको थिएन (अन्नपूर्ण पोष्ट, २०६६) ।

नेपालको विकास प्रकृयामा ज्येष्ठ नागरिकहरूको स्थान

नेपालमा ज्येष्ठ नागरिकसम्बन्धी साधन कार्यक्रमहरू वि.सं. २०४६ सालको जनआन्दोलन पछि आएको हो । तर यसको शुरुवात् भने सातौं योजनाबाट नै भएको थियो । नवौं योजनामा २०४५-५९ ले ज्येष्ठ नागरिकका योग्यता, अनुभव, ज्ञान र योगदानको कदर गर्दै उनीहरूको सम्मान र संरक्षण गर्ने उद्देश्य लिएको थियो । प्रत्येक विकासक्षेत्रमा वृद्धाश्रम निर्माण गर्ने, पारिवारिक तहमा सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउने, भरणपोषण गर्नेलाई सुविधा प्रदान गर्ने, अस्पतालमा औषधि उपचारमा सहुलियत दिने, गैरसरकारी सङ्घसंस्थालाई समेत परिचालन गरी वृद्धाश्रम स्थापना तथा सञ्चालन गर्ने, उनीहरूका अनुभवलाई राष्ट्रनिर्माणमा सदुपयोग गर्ने, मनोरञ्जन तथा यातायातका साधनमा सहुलियत दिन ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई सुरक्षा प्रदान गर्ने नीति लिएको थियो । तर स्रोतसाधनको अभाव, आवश्यक कानूनी व्यवस्था र कार्ययोजना नभएकाले योजनाअनुसार काम हुन सकेन ।

दशौं योजना (२०५९-६४) ले ज्येष्ठ नागरिकसम्बन्धी दीर्घकालीन आधारणलाई निरन्तरता दियो । जसले ज्येष्ठ नागरिक कोष खडा गर्ने, अस्पतालमा छुट्टै वार्ड स्थापना गर्ने, वृद्धाश्रमलाई व्यवस्थित गर्ने, ज्येष्ठ नागरिकको अनुसन्धान र प्रचारात्मक कार्यहरू अगाडि बढ्यो । अन्तरिम योजना (२०६४-६७) ले ज्येष्ठ नागरिकको आधारभूत हकअधिकारको प्रत्याभूतिका लागि आवश्यक कानूनी र संस्थागत विकास गर्ने लगायतका नीति लिएको छ । आर्थिक वर्ष २०६५-६६ ले वृद्धभत्तामा गरेको वृद्धिले अन्तरिम योजनाको मर्मलाई मुखरित गरेका अनुभूति हुन्छ (बस्नेत, २०६५) ।

ज्येष्ठ नागरिकको बढ्दो सङ्ख्यालाई ध्यानमा राख्दै यथाशीघ्र ज्येष्ठ नागरिकको सुरक्षाको प्रत्याभूति गर्नु तथा कार्यान्वयन गर्नु आजको आवश्यकता हो । माथिल्लो पुस्ताको संरक्षण गरेर उनीहरूका ज्ञान तथा सीप तल्लो पुस्तामा हस्तान्तरण गर्न सकियो भने त्यसबाट हाम्रो समाज र राष्ट्र लाभान्वित हुने थियो (प्रधान, २०६६) ।

ज्येष्ठ नागरिक र विकास योजना

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग-३ धारा-११ को उपधारा-३ धारा-४ को राज्यका निर्देशित सिद्धान्त र २६ को उपधारा-२६ मा राज्यको नीतिअर्न्तगत समेतमा वृद्ध असहायहरूको संरक्षण कल्याण विकास आदिमा राज्यको दायित्व रहने कुरा उल्लेख गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पनि गाउँ विकास समितिको काम, कर्तव्य र अधिकारमा अनाथ बालबालिका, असाह्य महिला, वृद्धवृद्धा, अपाङ्गको संरक्षण गर्न अधिकार उल्लेख भएको छ । त्यसै गरी श्री ५ को सरकारले २५ भन्दा बढी जिल्लाहरूमा ज्येष्ठ नागरिक औषधि उपचार नीति लागू गरेको छ । जसअर्न्तगत असह्यय वृद्धले वर्षमा बढिमा २ पटकसम्म २ हजारका दरले औषधि उपचार गर्नपाउने व्यवस्था छ । ७५ वर्ष पुगेका नागरिकहरूलाई मासिक रु. १७५।- भत्ता दिने व्यवस्था गरेको छ । त्यस्तै श्री ५ को सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय सामाजिक सुरक्षा तथा सुधार शाखाको तर्फबाट ज्येष्ठ नागरिक नीति तथा कार्यनीति २०५८ तयार गरी लागू गर्ने प्रयास भएको छ ।यस नीतिमा मुख्य रूपमा आर्थिक पक्ष, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा सुविधा र सम्मान, सहभागिता र संलग्नता, शैक्षिक र मनोरञ्जनात्मक पक्ष आदिबारे उल्लेख गरिएको छ । नवौं पञ्चवर्षीय योजनामा वृद्धवृद्धासम्बन्धी नीतिमा वृद्धभत्तालाई सरल बनाउने केन्द्रीय तथा क्षेत्रीय अस्पतालहरूमा सहुलियत दरमा स्वास्थ्य परीक्षण तथा उपचार प्रदानगर्ने । प्रत्येक विकास क्षेत्रमा १/१ वटा वृद्धाश्रम निर्माण गर्ने र वृद्धाश्रममा मनोरञ्जन, वाचनालय, धार्मिक प्रवचन, गाउँटोलमा ज्येष्ठ नागरिक क्लबको गठनगर्ने जस्ता कार्यमा स्थानीय निकाय गै.स.स र नीजी क्षेत्रलाई प्रोत्साहित गर्ने उद्देश्य लिएको छ । यातायातका साधनमा आरक्षण तथा भाडामा छुटको व्यवस्था गर्नेकुरा नीतिमा उल्लेख छ।

यिनै कुरालाई निरन्तरता दिँदै दशौं योजनामा उनीहरूको जीवनस्तर सहज र सम्मानित बनाउन उनीहरूको ज्ञानसीप र योग्यताको उपयोग गर्ने खालका कार्यक्रममा सहभागिता गराउने दिवा सेवा केन्द्र खोल्न प्रोत्साहन गर्ने, अञ्चलस्तरीय या ठूला अस्पतालहरूमा ज्येष्ठ नागरिक वार्डको स्थापनाका साथै उपचार र सेवा दिने जनशक्तिको विकास गर्ने, उनीहरूको जीवन सहज बनाउन शैक्षिक मनोरञ्जनात्मक आध्यात्मिक क्रियाकलाप सञ्चालन गर्ने हरेक क्षेत्रमा योजना तर्जुमा गर्दा वृद्धवृद्धाहरूको बढ्दो प्रतिशतलाई ध्यानमा राखी योजना बनाउने जस्ता विषय थप समावेश गरिएको छ । तथा कार्यान्वयन गर्नका लागि जिल्लास्तरमा महिला विकास शाखालाई समन्वय तथा नेतृत्व गर्ने जिम्मेवारी किटान गरेको छ (ज्ञवाली, २००८) ।

विकास र ज्येष्ठ नागरिकको सम्बन्ध

विषेश गरी विकासोन्मुख राष्ट्रहरूमा बढ्दै गएको गरीबी, एकल परिवारको वृद्धि र जनसङ्ख्या बहिर्गमनको कारण वृद्धव्यक्तिहरूले परिवारबाट पाइआएको सहयोग र हेरचाह पाइराख्न सकेका छैनन् । वृद्धवृद्धालाई पारिवारिक हेरविचार औषधि उपचार र साथी संगतको कमी भएको छ । औद्योगिकीकरण, शहरीकरण र बसाईंसराइबाट एकल परिवारको विकास भैराखेको सन्दर्भमा ज्येष्ठ नागरिकहरू परम्परागत रूपले घरपरिवारबाट पाइआएका हेरचाह तथा सेवा सुविधाबाट वञ्चित हुँदै गएका छन् । ज्येष्ठ नागरिकहरूलाई विकास प्रकृयामा न्यून प्राथमिकता राख्ने विकास बाधक रूपमा लिने, स्रोतको रूपमा परिचालन गर्ने वा आधुनिकीकरण प्रयासबाट प्रताडित बनाउने यिनै चार विकासका सम्भावित सम्भावनाहरूका आधारमा ज्येष्ठ नागरिकहरूको हकअधिकारको संरक्षण, सामाजिक तथा आर्थिक सुरक्षा र सम्मानको खोजी गर्नु पर्दछ ।

ज्येष्ठ नागरिकको अधिकार

ज्येष्ठ नागरिकको हकहित संरक्षण र प्रबर्द्धनका लागि नेपाल सरकारले जारी गरेका ज्येष्ठ नागरिक ऐन, २०६३ मा लेखिएका ज्येष्ठ नागरिकलाई दिने सुविधा हात्तीका देखाउने दाँतमात्र छन् भन्ने कुराका थुप्रै उदाहरण पाउन सकिन्छ । ज्येष्ठ नागरिक ऐन, २०६३ मा उल्लेख भएका ज्येष्ठ नागरिकको उपचार खर्चमा ५० प्रतिशत छुटको व्यवस्थालाई सरकारी स्वास्थ्यले नै मान्यता दिएका छैनन् । यसरी सरकारले जारी गरेका ऐनमा उल्लेख भएका सुविधा ज्येष्ठ नागरिकलाई सरकारी संस्थाले प्रदान नगर्नु निश्चय पनि दुर्भाग्यपूर्ण हो । यसका लागि ज्येष्ठ नागरिकको तर्फबाट विरोधका जोडदार आवाज उठाउनुपर्छ । सरकारले जारी गरेका ज्येष्ठ नागरिक ऐन र धेरै समय पछाडि बनाएको नियममा कतिपय कुरा अधुरो वा अपुरो छन् । त्यसमा समयानुकुल संशोधन हुन् आवश्यक छ (सिंह, २०६७) ।

वि.सं २०६५ फागुन २६ गते साँझ एउटा टेलिभिजन च्यानलले कारुणिक समाचार प्रसारण गऱ्यो । समाचारमा भक्तपुरकी वृद्धा कान्छीमाया पौडेललाई काठमाडौंको तिलगंगा नजिकै बागमतीको दुर्गन्धित पानीभित्र डोकोमा हालेर जिउँदै फालिएको र उहाँको उद्धार गरिएको प्रत्यक्ष प्रसारण गरिएको थियो । अस्पतालमा उहाँलाई भेट्न आएका छोरीज्वाइँसँग पत्रकारले गरेको कुराबाट प्रष्ट देखियो कि उहाँ सन्तानविहीन हुनुहुन्थेन । उहाँले अस्पताल शच्याबाट सकीनसकी सन्तानको नाम बताउनु भएको थियो (सिंह, २०६७) ।

बूढाबूढी होइन ज्येष्ठ नागरिक

राज्यपुनर्संरचनाको वर्तमान अभियानमा धेरै चीज परिवर्तन भएको छ । यस अभियानले नेपाली भाषामा पनि सकारात्मक हस्तक्षेप गरेको छ । आइमाई होइन महिला भन्ने अवधारणा स्थापित भैसकेको छ तर बूढाबूढी होइन ज्येष्ठ नागरिक भन्ने अवधारणा राम्रोसँग स्थापित भएको छैन । नेपाली समाजमा लामो समयसम्म बूढाबूढी, वृद्धवृद्धा जस्ता शब्द प्रयोग गर्दै आएको थियो । यी शब्दमा अवहेलनाको आभास किन पाइयो भने बूढाबूढी या वृद्धवृद्धालाई राज्य र समाजले कदर तथा सम्मान गरेको भए यही शब्द सम्मानजनक हुन सक्थ्योहोला । तर अब यी शब्द नेपालका कानूनबाट बाहिरिसकेको छ ज्येष्ठ नागरिक शब्द भित्रिसकेको छ । शब्द प्रयोगले गर्ने सम्मानको खास अर्थ हुन्छ । त्यसले सामाजिक मनोविज्ञान सृजना गर्छ । ज्येष्ठ नागरिक सम्बन्धी अध्येता मनोहर उप्रेती भन्नुहुन्छ कसैलाई गएर बूढो अथवा बूढी भन्नुस त ऊ रिसाउँछ । मानिस रिसाउने वा उसले अपमानित महसूस गर्ने शब्द प्रयोग गर्न त भएन नि त्यही भएकाले बूढाबूढी होइन ज्येष्ठ नागरिक शब्द प्रयोग गर्नु परेको हो (उप्रेती, २०६६) ।

"जति बूढो ठान्यो उति बूढो भइन्छ"

८३ वर्षीय ज्येष्ठ नागरिक अहिलेको पुस्तालाई सुझावदिँदै भन्नुहुन्छ दिनहुँ आफूलाई केही न केही काममा अल्झाइराख्नुपर्छ । स्वस्थ्यजीवनको रहस्य यहीले ढल्कदो उमेर सम्झेर जति आफूलाई बूढो ठान्दै गयो शरीरले त्यही अनुसार प्रतिकृया जनाउन थाल्छ । झन्झन् गल्दै गएको महसुस गर्न थाल्छ । त्यसैले सधैं आफूलाई तन्नेरी सम्झौं त्यही अनुसार अनुशासित जीवनशैली र सक्रिय जीवन बिताऊँ (श्रेष्ठ, २०६६) ।

"ठूलो बिरामी भएँ भने नबचाउनुस् मलाई कृत्रिम बँचाइ मन पर्दैन .

चिन्ताले मानिसलाई गलाउँछ भैरव रिमाल ८३ वर्ष हुनुभयो उहाँ मृत्युलाई स्वाभाविक मान्नुहुन्छ । मृत्यु मैत्री जीवन जिउने उहाँको चाहना उहाँ भन्नुहुन्छ चाँडो मरेको मान्छेको सट्टा म बाँचेको हो मेरो भोग त सिद्धिसक्यो उहाँले घर, परिवारलाई भनिसक्नु भएको छ ठूलो बिरामी भएँ भने नबचाउनु मलाई कृत्रिम बाँच्न मन पर्दैन । उहाँले मरेपछिको बन्दोबस्त पनि गरिसक्नुभएको छ । लास दान त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जलाई किनकि उहाँ आफ्नो शरीरलाई कोर्सबुकको रूपमा लिइयोस् भन्ने चाहनुहुन्छ (पौडेल, २०६७) ।

“अचेल अमिलो प्यारो”

कवि माधवप्रसाद घिमिरे ९२ वर्ष हुनुभयो उहाँ अझैपनि तन्देरी नै देखिनुहुन्छ । अझैपनि युवा जोस देखाउनुहुन्छ । जागिरकालमा खण्डकाव्य, गीतिनाटक, कविता, गीत लेख्ने उहाँ बुढेसकालको फुर्सदमा महाकाव्य लेख्न थाल्नुभएको छ । डाइविटिजले गर्दा गुलियो वर्जित भएपछि वहाँ अमिलोमा भुल्न थाल्नुभएको छ । सुन्तला, लप्सीको झोल ज्यादै प्रिय छ उहाँलाई किशोरकालमै एउटा योगीसँग योग सिकेको कारण उमेर छँदा आसन, प्रणायाम, ध्यान गर्नुहुन्थ्यो भने महाकाव्य लेख्न थालेपछि आत्मा, मन, शरीर र सासलाई सन्तुलनमा राख्दै आउनुभएको छ । उहाँ मुत्युलाई विश्राम मान्नुहुन्छ र अर्को जन्म हुने विश्वास गर्नुहुन्छ । उहाँलाई यो महाकाव्य सक्ने धोको छ अरू केही चिन्ता छैन पहिला मुत्युदेखि डर लाग्थ्यो अहिले बेलाभयो, तर डर लाग्दैन । उहाँ जीवनलाई जाने वरदान नजाने अभिशाप मान्नुहुन्छ र भन्नुहुन्छ “जता फर्क्यो त्यत्तै रमाइलो छ” (शर्मा, २०६७) ।

“न योगाभ्यास न कसरत,मर्निङ वाक काफी छ दिमाग, चिन्ता र शरीरमा रोग नहुनु नै ८४ वर्षको उमेरमा ठिटो हुनुको रहस्य हो ।”

उमेर ८४ वर्ष, तर शरीरमा थकान छैन व्यवहारमा बुढ्यौलिका कुनै लक्षण झल्कन्नन् । बिहान ५ बजे उठेपछि चल्न थालेका तडी ९ बजेसम्म चल्छन् । सर्वोच्च अदालतका वरिष्ट अधिवक्ता कृष्णप्रसाद भण्डारी भन्नुहुन्छ अझै पाँचवर्ष नियमित आउनसक्छु (ढुङगेल, २०६७) ।

“सक्रियतामै सन्तुष्टि”

पेशाले डाक्टर भए पनि सक्रिय जीवन बिताउने र सक्रियतामै सन्तुष्टि मान्ने ७० वर्षीय डा.सरस्वती पाध्ये भन्नुहुन्छ “उमेर ढल्कँदै गएपछि बुढ्यौली रोगहरू लाग्न थाल्छन् तर रोग बढी त्यसैलाई लाग्छ जसले निस्कृय जीवन बिताउँछ । मान्छेहरू जवानीमा दुःख र मिहिनेत गरेर बुढेसकालमा बसीबसी खाने भन्छन् तर बसीबसी खानु रोगलाई आऊआऊ भन्दै डाक्नु हो ।” आज पनि घरमा सुतेर दिन बिताउन उहाँको मन मान्दैन रिटायर्ड हुनेकुरा त सोचेको सम्म पनि छैन आफैं गाडी हाँकेर अस्पताल आउजाउ गर्ने उहाँ भन्नुहुन्छ “आज गाडी चलाउन सक्छु भोलि नसके लठ्ठी टेकेर अस्पताल आउँछु” (दाहाल, २०६७) ।

विपश्यनाको बल

मान्छेले समय र स्रोत व्यवस्थापन गर्न जान्यो भने जिन्दगीका तनाव त्यत्तिकै कम हुनेछन् । तनाव दुईटा कुराले आउँछ । समय र स्रोतसाधन मान्छेको हातमा भएको सबैभन्दा सीमित वस्तु नै समय हो । यही सीमित पूँजी कसरी उपयोग गर्ने भन्ने ज्ञान धेरैलाई हुँदैन, अमूल्यधन त्यसै उडाउँछन् र पछि पछुताउँछन् समय बढी कसैलाई हुँदैन भएको समय व्यवस्थित गर्न जान्नुपर्छ र सही तरिका भनेको समयअनुसार कामको प्राथमिकता विभाजन गर्नु हो (श्रेष्ठ, २०६७) ।

चिन्ताको सट्टा चिन्तन गर्ने हो भने अन्तिम घडीसम्म जीवन भार हुँदैन । दिमागलाई जति सकारात्मक बनायो आयु उत्ति नै लम्बिँदै जान्छ ।
संस्कृतविद् सत्यमोहन जोशी ९१ वर्ष हुनुभयो । विभिन्न कार्यक्रममा सहभागी हुने जोसिलो भाषण गर्ने जहिलेपनि स्वस्थ्य तथा सक्रिय देख्दा उनले के खान्छन् कति कसरत गर्छन् भनेर मान्छे अचम्म मान्छन् । उहाँको स्वास्थ्यको रहस्यका बारेमा जान्न खोज्दा उहाँ भन्नुहुन्छ तन्दुरुस्त बन्न दिमागको कसरत गरे पुग्छ । मन अशान्त भयो भने संसारको जतिसुकै ठूलो उपकार पनि बेकार छ । त्यसैले सन्तुष्ट हुन सिक्नुभन्दा राम्रो उपाय छैन । मान्छेले मृत्यु त जन्मदै बोकेर आएको छ जानु त एकदिन छँदै छ बाँचुन्जेल कस्तो जीवन बिताउने त्यो चाहिं आफ्नो हातको कुरा हो (चाम्लिङ्ग, २०६७) ।

हिँडेरै स्वस्थ्य
८२ वर्षअघि पशुपति देवपतनमा जन्मिएका मुकुन्दगोपाल राजोपाध्याय उमेरले वृद्ध भए पनि फुर्सदको दिन बिताउन पाएका छैनन् । नेवारी समुदायका विभिन्न संस्कारहरूमा प्रस्तुत हुने उनी आफूलाई सधैं व्यस्त बनाइरहन्छन् । खाने कुरामा ज्यादै ध्यान दिने धेरैजसो हिँडिनै रहने लेख-रचना पनि लेख्ने काम गर्छन् । उनी भन्छन् हिँडेर नै स्वथ्य भइन्छ (घिमिरे, २०६७) ।

माथि उल्लिखित पूर्व साहित्यहरूको अध्ययनबाट वृद्धवृद्धाका धेरै कुराहरूका बारेमा जानकारी पाउन सकिन्छ । संसारकै ज्यादै महत्त्वपूर्ण रूपमा रहेको वृद्धवृद्धाको विषयमा सबैको चासो बढ्दै गइरहेको छ । विकसित मुलुकको तुलनामा अविकसित मुलुकका वृद्धवृद्धाले बढी समस्या भोल्न परेको देखिन्छ । साहित्यहरूमा वृद्धवृद्धाहरूका विभिन्न विषयमा अध्ययन भएका भए पनि वृद्धाश्रममा आश्रित वृद्धवृद्धाका दिनचर्याका बारेमा अध्ययन हुन नसकेको महशूस हुन्छ र तिनै कमिलाई केही मात्रामा भए पनि उजागर गर्नका लागि यो अध्ययन गरिएको छ ।

# अध्याय-तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययनक्षेत्र छनौटको औचित्य

अध्ययनको उद्देश्यअनुरूप नेपालको गण्डकी अञ्चल कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १७, स्थित पोखरा वृद्धाश्रमलाई अध्ययन क्षेत्र छनोट गरिएको छ । नेपालमा यस्ता वृद्धाश्रमहरू अन्यत्र पनि छन् तापनि यस वृद्धाश्रमले आफ्नो स्थापनाकाल (२०५३) देखिनै ज्येष्ठ नागरिकको संरक्षण गर्दै ज्येष्ठ नागरिकलाई सेवा तथा आश्रय दिंदै आएको छ । त्यसकारण उक्त आश्रमलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ ।

### ३.२ अनुसन्धान ढाँचा

यस शोध अध्ययनका लागि वर्णनात्मक तथा अन्वेषणात्मक अनुसन्धान ढाँचा उपयुक्त हुने देखि सोही पद्धति प्रयोग गरी तथ्य पहिल्याउने कार्य गरिएको छ किनभने कुनै पनि सत्यतथ्यलाई नजिकबाट जान्नका लागि वैज्ञानिक अध्ययन पद्धति अपनाउनु आवश्यक हुन्छ । यस अध्ययनमा यस आश्रममा रहेका ज्येष्ठ नागरिकहरूको दिनचर्या तथा स्वास्थ्य स्थितिका बारेमा अनुसन्धान गर्न अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ भने वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरी ती पक्षको विस्तृत वर्णन गरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

कुनै पनि शोध अध्ययनका लागि तथ्याङ्क सङ्कलनको उचित प्रविधिमा यसको उपयुक्त र भरपर्दो सूचना प्राप्त गर्न सकिन्छ । यस अध्ययनका लागि प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । अवलोकन विधिका साथै मुख्य जानिफकार व्यक्तिहरूसँग गरिने सोधपुछलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ भने द्वितीय स्रोतमा यसभन्दा अगाडि गरिएका अध्ययन प्रतिवेदन, पुस्तिका पत्रपत्रिका, प्रकाशित तथा अप्रकाशित लेख-रचना तथा चिनारी पुस्तिका आदिलाई लिइएको छ ।

## ३.४ जनसङ्ख्या छनौट

अध्ययन भ्रमणको समयमा जनसङ्ख्या छनोट गर्दा पोखरा वृद्धाश्रममा २०६६ असार महिनासम्म जम्मा आश्रित ज्येष्ठ नागरिक सङ्ख्या ३६ जना रहनुभएको थियो ।यस अध्ययनमा ती सम्पूर्ण ३६ जना आश्रित जनसङ्ख्यालाई समावेश गरिएको छ भने आश्रममा सेवा गर्ने सेवक-सेविका तथा आश्रमको व्यवस्थापन पक्ष तथा सञ्चालक समितिका व्यक्तिहरू पनि यस अध्ययनमा जानकार व्यक्ति तथा सूचनाको स्रोतको रुपमा समावेश गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

कुनै पनि शोध अध्ययनको सफलता तथ्याङ्क सङ्कलनको उचित प्रविधिमा भरपर्ने हुनाले यस अध्ययनमा पनि समाजशास्त्री तथा मानवशास्त्रीहरूले प्रयोग गर्दै आएको तथ्याङ्क सङ्कलनको विधि स्थलगत अध्ययन विधिको प्रयोग गरिएको छ साथै द्वितीय सूचना सङ्कलनका लागि विभिन्न लेखरचना, पत्रपत्रिकामा प्रकाशित एवं अप्रकाशित स्रोत तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ । त्यसको साथै वृद्धवृद्धाहरूसँग लिइने अन्तर्वार्ताका साथै मुख्य जानिफकार व्यक्तिहरूसँगको अन्तर्वार्ता विधि प्रयोग गरिएको छ । साथै प्रश्नावली, अनुसूचि, अवलोकन, वैयक्तिक अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.६ पूर्व परीक्षण

यस अध्ययनमा पूर्व परीक्षणका लागि गीतामन्दिर परिसरमा बस्ने ज्येष्ठ नागरिक तथा ईश्वरी वृद्धाश्रम (महिलामात्र बस्ने वृद्धाश्रम) मा बस्ने ज्येष्ठ नागरिकहरूसँग अन्तर्वार्ता लिइ निर्मित प्रश्नावलीलाई परीक्षण गरिएको थियो तथा अवलोकन गरी अध्ययन गरिएको थियो ।

## ३.७ प्रमाणिकता र विश्वसनीयता

यस शोध अध्ययनमा दुई स्रोतको प्रयोगगरी तथ्याङ्क सङ्कलन गरिएको छ जसमा प्राथमिक स्रोत अन्तर्गत सीतापाइला स्थिति पोखरा वृद्धाश्रममा आफैं सहभागीभइ ज्येष्ठ नागरिकद्वारा प्रश्नावली सूचि भराइएको छ । साथै त्यहाँका मुख्य जानिफकार व्यक्तिहरूसँग सोधपुछ गरी अन्तर्वार्ता प्रश्नावली गरी त्यस आश्रमको व्यवस्थाका बारेमा तथा ज्येष्ठ नागरिकको अवस्थाका बारेमा जानकारी लिइएको छ र द्वितीय स्रोतअन्तर्गत विभिन्न पुस्तकपुस्तिका, पत्रपत्रिका, चिनारी, पुस्तिका, प्रकाशित तथा अप्रकाशित लेख-रचनाहरूबाट तथ्याङ्कहरू

समावेश गरिएका छन् । यसमा प्राथमिक स्रोत अन्तर्गत सम्बन्धित ज्येष्ठ नागरिकहरूलाई अन्तर्वार्ता भराउने स्वंय अवलोकन गर्ने तथा मुख्य जानिफकार व्यक्तिहरूसँग सोधपुछ गरिएकाले यस शोध अध्ययनले तथ्यपूर्ण जानकारी हासिल गराउने विश्वास लिइएको छ ।

## ३.८ कार्यक्षेत्रका कठिनाइ

कार्यक्षेत्रमा बसोबास गर्ने ज्येष्ठ नागरिकहरूमा पनि एकदुई जना बोल्नमात्र पनि नसक्ने र उनीहरूको बारेमा अरूसँग जानकारी लिनुपर्ने ज्येष्ठ नागरिकसँग जानकारी दिनका लागि समय लाग्ने वास्तविकता पत्ता लगाउनका लागि लामो समयम्म सम्बन्धित ठाउँमा गइरहनुपर्ने जस्ता कठिनाइ रह्यो ।

## ३.९ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण

यस शोध अध्ययनमा आवश्यक जानकारीका लागि प्रश्नावली सूची प्रयोग गरिएको छ जसलाई तथ्याङ्क विश्लेषण प्रकृया एस.पि.सस.एस.मा राखी तालिकीकरण गरिएको छ त्यसपछि तथ्याङ्कलाई आवश्यक छाटँकाँट गरी तालिका बनाइराखिएको छ ।

# अध्याय-चार

## सङ्कलित तथ्याङ्कको विश्लेषण

### ४. आश्रममा आश्रित वृद्धवृद्धाहरूको सामाजिक अवस्था

वृद्धवृद्धाहरूको समाजमा के कस्तो अवस्था रहेको छ भनेर यस अध्यायमा विश्लेषण गरिएको छ र सोहीअनुसार तालिका सूचिमा राखिएको छ । यस अध्यायमा उत्तरदाताको लैङ्गिक अवस्था, जातिगत अवस्था, धार्मिक अवस्था, वैवाहिक अवस्था, पारिवारिक अवस्था, आश्रममा आउनुपूर्वको बसाइको स्थिति, शैक्षिक अवस्था, वृद्धवृद्धा बस्न उचित स्थान, बुढ्यौली जीवनको विद्यमान अवस्था, वृद्धवृद्धाको आँखामा नयाँ पुस्ता तथा अपेक्षा, जीविकाको स्रोत, आश्रममा शान्तिको अनुभव, समस्या, आश्रममा बस्नुको सहजता, कार्यक्षमता आदिको बारेमा तालिकासूचि साथै चित्र सूचिद्वारा उल्लेख गरिएको छ ।

### ४.१ उत्तरदाताको लैङ्गिक अवस्था

अनुसन्धानमा सहभागी गराइएका उत्तरदाताहरूको लैङ्गिक अवस्थालाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

तालिका नं. ४.१

उत्तरदाताको लैङ्गिक अवस्था

| **लिङ्ग** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| महिला | २६ | ७२.२ |
| पुरुष | १० | २७.८ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार यस अध्ययनका उत्तरदातामध्ये लगभग तीन चौथाइ (७२.२%) महिला रहेका थिए भने मात्र एक चौथाइभन्दा केही धेरै(२७.८%) पुरुष रहेका थिए । यसबाट थाहा हुन्छ कि वृद्धाश्रममा महिलाको स्थिति स्पष्ट देखा पर्छ । नेपाली समाजमा हाल आफ्नो घरपरिवारबाट माया-ममता नपाएर हेलाका अवस्थामा बेसाहारा मात्र वृद्धाश्राम जान्छन् भन्ने मान्यता रहँदै आएको छ ।

## ४.२ उत्तरदाताको जातिगत अवस्था

नेपालमा विद्यमान जाति प्रथा र जातजातिका आ-आफ्ना मूल्य-मान्यता फरक-फरक रहने हुनाले यसले समाजका विभिन्न पक्षमा प्रभाव पार्दछ । अध्ययनमा समाविष्ट क्षेत्रमा रहेको जातिगत अवस्था तलको तालिका देखाइएको छ ।

तालिका नं.४.२

उत्तरदाताको जातिगत अवस्था

| **जात** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| ब्राम्हण | २३ | ६३.९ |
| क्षत्री | ६ | १६.७ |
| गुरुङ्ग | २ | ५.६ |
| नेवार | ३ | ८.३ |
| दलित | १ | २.८ |
| अन्य (बोल्न नसक्ने र त्यहाँ जानिफकार व्यक्तिलाई पनि थाहा नभएको) | १ | २.८ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

अध्ययनमा संलग्न उत्तरदातामध्ये दुईतिहाइ (६३.९%) ब्राम्हण थिए भने ब्राम्हणको तुलनामा अति कम क्षत्री (१६.७%) प्रतिशत, नेवार (८.३%) र सबैभन्दा कम दलित र अन्य जाति (२.८%) बराबर रहेका थिए ।

## ४.३ उत्तरदाताको धार्मिक अवस्था

नेपालमा विभिन्न धर्मावलम्बीहरू रहेका छन् जसले समाजमा प्रभाव परिरहेको छ । अध्ययन समाविष्ट क्षेत्रमा निम्नानुसारको धार्मिक अवस्था रहेको छ ।

चित्र नं. ४.१

उत्तरदाताको धार्मिक अवस्था

प्रस्तुत चित्रअनुसार अध्ययनमा समावेश गरिएको मध्ये अधिकांश मानिसहरू हिन्दू (९४.४%) थिए भने बौद्धहरू २.८ प्रतिशत र अन्य २.८ प्रतिशत रहेको थिए ।

## ४.४ उत्तरदाताको वैवाहिक अवस्था

उत्तरदाताहरूको वैवाहिक स्थिति हेर्दा निम्नअनुसार रहेको छ ।

तालिका ४.३

उत्तरदाताको वैवाहिक अवस्था

| | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| विवाहनभएका | ४ | ११.१ |
| विधवा/विधुर | २४ | ६६.७ |
| सम्बन्धविच्छेद भएका | ३ | ८.३ |
| पतिपत्नी भएका | ५ | १३.९ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

तालिकाअनुसार सो आश्रममा बस्ने मध्ये दुईतिहाइ (६६.७%) विधवा, (१३.९%) जोडि हुँदाहुँदै पनि एक्लै आश्रममा बस्ने, (११.१%) अविवाहित र (८.३%) पारपाचुके गरेका देखिन्छ ।

## ४.५ उत्तरदाताको पारिवारिक अवस्था

आश्रममा रहेका वृद्धवृद्धाहरू मध्ये अधिक एकल परिवारमा रहेका देखिन्छन् भने संयुक्त परिवारमा बस्ने केही कम र अन्यको सङ्ख्या न्यून रहेका छन् ।

तालिक नं.४.४

उत्तरदाताको पारिवारिक अवस्था

| बसाईंको स्थिति | बारम्बारता | प्रतिशत |
|---|---|---|
| एकल | २६ | ७२.२ |
| संयुक्त | ९ | २५.० |
| अन्य | १ | २.८ |
| **जम्मा** | **१** | **२.८** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार करीब तीन चौथाइ (७२.२%) वृद्धवृद्धाहरू एकात्मक परिवारमा बस्दै आएका थिए भने एक चौथाइ (२५%) संयुक्त परिवारमा र जम्मा (२.८%) परिवारको ठेगाना नभएको रहेका देखियो ।

## ४.६ आश्रममा आउनुपूर्वको बसाइको स्थिति

आश्रममा आउनुपूर्व वृद्धवृद्धाहरूको बसाइको स्थिति निम्नअनुसार रहेको पाइयो ।

तालिकानं. ४.५

आश्रम आउनुपूर्वको बसाइको स्थिति


| बसाइको स्थिति | बारम्बारता | प्रतिशत |
|---|---|---|
| एक्लै | १३ | ३६.१ |
| पतिपत्नीसँग | ६ | १६.७ |
| छोरासँग | ५ | १३.९ |
| छोरीसँग | ३ | ८.३ |
| अन्यसँग | ९ | २५.० |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

तालिकाअनुसार एकतिहाइभन्दा धेरै (३६.१%) वृद्धवृद्धाहरू आश्रम आउनुपूर्व पनि एक्लै बसिरहेका थिए भने (१६.७%) श्रीमान् श्रीमतीसँग (१३.९%) छोरासँग (८.३%) छोरीसँग र एकचौथाइ (२५%) अन्य नातेदारसँग बसेका थिए ।

आश्रममा आश्रित वृद्धवृद्धाहरू आश्रममा आउनुपूर्वको बसोबासको स्थिति निम्नानुसार रहेको पाइयो ।

lrq g+= $=@




*स्रोत; कार्यक्षेत्र अध्ययन २०६७*

उक्त चित्रअनुसार आश्रममा आउनुपूर्व झण्डै आधा ४४ प्रतिशत वृद्धाहरू एक्लै बसेकाथिए भने पुरुषमा यो अनुपात एकचौथाइ २७.३ प्रतिशत थियो । श्रीमान् श्रीमतीसँगै बस्नेमा पुरुषको सङ्ख्या २७.३% थियो भने महिलाको सङ्ख्या १२% रहेको थियो । छोरासँग बस्ने महिलाको प्रतिशत २० थियो भने पुरुषहरू भने कोही पनि थिएनन् । सबैभन्दा थोरै ८ प्रतिशत वृद्धाहरू छोरीसँग बसेका थिए भने छोरीसँग कोही पनि वृद्धहरू बसेका थिएनन् । महिलाको तुलनामा धेरै ४५.५ प्रतिशत पुरुषहरू अन्य व्यक्तिका घरमा बसेका थिए भने महिलाको प्रतिशत भने १६ प्रतिशतमात्र थिए ।

## ४.७ वृद्धवृद्धा बस्नका लागि उचित स्थान

वृद्धाश्रम नै वृद्धवृद्धाका लागि उपयुक्त बस्ने ठाउँ बताउने ज्येष्ठ नागरिकहरूका आश्रम समेत अन्य उपयुक्त बासस्थान निम्नअनुसार रहेको पाइयो ।

तालिका नं.४.६

उत्तरदाता बस्नकालागि उचित स्थान

| **उचित स्थान** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| परिवारमा | ७ | १९.४ |
| एक्लै | १ | २.८ |
| वृद्धाश्रम | २७ | ७५.० |
| अन्यसँग | १ | २.८ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

तालिकाअनुसार आश्रममा बसिरहेका तीन चौथाइ(७५%) वृद्धवुद्धाहरू आफ्नो लागि र अन्य वृद्धवृद्धाका लागि पनि बस्न उपयुक्त स्थान वृद्धाश्रम सम्भिmन्छन् भने जम्मा १९.४% ले परिवार, २.८% ले एक्लै र २.८% ले अन्यसँग बस्न उपयुक्त हुने बताएका थिए ।

## ४.८ उत्तरदाताको पारिवारिक स्थिति

अधिकांश बेसाहारा परिवारविहीन उत्तरदाता र थोरैमात्र परिवार भएका तथ्य तलको चित्रले देखाएको छ ।

चित्र नं.४.३

उत्तरदाताको पारिवारिक स्थिति

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

माथिको चित्रअनुसार सो आश्रममा आश्रित वृद्धवृद्धाहरूमध्ये झण्डै दुईतिहाइ (६१.१%) परिवारविहीन र ३८.९% परिवार भएका देखिए ।

## ४.९ वृद्धवृद्धाको शैक्षिक स्थिति

शैक्षिक अवस्थाअनुसार आश्रम अनुशरण गर्ने वृद्धवृद्धाहरूको विस्तृत विवरण निम्नअनुसार रहेको छ ।

तालिका नं.४.७

उत्तरदाताको शैक्षिक स्थिति

| **शैक्षिक स्थिति** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| अशिक्षित | २९ | ८०.६ |
| शिक्षित | ३ | ८.३ |
| अनौपचारिक शिक्षा | २ | ५.६ |
| प्राथमिक तह | २ | ५.६ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

तालिकाअनुसार ८० प्रतिशत भन्दा धेरै (८०.६%) वृद्धवृद्धाहरू निरक्षर, (८.३%) साक्षर र (५.६%) ले अनौपचारिक शिक्षा र जम्मा (५.६%) ले प्राथमिक शिक्षा लिएको देखियो ।

## ४.१० कार्यक्षमताका आधारमा उत्तरदाताहरू

कार्यक्षमताका आधारमा आश्रममा बस्ने उत्तरदाताहरू यस प्रकार रहेका छन् ।

तालिका नं.४.८

उत्तरदाताको काम गर्ने क्षमता

| **कामगर्ने क्षमता** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| सक्छु | १७ | ४७.२ |
| सक्दिन | १९ | ५२.८ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

तालिकाअनुसार शतप्रतिशतमा ४७.२% ले काम गर्न सक्ने बताएका थिए भने ५२.८% ले काम गर्न नसक्ने बताएका थिए ।

## ४.११ आश्रममा हुने भेदभाव तथा झै-झगडा

आश्रममा आश्रित उत्तरदाताका अनुसार आश्रममा हुने भेदभाव तथा झै झगडाका किसिम निम्नानुसार रहेको छ ।

तालिका नं.४.९

उत्तरदाताबीच हुने झगडा तथा भेदभावका किसिम

| भेदभाव | बारम्बारता | प्रतिशत |
|---|---|---|
| जातजातिमा | ६ | १६.७ |
| सक्ने/नसक्नेमा | १५ | ४१.७ |
| स्वथ्य/अस्वथ्यमा | १ | २.८ |
| थाहा नभएको | १४ | ३८.९ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोत; कार्यक्षेत्र अध्ययन २०६७*

तालिकाअनुसार कहिलेकाहीं आश्रममा बसेका वृद्धवृद्धाहरूबीच भेदभाव र झै-झगडा हुन्छ भनी बताउने ३६ मध्ये (४१.७%) ले सक्ने र नसक्ने बीच भेदभाव र झै-झगडा हुने बताए भने (१६.७%) ले जातीय भेदभाव र झै-झगडा हुने तथा (२.८%) ले स्वथ्य र अस्वस्थबीच भेदभाव र झै-झगडा हुने बताए साथै ३८.९% ले कुन कुरामा झगडा हुन्छ भन्ने थाहा नभएको बताएका थिए ।

## ४.१२ दैनिक कार्यका लागि सहयोगको आवश्यकता

आश्रममा आश्रित वृद्धवृद्धाहरूलाई दैनिक कार्यका लागि निम्न प्रकारका सहयोगको आवश्यकता पर्ने गरेको पाइयो ।

तालिका नं. ४.१०

उत्तरदातालाई दैनिक कार्यका लागि आवश्यक सहयोग

| सहयोग | बारम्बारता | प्रतिशत |
|---|---|---|
| सबै किसिमका | ५ | १३.९ |
| हिंडडुल गर्न | ३ | ८.३ |
| अन्य | ५ | १३.९ |

| | | |
|---|---|---|
| थाहा नभएको | २३ | ६३.९ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

तालिकाअनुसार दैनिक कार्यको लागि सहयोग आवश्यकता पर्ने बताएका ३६ वृद्धवृद्धाहरूमध्ये (१३.९%) लाई सबै कामको लागि सहयोग चाहिने (८.३%) लाई हिंड्डुल गर्न मात्र सहयोग चाहिने बताएका थिए भने १३.९% ले अन्य सहयोग र ६३.९% ले थाहा नभएको बताएका थिए ।

## ४.१३ बुढ्यौली जीवनको विद्यमान अवस्था

आश्रममा उत्तरदाताहरूको बुढ्यौली जीवन निम्नानुसार रहेको छ ।

तालिका नं. ११

उत्तरदाताको बुढ्यौली जीवनको विद्यमान अवस्था

| बुढ्यौली जीवन | बारम्बारता | प्रतिशत |
|---|---|---|
| ज्यादै गाह्रो | २१ | ५८.३ |
| सजिलो | ५ | १३.९ |
| सामान्य गाह्रो | १० | २७.८ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार आधाभन्दा धेरै उत्तरदाता (५८.३%) ले बुढ्यौली जीवन जिउन धेरै गाह्रो हुने बताएका थिए भने एक चौथाइभन्दा धेरै (२७.८%) ले बुढ्यौली जीवन बिताउन केही गाह्रो अनुभव भएको बताए तर पनि (१३.९%) वृद्धवृद्धा भने आफ्नो उत्तरार्द्धको जीवन सहज नै रहेको बताएका थिए ।

## ४.१४ वृद्धवृद्धाको आँखामा नयाँ पुस्ता र सहयोगको अपेक्षा

आश्रममा आश्रित वृद्धवृद्धाको आँखामा नयाँ पुस्ता र सहयोगको अपेक्षा यस्तो रहेको छ ।

तालिका नं.४.१२

वृद्धवृद्धाले अपेक्षा गरेको सहयोग

| | बारम्बारता | प्रतिशत |
|---|---|---|
| आर्थिक सहयोग | २ | ५.६ |
| सहयोगी | ५ | १३.९ |

| | | |
|---|---|---|
| आवश्यक छैन | २९ | ८०.१ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार ८० दशमलव ६ प्रतिशत वृद्धवृद्धाले नयाँ पुस्ताले वृद्धवृद्धालाई हेर्ने दृष्टिकोण सामान्य रहेको बताए भने १९.४% ले राम्रो दृष्टिकोणले युवापुस्ताले हेर्ने गरेको बताए । सो आश्रममा रहेका जम्मा १३.९% ले मात्र सहयोगको अपेक्षा राखेका थिए । जसमध्ये ५.६% ले आर्थिक सहयोग र ८१.१% ले कुनै पनि सहयोगको अपेक्षा गरेका छैनन् ।

## ४.१५ बासस्थानका आधारमा वृद्धवृद्धाहरूको गतिविधि विश्लेषण

बासस्थानका आधारमा वृद्धवृद्धाको गतिविधि निम्नानुसार रहेको छ ।

तालिका नं. ४.१३

बासस्थानका आधारमा वृद्धवृद्धाहरूको गतिविधि

| **वृद्धहरूको लागि उपयुक्त स्थान** | **लैङ्गिकता** | | | |
|---|---|---|---|---|
| | **पुरुष** | | **महिला** | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| परिवार | 3 | 27=3 | 2 | 8 |
| एक्लै | 2 | 18=2 | 1 | 4 |
| वृद्धाश्रम | 6 | 54=6 | 21 | 84 |
| अन्य | 0 | 0 | 1 | 4 |
| **जम्मा** | **11** | **100** | **25** | **100** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार ज्येष्ठ नागरिकका लागि राम्रो स्थानका बारेमा प्रश्न गर्दा ८४% महिलाहरूको आश्रममा बस्न रूचि भएको पाइयो भने ५४ प्रतिशत पुरुषहरू आश्रममा बस्न राम्रो भन्ने पाइयो । परिवारमा बस्न मन पराउने पुरुष २७.३ प्रतिशत थिए भने महिलाको ८ प्रतिशतमात्र थियो भने एक्लै बस्न राम्रो भन्नेमा पुरुष १८.२ प्रतिशत थिए भने महिलाको ज्यादै न्यून ४ प्रतिशत मात्रै थियो ।

## ४.१६ शैक्षिक आधारमा विश्लेषण

आश्रित वृद्धवृद्धाहरूको शैक्षिक स्थिति निम्नानुसार रहेको छ ।

तालिका नं. ४.१४

लैङ्गिक आधारमा शैक्षिक स्थिति

| **शिक्षा** | **लैङ्गिकता** | | | |
|---|---|---|---|---|
| | **पुरुष** | | **महिला** | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| निरक्षर | 5 | 45=5 | 24 | 96 |

| | | | | |
|---|---|---|---|---|
| साक्षर | 2 | 18=2 | 1 | 4 |
| अनौपचारिक शिक्षा | 1 | 9=1 | 0 | 0 |
| प्राथमिक | 3 | 27=3 | 0 | 0 |
| **जम्मा** | **11** | **100** | **25** | **100** |


*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार शैक्षिक आधारमा हेर्दा अशिक्षित सङ्ख्या महिला ९६ प्रतिशत थिए भने पुरुष झण्डै आधा ४५.५ प्रतिशत थिए । प्राथमिक तह अध्यन गर्नेमा पुरुष २७.३ प्रतिशत थिए भने महिला ० प्रतिशत थिए । साधारण लेखपढ गर्न जान्नेमा पुरुष १८.२ प्रतिशत थिए भने महिला ४ प्रतिशत थिए अनौपचारिक शिक्षामा पुरुष ९.१ प्रतिशत र महिला ० प्रतिशत थिए यसरी हेर्दा शिक्षाको आधारमा पुरुष धेरै अगाडि देखिए भने महिला ज्यादै पछि परेको देखियो ।

## ४.१७ जीविकाको स्रोतका आधारमा

आश्रित वृद्धवृद्धाहरूको जीविकाको स्रोत निम्नानुसार रहेको छ ।

चित्र नं. ४.४




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार जीविकाको स्रोत हेर्दा आश्रममै आश्रित पुरुष ९०.९ प्रतिशत थिए भने महिला ७२ प्रतिशत थिए । अन्य स्रोत हुने महिला १२ प्रतिशत थिए भने पुरुष ० प्रतिशत थिए । आफैंले काम गरेर चलाउनेमा पुरुष ९.१ प्रतिशत र महिला ४१ प्रतिशत थिए । आफ्नै सम्पत्तिबाट चलाउने महिला ८ प्रतिशत थिए भने पुरुष ० प्रतिशत थिए ।

पेन्सनबाट चलाउनेमा महिला ४ प्रतिशत र पुरुष ० प्रतिशत थिए ।

## ४.१८ आश्रममा शान्तिको अनुभवसम्बन्धी धारणा

आश्रित वृद्धवृद्धाहरूले आश्रममा बसेर गरेको शान्तिको अनुभव यस प्रकार छ ।

तालिका नं. ४.१५

लैङ्गिक आधारमा आश्रममा शान्तिको अनुभव

| आश्रममा शान्तिको अनुभव | लैङ्गिकता | | | |
|---|---|---|---|---|
| | पुरुष | | महिला | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छ | 9 | 81=8 | 25 | 100 |
| छैन | 2 | 18=2 | 0 | 0 |
| **जम्मा** | **11** | **100** | **25** | **100** |


*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार के आश्रममा शान्तिको अनुभव गर्नुभएको छ भन्ने प्रश्नको जवाफमा छ भन्नेमा महिला १०० प्रतिशत सबैजना पाइयो भने पुरुष ८१.८ प्रतिशत थिए र छैन भन्नेमा पुरुष १८.२ प्रतिशत थिए भने महिला ० प्रतिशत थिए ।

## ४.१९ आश्रममा बस्दाका समस्या

आश्रित वृद्धवृद्धाहरूलाई आश्रममा बस्दा परेका समस्या निम्नानुसार रहेको छ ।

चित्र नं. ४.५




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*


प्रस्तुत चित्रअनुसार आश्रममा समस्या छ कि छैन भन्ने प्रश्न गर्दा समस्या छैन भन्नेमा महिला १०० प्रतिशत सबैजना थिए भने पुरुष ८१.८ प्रतिशत थिए र समस्या छ भन्नेमा पुरुष १८.२ प्रतिशत थिए भने महिला ० प्रतिशत थिए ।

## ४.२० वृद्धवृद्धाहरू बस्नको लागि उचित स्थान

आश्रममा आश्रित वृद्धवृद्धाहरू बस्नका लागि उचित स्थानको आधारमा विश्लेषण निम्नानुसार रहेको छ ।

चित्र नं. ४.६

**उमेरगत आधारमा आश्रममा आश्रित वृद्धवृद्धाहरू बस्नका लागि उचित स्थान**




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार दुईतिहाइ ६६.७ प्रतिशत ६० वर्ष उमेर भित्रका आश्रममा बस्ने वृद्धवृद्धाहरूको विचारमा वृद्धवृद्धाहरू बस्न उपयुक्त स्थान वृद्धाश्रम हो भने सो उमेर समूहका एक तिहाइ ३३.३ प्रतिशतले भने परिवारलाई उपयुक्त स्थान मानेका थिए । वृद्धाश्रम उपयुक्त भन्ने ६० देखि ७० वर्ष उमेर समूहका ८७.५ प्रतिशत ७० देखि ८० वर्ष उमेर समूहका तीन चौथाइभन्दा धेरै ७८.६ प्रतिशत, ८० देखि ९० वर्ष उमेर समूहका ८० प्रतिशत र ९० भन्दा माथिका एकतिहाइ ३३.३ प्रतिशत थिए ।

## ४.२१ उमेरगत आधारमा वृद्धवृद्धाहरूले सम्पन्न गर्नसक्ने कामको विश्लेषण

उमेरगत आधारमा आश्रित वृद्धवृद्धाले गर्नसक्ने काम निम्नानुसार रहेको छ ।

तालिका नं. ४.१६

उमेरगत आधारमा वृद्धवृद्धाहरूले गर्नसक्ने काम

| | **उमेर समूह** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | *६० वर्षसम्म* | | *६०-७० वर्ष* | | *७०-८० वर्ष* | | *८०-९० वर्ष* | | *९० भन्दा माथि* | |
| **काम गर्न सक्ने क्षमता** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| कृषि | १ | २० | १ | २० | १ | १६.७ | ० | ० | ० | ० |
| पुजारी | १ | २० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामान्य | १ | २० | ४ | ८० | ५ | ८३.३ | १ | १०० | ० | ० |
| अन्य | २ | ४० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | ६ | १०० | ८ | १०० | १४ | १०० | ५ | १०० | ३ | १०० |


*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार दैनिक साधारण काम गर्नसक्ने अवस्थामा शतप्रतिशत ८० देखि ९० भित्रका वृद्धवृद्धा थिए भने ७० देखि ८० वर्षभित्रका ८३.३ प्रतिशत तथा ६० देखि ७० वर्ष उमेर समूहका ८० प्रतिशत मात्र थिए । पोखरा वृद्धाश्रममा रहेका ६० देखि ७० वर्षभित्रका जम्मा २० प्रतिशत वृद्धवृद्धामात्र कृषि काम गर्नसक्ने अवस्थामा थिए भने ७० देखि ८० वर्ष समूहमा यसको मात्रा १६.७ प्रतिशतमात्र थियो । ८० देखि ९० वर्ष उमेर समूहका कुनैपनि वृद्धवृद्धा कृषि कार्य गर्नसक्ने अवस्थामा थिएनन् ।

## ४.२२ उमेरगत आधारमा दैनिक कार्यका लागि सहयोगको आवश्यकता

आश्रित वृद्धवृद्धाहरूको उमेरका आधारमा दैनिक कार्यका लागि निम्नानुसारको आवश्यकता पर्दछ ।

चित्र नं.४.७





*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार सबैभन्दा धेरै ८० देखि ९० वर्षभित्रका ८० प्रतिशत, ९० वर्ष माथिका दुईतिहाइ ६६.७ प्रतिशत, ७० देखि ८० वर्ष समूहका ४२.९ प्रतिशत र ६० देखि ७० वर्ष समूहका सबैभन्दा थोरै एकचौथाइ २५ प्रतिशत वृद्धवृद्धालाई दैनिक कार्यका लागि सहयोगको आवश्यकता रहेको बताएका थिए । अन्य वृद्धवृद्धाहरू भने आफ्ना दैनिक काम आफैं गर्नसक्ने अवस्थामा थिए ।

## ४.२३ उमेरगत हिसाबमा वृद्ध अवस्था र जीवन बाँच्नुको सहजता विश्लेषण

उमेरका आधारमा वृद्ध अवस्था र जीवन बाँच्नुमा सहजता निम्न अनुसार छ ।

चित्र नं.४.८





*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार ६० वर्षदेखि ७० वर्ष समूहका शतप्रतिशत ७० देखि ८० वर्ष समूहका ८५.७ प्रतिशत,८० देखि ९० वर्षाका ८० प्रतिशत र दुईतिहाइ ९० वर्ष माथिका वृद्धवृद्धाहरूले वृद्ध भएर बाँच्न गाह्रो भएको बताएका थिए अन्य वृद्धवृद्धा भने जीवन सहजै भएको बताएका थिए ।

## ४.२४ आश्रममा बस्नुको सहजतामा उमेरगत विश्लेषण

चित्र नं.४.९




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार ९० वर्ष माथिमा शतप्रतिशत ६० वर्षसम्मका शतप्रतिशत, ७० देखि ८० वर्षमा शतप्रतिशत र ६० देखि ७० वर्षमा ८७.५ प्रतिशत र ८० देखि ९० वर्ष उमेर समूहका ८० प्रतिशत वृद्धवृद्धाहरूले आश्रममा कुनै पनि समस्या नभएको तथा सहज रूपमा जीवनयापन भइरहेको बताएका थिए ।

## ४.२५ शिक्षाको आधारमा वैवाहिक अवस्थाको विश्लेषण

आश्रित वृद्धवृद्धाको शिक्षाको आधारमा वैवाहिक अवस्था यस प्रकार रहेको छ ।

चित्र नं. ४.१०

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार शतप्रतिशत अविवाहित, ८७.५७ प्रतिशत विधवा/विधुर एवं श्रीमान्/श्रीमतीसँग भएका ८० प्रतिशत वृद्धवृद्धाहरू थिए भने ४.२ प्रतिशत विधवा/विधुर साक्षर तथा ८.३ प्रतिशत प्राथमिक शिक्षा लिएका थिए । पारपाचुके गरेका मध्ये दुईतिहाइ ६६.२ प्रतिशतमात्र साक्षर थिए भने एकतिहाइ ३३.३ प्रतिशतले प्राथमिक शिक्षा लिएका थिए । पारपाचुके गर्ने शतप्रतिशत वृद्धवृद्धाहरू साक्षर थिए । हाल श्रीमान्/श्रीमती हुँदै भएका मध्ये २० प्रतिशतले औपचारिक शिक्षा लिएका थिए ।

## ४.२६ वैवाहिक अवस्थाको आधारमा आश्रममा आउनुपूर्वको अवस्था विश्लेषण

आश्रित वृद्धवृद्धाको वैवाहिक अवस्थाको आधारमा आश्रममा आउनुपूर्व विवाहितमध्ये सबैभन्दा धेरै तीन चौथाइ ७५ प्रतिशत आफ्नो श्रीमान्/श्रीमती, छोरा/छोरीसँग नबसी अन्यत्रै बसेका थिए भने एक चौथाइ २५ प्रतिशत एक्लै बसेका थिए । विधवा/विधुर वृद्धवृद्धाहरू मध्ये सबैभन्दा धेरै ४.७ प्रतिशत एक्लै बसेका, २०.८ प्रतिशत श्रीमान्/श्रीमति भएर बसेका तथा त्यति नै अनुपातमा अन्यत्रै बसेका थिए भने छोरासँग बस्ने भने मात्र १६.७ प्रतिशत थिए । वृद्धवृद्धामध्ये दुईतिहाइ ६६.७ प्रतिशत एक्लै बसेका थिए भने एकतिहाइ ३३.३ प्रतिशत छोरीसँग बसेका बताएका थिए । श्रीमान्/श्रीमति छँदै भएका वृद्धवृद्धामध्ये एक्लै बस्ने, श्रीमान्/श्रीमतीसँग बस्ने, छोरीसँग बस्ने, छोरासँग बस्ने र अन्यत्रै बस्ने २० प्रतिशत थियो ।

## ४.२७ वैवाहिक आधारमा काम गर्नसक्ने क्षमता

वैवाहिक आधारमा काम गर्नसक्ने क्षमता निम्न रहेको छ ।

चित्र नं. ४.११

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त चित्रअनुसार विधवा/विधुर मध्ये सबैभन्दा धेरै ६९.२ प्रतिशतले साधारण कार्य गर्नसक्ने लगभग एक चौथाइ २३.१ प्रतिशतले कृषि कार्य गर्नसक्ने बताएका थिए भने पारपाचुके गरेका मध्ये साधारण र अन्य काम गर्नसक्ने वृद्धवृद्धाको अनुपात बराबर ३०/३० प्रतिशत थियो । श्रीमान्/श्रीमती दुवै बसेका मध्ये पुजारीको काम तथा साधारण काम गर्नसक्नेहरूको अनुपात ५०/५० प्रतिशत रहेको पाइएको थियो ।

## ४.२८ वैवाहिक अवस्थाको आधारमा जीविकाको स्रोत

वैवाहिक अवस्थाको आधारमा जीविकाको स्रोत निम्नअनुसार रहेका छन् ।

तालिका नं.४.१७

वैवाहिक अवस्थाको आधारमा जीविकाको स्रोत

| **जीविकाको स्रोत** | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **अविवाहित** | | **विधवा** | | **पारपाचुके** | | **दुवै जीवित** | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| आफैं काम गरेर | ० | ० | ० | ० | १ | ३३.३ | १ | २० |
| आफ्नै सम्पत्तिबाट | ० | ० | २ | ८.३ | ० | ० | ० | ० |
| पेन्सन | ० | ० | १ | ४.२ | ० | ० | ० | ० |
| आश्रम | ४ | १०० | १९ | ७९.२ | २ | ६६.७ | ३ | ६० |
| अन्य | ० | ० | २ | ८.३ | ० | ० | १ | २० |
| **जम्मा** | ४ | १०० | २४ | १०० | ३ | १०० | ५ | १०० |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार अविवाहित शतप्रतिशत १०० प्रतिशत वृद्धावृद्धाहरूको जीविकाको स्रोत आश्रम नै हो भने ७९.२ प्रतिशत विधुर/विधवा दुईतिहाइ ६६.७ प्रतिशत पारपाचुके गरेको र ६० प्रतिशत श्रीमान्/श्रीमती दुवै भएका वृद्धवृद्धाको जीविका आश्रम माथि नै निर्भर थियो । एकतिहाइ ३३.३ प्रतिशत पारपाचुके गरेका र २० प्रतिशतसँगै बसेका वृद्धवृद्धाहरू भने आफैं काम गरेर जीविका चलाएका थिए । ८.३ प्रतिशत विधुर/विधवाले आफ्नै सम्पत्तिबाट जीविका चलाएका र २० प्रतिशत श्रीमान्/श्रीमती हुने तथा ८.३ प्रतिशत विधुर/विधवाले अन्य स्रोतबाट जीविका चलाएको बताएका थिए ।

## ४.२९ वैवाहिक अवस्था र दैनिक कार्यमा सहयोगको आवश्यकता

आश्रममा आश्रित वृद्धवृद्धाहरूको अवस्था र दैनिक कार्यमा सहयोगको आवश्यकता निम्न रहेको छ ।

तालिका नं.४.१८

वैवाहिक स्थितिका आधारमा दैनिक कार्यमा सहयोग

| | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | *अविवाहित* | | *विधवा* | | *पारपाचुके* | | *दुवै जिवित* | |
| **दैनिक कार्य गर्न सहयोग** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| आवश्यक पर्दछ | २ | ५० | ९ | ३७.५ | १ | ३३.३ | ४ | ८० |
| आवश्यक पर्दैन | २ | ५० | १५ | ६२.५ | २ | ३६.७ | १ | २० |
| **जम्मा** | ४ | १०० | २४ | १०० | ३ | १०० | ५ | १०० |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार दुईतिहाइ ६६.७ प्रतिशत परापाचुके गरेका,६२.५ प्रतिशत विधवा/विधुर तथा आधा ५० प्रतिशत अविवाहितहरूलाई दैनिक कामको लागि सहयोग नचाहिने बताएका थिए भने ८० प्रतिशत श्रीमान्/श्रीमती दुवै बाँचेकाहरूले दैनिक कार्यको लागि पनि सहयोग चाहिने बताएका थिए ।

## ४.३० वैवाहिक आधारमा वृद्धजीवनको मूल्याङ्कन

आश्रित वृद्धवृद्धाहरूको वैवाहिक आधारमा वृद्धजीवनको मूल्याङ्कन निम्नानुसार छ ।

चित्र नं. ४.१२

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

शतप्रतिशतमा पारपाचुके गरेका,६० प्रतिशत दुवै बाँचेका, ८२.५ प्रतिशत विदुर/विधवा तथा शतप्रतिशत अविवाहितहरू वृद्ध भएर बाँच्न धेरै गाह्रो भएको बताएका थिए ।

## ४.३१ आश्रममा हुँदा शान्तिको अनुभव र वैवाहिक अवस्था

चित्र नं. ४.१३

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त चित्रअनुसार शतप्रतिशत अविवाहित र श्रीमान्/श्रीमती दुवै बाँचेका तथा ९५.८ प्रतिशत विधुर/विधवा आश्रममा बस्दा शान्तिको अनुभव गरेको थिए भने पारपाचुके गर्ने मध्येको अनुपात ६६.७ प्रतिशतमा थियो ।

## ४.३२ आश्रममा बस्दा समस्या र वैवाहिक अवस्था

तालिका नं. ४.१९

वैवाहिक स्थितिका आधारमा आश्रममा कठिनाइ

| | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | *अविवाहित* | | *विधवा* | | *पारपाचुके* | | *दुवै जीवित* | |
| **वृद्धावस्थामा कठिनाइ** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| छन् | ० | ० | १ | ४.२ | १ | ३३.३ | ० | ० |
| छैनन् | ४ | १०० | २३ | ९५.८ | २ | ६६.७ | ५ | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ४ | १०० | २४ | १०० | ३ | १०० | ५ | १०० |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार शतप्रतिशत अविवाहित र दुवै बाँचेका तथा ९५.८ प्रतिशत विधुर/विधुवी तथा ६६.७ प्रतिशत पारपाचुके गरेकाले आश्रममा केही पनि समस्या नभएको बताएका थिए भने एकतिहाइ ३३.३ प्रतिशत पारपाचुके गरेका र ४.२ प्रतिशत विधुर/विधवाले आश्रममा बस्न समस्या भएको बताएका थिए ।

वैयक्तिक अध्ययन-१

"छोरा ठूलो भएपछि लिन आउला नि ।"

*कास्की जिल्लाको भलाम घर भई हाल आश्रममा बस्नुभएका नीरबहादुर तिमिल्सिना ८३ वर्ष पुग्नुभयो, उहाँको पढ्दै गरेको छोरा छ । छोरालाई एस.ओ.एस हरमन माइनर स्कुलले पढाइदिएको छ । उहाँ अशक्त भएको कारण आफै गरेर खान नसकेको कारण आश्रममा आश्रय लिन आउनुभयो । उहाँ छोराले ठूलो भएपछि आफूलाई हेर्ला कि भन्ने आशामा आश्रममा छोरा कुरेर बसिरहनु भएको छ ।*

वृद्ध अवस्थामा पनि आफ्नो सन्तानको आशा गरेर बस्ने बाध्यता वृद्धवृद्धाहरूमा रहेको यस अध्ययनमा देखिएको छ ।

वैयक्तिक अध्ययन-२

"छोरा आए गाउँमै जान्छु ।"

*कास्की जिल्ला पुम्दीभुम्दी गाविस घर भएका मुक्तिनाथ बराल ७१ वर्ष पुग्नुभयो । घरमा अचल सम्पत्तिका नाममा अलिअलि जग्गा भएपनि आफू अशक्त भएको कारण खेतीपाती गर्न सक्नुहुन्न । श्रीमती बितिसक्नुभयो । एउटा छोरा थियो । त्यो पनि हरायो कता गयो, कता । उहाँले छोराको खोजी गर्दै हिंड्दै उहाँ अशक्त हुनुभयो । परिवारका अन्य कोही सहयोगी नभएको कारण वृद्धाश्रममा आउनुभयो । अझै उहाँलाई छोरा आउँछ कि भन्ने झीनो आशा छ । उहाँ भन्नुहुन्छ छोरा आयो भने आश्रममा बस्दिन छोरासँगै गएर बस्छु ।*

वृद्धवृद्धाहरू परिवार भएसम्म परिवारसँगै बस्न मन पराउने यस अध्ययनले देखाएको छ ।

# अध्याय- पा“च

## वृद्धवृद्धाहरू आश्रममा आउनाका कारण विश्लेषण

यस अध्यायमा वृद्धवृद्धाहरू परिवारसँगै नबस्नुका कारण, आश्रममा बस्नुपर्नाको कारण आदि राखिएको छ ।

### ५.१ परिवारसँगै नबस्नुका कारण

जीवनको उत्तरार्द्धमा आएर घरपरिवारसँग बस्न नसक्ने कारणहरूलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

तालिका नं. ५.१

उत्तरदाता परिवारसँग नबस्नुका कारण

| परिवारसँग नबस्नुका कारण | बारम्बारता | प्रतिशत |
|---|---|---|
| कसैले वास्ता नगरेर | १० | २७.८ |
| आयस्रोत नभएर | ३ | ८.३ |
| खानपिन नमिलेर | १ | २.८ |
| अन्य कारणले | २२ | ५८.३ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार दुईतिहाइभन्दा धेरै (६६.७%) वृद्धवृद्धाहरूलाई परिवारको सदस्यहरूले चासो नदिने वा हेला गरेको, २०% को आफ्नो आम्दानी नभएको र मात्र ६.७% को खाना खाने बानीब्यहोरा नमिलेको कारण आश्रम आएको बताएका थिए भने २२% अन्य कारणले परिवारसँग नबसेको पाइयो । यी विभिन्न कारणले गर्दा वृद्धवृद्धाहरू परिवारसँगै नबसेको पाइयो ।

## ५.२ आश्रममा बस्नुपर्नाको कारण

वृद्धवृद्धाहरू आश्रममा आउनाका कारणहरू यस प्रकार रहेको छ ।

तालिका नं. ५.२

उत्तरदाता आश्रममा बस्नुपर्नाको कारण

| **आश्रमा बस्नुको कारण** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| एक्लैभएर | १९ | ५२.८ |
| आयस्रोत नभएर | ५ | १३.९ |
| परिवारले हेलागरेर | ८ | २२.२ |
| अशक्त भएर | ३ | ८.३ |
| शान्ति चाहेर | १ | २.८ |


*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार आधाभन्दा धेरै (५२.८%) वृद्धवृद्धाले एक्लै भएको कारण साहाराको खोजीमा आश्रम आएको बताएका थिए भने झन्डै एक चौथाइ (२२.२%) ले आफू परिवारबाट बहिस्कृत भएको कारण आश्रम आएको, (१३.९%) आयस्रोतको अभावमा आश्रम आएको, (८.३%) अशक्त भएको कारण आश्रममा आएको बताएका थिए भने मात्रै (२.८%) ले शान्तीको खोजीमा आश्रममा आएको बताएका थिए । तर पनि लगभग (९४.४५%) ले आश्रममा आएपछि शान्तिको अनुभव गरेको बताएका थिए ।

## ५.३ परिवारसँग नबस्नाको कारणका आधारमा विश्लेषण

वृद्धवृद्धाहरू परिवारसँग नबस्नाका कारणका निम्नअनुसार देखाइएको छ ।

चित्र नं.५.१




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार परिवारसँग नबस्नेका कारण कसैले वास्ता नगरेर भन्ने महिला९०.९ प्रतिशत थिए भने पुरुषको सङ्ख्या आधाभन्दा कम ४० प्रतिशत थिए । आयस्रोत नभएर भन्ने पुरुष ४० प्रतिशत थिए भने महिला ० प्रतिशत थिए खानपिन नमिलेर भन्नेमा पुरुष २० प्रतिशत थिए भने महिला ० प्रतिशत थिए । अन्य कारणमा महिला ९.१ प्रतिशत थिए भने पुरुष ० प्रतिशत थिए ।

## ५.४ वृद्ध भएर बाँच्न कत्तिको गाह्रो छ

वृद्धवृद्धा भएर बाँच्न कत्तिको गाह्रो हुन्छ भन्ने अनुभव निम्नानुसार छ ।

तालिका नं. ५.३

लैङ्गिक आधारमा वृद्ध भएर बाँच्नमा गाह्रोको अनुभव

| **दैनिक क्रियाकलापमा सहयोगको आवश्यकता** | **लैङ्गिकता** | | | |
|---|---|---|---|---|
| | **पुरुष** | | **महिला** | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| पर्दछ | 6 | 54=5 | 10 | 40 |
| पर्दैन | 5 | 45=5 | 15 | 60 |
| **जम्मा** | 11 | 100 | 25 | 100 |


*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

निम्न तालिकाअनुसार वृद्ध भएर बाँच्न कत्तिको गाह्रो छ भन्ने प्रश्न गर्दा ज्यादै गाह्रो छ भन्नेमा महिला ६८ प्रतिशत थिए भने पुरुष ३६.४ प्रतिशत थिए । त्यस्तै गाह्रो छ भन्नेमा पुरुष ३६.४ प्रतिशत र महिला २४ प्रतिशत थिए । यसैगरी गाह्रो छैन भन्नेमा पुरुष २७.३ प्रतिशत र महिला ८ प्रतिशत थिए ।

## ५.५ वृद्धाश्रममा आउनाको कारणका आधारमा

आश्रित वृद्धवृद्धाहरू आश्रममा आउनाका कारण निम्नानुसार रहेको छ।

चित्र नं.५.२




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार वृद्धाश्रम आउनाका कारण एक्लो भएर भन्नेमा पुरुष ७२.७ प्रतिशत र महिला ६० प्रतिशत थिए भने आयस्रोत नभएर भन्नेमा महिला १६ प्रतिशत र पुरुष ९.१ प्रतिशत थिए। परिवारले हेला गरेर भन्नेमा महिला १६ प्रतिशत थिए भने पुरुष ० प्रतिशत थिए र अशक्त भएर भन्नेमा पुरुष ९.१ प्रतिशत थिए भने महिला ८ प्रतिशत रहेका थिए। यसरी हेर्दा एक्लो भएको कारण आश्रममा आउनेको सङ्ख्या ज्यादा भएको पाइयो अन्य कारणले आश्रम आउनेको सङ्ख्या पुरुष ९.१ प्रतिशत थिए भने महिला ० प्रतिशत थिए।

## ५.६ उमेरगत हिसाबमा आश्रममा आउनुको कारण विश्लेषण

आश्रित वृद्धवृद्धाहरूका उमेरगत हिसाबमा आश्रममा आउनाका निम्न कारणहरू रहेका छन् ।

तालिका नं. ५.४

आश्रममा आउनुको कारण

| | **उमेर समूह** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | *६० वर्षसम्म* | | *६०-७० वर्ष* | | *७०-८० वर्ष* | | *८०-९० वर्ष* | | *९० भन्दा माथि* | |
| **आश्रममा आउनुको कारण** | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| एक्लो भएर | 1 | 16=7 | 5 | 62=5 | 10 | 71=4 | 5 | 100 | 2 | 66=7 |
| आयस्रोत नभएर | 2 | 33=3 | 0 | 0 | 3 | 21=4 | 0 | 0 | 0 | 0 |
| परिवारले हेला गरेर | 2 | 33=3 | 2 | 25 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| खानपिन नमिलेर | 1 | 16=7 | 0 | 0 | 1 | 7=1 | 0 | 0 | 1 | 33=3 |
| अन्य | 0 | 0 | 1 | 12=5 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **जम्मा** | 6 | 100 | 8 | 100 | 14 | 100 | 5 | 100 | 3 | 100 |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार शतप्रतिशत (१०० प्रतिशत) ८० देखि ९० वर्षका वृद्धवृद्धा, ७१.६ प्रतिशत ७० देखि ८० वर्ष समूहका वृद्धवृद्धा, दुईतिहाइ (६६.७ प्रतिशत) ९० वर्षमाथिका वृद्धवृद्धा र ६२.३ प्रतिशत ६० देखि ७० वर्ष भित्रका वृद्धवृद्धा एक्लै भएर आश्रम आएको बताएका थिए भने २१.७ प्रतिशत ७० देखि ८० वर्ष उमेर समूहका वृद्धवृद्धाले आम्दानी नभएर, एकचौथाइ २५ प्रतिशत ६० देखि ७० वर्षकाले परिवारले हेला गरेर, एकतिहाइ (३३.३ प्रतिशत) ९० वर्षमाथिकाले अशक्त भएर तथा १२.५ प्रतिशत ६० देखि ७० वर्षका वृद्धवृद्धा अन्य कारणले गर्दा आश्रममा आएको बताएका थिए ।

## ५.७ वैवाहिकस्थितिका आधारमा परिवारसँग नबस्नुका कारण

आश्रितका वैवाहिक स्थितिका आधारमा परिवारमा नबस्नुका कारण निम्न रहेका छन् ।

तालिका नं. ५.५

वैवाहिक स्थितिका आधारमा परिवारसँग नबस्नुका कारण

| **परिवारसँग नबस्नुको कारण** | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **अविवाहित** | | **विधवा** | | **पारपाचुके** | | **दुवै जीवित** | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| बेवास्ता गरेर | ० | ० | ६ | ७५ | १ | ५० | ५ | १०० |
| आयस्रोत नभएर | १ | १०० | १ | १२.५ | ० | ० | ० | ० |
| खाना खाने बानी | ० | ० | ० | ० | १ | ५० | ० | ० |
| अन्य | ० | ० | १ | १२.५ | ० | ० | ० | ० |
| **जम्मा** | १ | १०० | ८ | १०० | २ | १०० | ५ | १०० |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार शतप्रतिशत अविवाहित वृद्धवृद्धाहरू आयस्रोतको अभावले, शतप्रतिशत श्रीमान्/श्रीमती भएका वृद्धवृद्धाहरू परिवारबाट हेला भएर, तीन चौथाइ (७५ प्रतिशत) एकल वृद्धवृद्धा परिवारले हेला गरेर तथा आधा (५० प्रतिशत) पारपाचुके गरेका वृद्धवृद्धा पनि परिवारले हेला गरेर आश्रममा आएको बताएका थिए । फरक खानपानले गर्दा आश्रममा आउने वृद्धवृद्धाहरू भने पारपाचुके गरेका मध्ये आधा (५० प्रतिशत) मात्र थिए ।

## ५.८ वैवाहिक स्थितिका आधारमा समाजबाट टाढिएको अनुभव गर्ने वृद्धवृद्धा

आश्रममा रहेका अविवाहित वृद्धवृद्धामध्ये तीनचौथाइ (७५ प्रतिशत) ले समाजबाट टाढिएको अनुभव गरेका छैन भने विधुर/विधवा र पारपाचुके गर्ने वृद्धवृद्धामा यो अनुपात १०० प्रतिशत नै छ भने श्रीमान्/श्रीमती दुवै भएकामा यो अनुपात ८० प्रतिशत रहेको थियो ।

## ५.९ आश्रममा बस्नुको कारण र वैवाहिक अवस्था

तालिका नं. ५.६

वैवाहिक स्थितिका आधारमा आश्रममा बस्नुको कारर्ण

| | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **अविवाहित** | | **विधवा** | | **पारपाचुके** | | **दुवै जीवित** | |
| **आश्रममा बस्नुको कारण** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| एक्लै भएर | 3 | 75 | 18 | 75 | 2 | 66=7 | 0 | 0 |
| आयस्रोत नभएर | 0 | 0 | 3 | 12=5 | 1 | 33=3 | 1 | 20 |
| परिवारले हेला गरेर | 0 | 0 | 2 | 8=3 | 0 | 0 | 2 | 40 |
| खानपिन नमिलेर | 1 | 25 | 0 | 0 | 0 | 0 | 2 | 40 |
| अन्य | 0 | 0 | 1 | 4=2 | 0 | 0 | 0 | 0 |
| **जम्मा** | 4 | 100 | 24 | 100 | 3 | 100 | 5 | 100 |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार अविवाहित, विधवा/विधुर र पारपाचुके गरेका मध्येका सबैभन्दा ठूलो प्रतिशत क्रमश: ७५.७ प्रतिशत, ७५ प्रतिशत र ६६.७ प्रतिशत एक्लै भएर आश्रम आएका थिए भने ४० प्रतिशत दुवै बाँचेका परिवारले हेला गरेर र २५ प्रतिशत अविवाहित अशक्त भएर आश्रम आएको बताएका थिए । आयस्रोत नभएर आश्रम आएको बताउने १२.५ प्रतिशत विधुर/विधवा, एकतिहाइ (३३.३ प्रतिशत) पारपाचुके गरेका र २० प्रतिशत दुवै बाँचेका थिए ।

वैयक्तिक अध्ययन-३

"आफ्नै सम्पत्ति खाँदा पनि किन कचकच सहने ।"

*कास्की जिल्ला घान्द्रुक गा.वि.स. घर भएकी लालकुमारी गुरुङ्ग ७५ वर्ष पुग्नुभयो । श्रीमान् भारतीय आर्मीमा हुनुहुन्थ्यो । आफ्नो कोखबाट ६ महिनामै गर्भ गएपछि उनीबाट सन्तान हुन सकेन । त्यसकारण श्रीमान्ले अर्को बिहे गर्नुभयो अर्कीबाट १ छोरी जन्मिएपछि उनी पनि स्वर्गे भइन् । श्रीमान्लाई ठूलो रोग लाग्यो । गाउँमा बस्दा उपचारको समस्या हुने कारणले गर्दा गाउँ छोडेर शहरमा बस्न थाल्नुभयो जहाँ उहाँहरूले एउटा सानो घर बनाउनु भयो । श्रीमान् आर्मीबाट पेन्सन आएपछि अर्को जागिरमा जानुभयो त्यसमा पनि पेन्सन आउनु पर्ने थियो तर सोझो भएको कारण त्यो पेन्सन आउन सकेन र एउटा पेन्सन आउन थाल्यो त्यत्तिबेला श्रीमान् बिरामी पर्नुभयो । श्रीमान्लाई उपचार गर्दागर्दा सबै पैसा सकियो र ऋण लागेर त्यो सानो घर पनि बेच्नुपर्‍यो । श्रीमान्ले मेरो उपचार गरेर पैसा नसक घर नबेच भन्नुहुन्थ्यो । सन्चो होला भन्दै उपचार गरें । पैसा पनि सकियो । श्रीमान् पनि स्वर्गीय हुनुभयो । त्यसपछि छोरीलाई बिहे गरेर अर्काको घरमा दिइयो । म एक्लै अर्काको घरमा भाडामा बसेर दुःखसुख गरेर खाँदै थिएँ । घर मालिकले धेरै पानी चलायो धेरै बत्ती बाल्यो भन्ने जस्ता कारण देखाएर ज्यादै कचकच गरे । त्यसकारण आफ्नो सम्पत्ति खाँदा पनि किन कचकच सहने बरु आश्रममा गएर शान्तसँग बस्न पाइन्छ कि भनेर आश्रममा आएँ र आफैले सानो कोठा बनाएर बसेकी छु । काल कुर्दैछु सकिन्जेल आफै गरेर खान्छु नसकेपछि आश्रमले जे गर्छ, गर्छ ।*

अध्ययनबाट वृद्धवृद्धाहरू आफू खुशी बस्न मन पराउने तथा सामान्य कुरामा कसैको कचकच सहन नसक्ने साथै आफ्नो शरीरले सकिन्जेल आफैले गरेर खान मन पराउने रहेछन् साथै सकेसम्म कसैलाई दुःख दिन नचाहने रहेछन् ।

# अध्याय-छ

## ज्येष्ठ नागरिकहरूको स्वास्थ्य स्थिति विश्लेषण

यस अध्यायमा वृद्धवृद्धाहरूको काम गर्ने क्षमताको आधारमा विश्लेषण, चुरोट पिउने बानीको आधारमा विश्लेषण, खैनी/सुर्ती खानेबानीको विश्लेषण, शारीरिक व्यायामका आधारमा विश्लेषण, स्वास्थ्य स्थितिका आधारमा विश्लेषण आदि राखिएको छ ।

### ६.१ कामगर्ने क्षमताका आधारमा

आश्रित वृद्धवृद्धाको काम गर्ने क्षमता निम्नअनुसार रहेको छ ।

तालिका नं. ६.१

लैङ्गिक आधारमा काम गर्ने क्षमता

| गर्न सक्ने कार्य | लैङ्गिकता | | | |
|---|---|---|---|---|
| | पुरुष | | महिला | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कृषि | 2 | 40 | 1 | 8=3 |
| पुजारी | 1 | 20 | 0 | 0 |
| सामान्य | 2 | 40 | 9 | 75 |
| अन्य | 0 | 0 | 2 | 16=7 |
| **जम्मा** | **5** | **100** | **12** | **100** |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार काम गर्ने क्षमताका आधारमा सामान्य काम गर्न सक्ने महिला ७५ प्रतिशत थिए भने पुरुष ४० प्रतिशत थिए । कृषि काम गर्न सक्ने पुरुष ४० प्रतिशत थिए भने महिला ८.३ प्रतिशत थिए अन्य काममा पुरुष ० प्रतिशत थिए भने महिला २ प्रतिशत थिए र पुजारी काम गर्ने पुरुष २० प्रतिशत थिए भने महिला ० प्रतिशत थिए ।

## ६.२ चुरोट पिउने बानीको आधारमा

आश्रित वृद्धवृद्धाहरूको लैङ्गिक आधारमा चुरोट पिउने बानी निम्नानुसार रहेको छ ।

तालिका नं. ६.२

लैङ्गिक आधारमा चुरोट पिउने बानी

| **चुरोट पिउने बानी** | **लैङ्गिकता** | | | |
|---|---|---|---|---|
| | **पुरुष** | | **महिला** | |
| | **संख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| छैन | 8 | 72=7 | 22 | 88 |
| कहिलेकाहीँ | 2 | 18=2 | 0 | 0 |
| नियमित पिउँछु | 1 | 9=1 | 3 | 12 |
| **जम्मा** | **11** | **100** | **25** | **100** |


*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार चुरोट पिउने बानी नभएका महिला ८८ प्रतिशत देखिए भने पुरुष ७२.७ प्रतिशत देखिए । सधैं पिउने बानी भएको महिला १२ प्रतिशत, पुरुष ९.१ प्रतिशत र कहिलेकाहीँ पिउनेमा पुरुष १८.२ प्रतिशत र महिला ० प्रतिशत थिए ।

## ६.३ खैनी/सुर्ती खानेबानी

आश्रित वृद्धवृद्धाहरूको लैङ्गिक आधारमा खैनि/सुर्ती खानेबानी निम्नानुसार रहेको छ ।

चित्र नं. ६.१




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार खैनी/सुर्ती नखाने महिला ९६ प्रतिशत थिए भने पुरुष ८१.८ प्रतिशत थिए र कहिलेकाहीँ खानेमा पुरुष १८.२ प्रतिशत र महिला ४ प्रतिशतमात्र थिए ।

## ६.४ शारीरिक व्यायामका आधारमा

आश्रममा आश्रित वृद्धवृद्धाहरूले गर्ने शारीरिक व्यायाम निम्नानुसार रहेको छ ।

तालिका नं. ६.३

लैङ्गिक आधारमा शारीरिक व्यायाम

| नियमित व्यायाम गर्ने बानी | लैङ्गिकता | | | |
|---|---|---|---|---|
| | पुरुष | | महिला | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छ | 2 | 18=2 | 1 | 4 |
| छैन | 9 | 81=8 | 20 | 80 |
| कहिलेकाहीँ | 0 | 0 | 4 | 16 |
| **जम्मा** | **11** | **100** | **25** | **100** |


*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार शारीरिक व्यायाम नगर्ने ८१.८ प्रतिशत थिए भने महिला ८० प्रतिशत थिए कहिलेकाहीं गर्ने महिला १६ प्रतिशत थिए भने पुरुष ० प्रतिशत थिए र सधैं गर्छु भन्नेमा पुरुष १८.२ प्रतिशत थिए भने महिला ४ प्रतिशतमात्र थिए ।

## ६.५ स्वास्थ्य स्थितिका आधारमा

आश्रममा आश्रित वृद्धवृद्धाहरूको स्वास्थ्य स्थिति निम्नअनुसार रहेको छ ।

चित्र नं. ६.२




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त चित्रअनुसार स्वास्थ्य स्थिति ठीकै छ भन्नेमा पुरुष ६३.६ प्रतिशत र महिला ३२ प्रतिशत थिए भने सन्तोषजनक भन्नेमा महिला ५६ प्रतिशत र पुरुष १८.२ प्रतिशत थिए राम्रो भन्नेमा पुरुष ९.१ प्रतिशत र महिला ८ प्रतिशत थिए । नराम्रो भन्नेमा पुरुष ९.१ प्रतिशत र महिला ४ प्रतिशत थिए ।

## ६.६ आँखा देख्ने शक्तिको आधारमा

आश्रम आश्रित वृद्धवृद्धाहरूको आँखा देख्ने शक्ति निम्नानुसार रहेको छ ।

तालिका नं. ६.४

लैङ्गिक आधारमा आँखा देख्ने शक्ति

| **आँखा देख्ने क्षमता** | **लैङ्गिकता** | | | |
|---|---|---|---|---|
| | **पुरुष** | | **महिला** | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| राम्रो | 4 | 36=4 | 9 | 36 |
| अलिकम देख्ने | 7 | 63=6 | 15 | 60 |
| नदेख्ने | 0 | 0 | 1 | 4 |
| **जम्मा** | 11 | 100 | 25 | 100 |


*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार आँखा कम देख्छु भन्नेमा पुरुष ६३.६ प्रतिशत थिए भने महिला ६० प्रतिशत थिए । राम्रो देख्छु भन्नेमा पुरुष ३६.४ प्रतिशत थिए भने महिला ३६ प्रतिशत थिए । देख्न सक्दिनँ भन्नेमा महिला ४ प्रतिशत र पुरुष ० प्रतिशत थिए ।

## ६.७ रोगको आधारमा

आश्रममा आश्रित वृद्धवृद्धाहरूको रोगको अवस्था निम्नअनुसारको रहेको छ ।

चित्र नं.६.३




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार रोगबाट पीडित भएको छैन भन्नेमा महिला ६८ प्रतिशत थिए भने पुरुष ६३.६ प्रतिशत थिए र पीडित छु भन्नेमा पुरुष ३६.४ प्रतिशत र महिला ३२ प्रतिशत थिए ।

## ६.८ कान सुन्ने शक्तिको आधारमा

आश्रित वृद्धवृद्धाहरूको कान सुन्ने शक्ति निम्नानुसार रहेको छ ।

तालिका नं. ६.५

लैङ्गिक आधारमा कान सुन्ने शक्ति

| कानसुन्ने क्षमतामा कमि | लैङ्गिकता | | | |
|---|---|---|---|---|
| | पुरुष | | महिला | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छ | 3 | 27=3 | 8 | 32 |
| छैन | 8 | 72=7 | 17 | 68 |
| **जम्मा** | **11** | **100** | **25** | **100** |


*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार कान नसुन्ने समस्या छैन भन्नेमा पुरुष ७२.७ प्रतिशत र महिला ६८ प्रतिशत रहेका थिए भने समस्या छ भन्नेमा महिला ३२ प्रतिशत र पुरुष २७.३ प्रतिशत रहेका थिए ।

## ६.९ निद्रा लाग्ने आधारमा

आश्रित वृद्धवृद्धाहरूको निद्रा लाग्ने अवस्था निम्नानुसार रहेको छ ।

चित्र नं. ६.४




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*


प्रस्तुत चित्रअनुसार निद्रा कत्तिको लाग्छ भन्ने प्रश्नको जवाफमा ६४ प्रतिशत पुरुषले र

४५.५ प्रतिशत महिलाले कम लाग्ने बताएका थिए । निद्रा लाग्छ भन्नेमा पुरुष ५४.५ प्रतिशत थिए भने महिला २८ प्रतिशत थिए । यसै गरी निद्रा लाग्दैन भन्नेमा महिला ८ प्रतिशत थिए भने पुरुष ० प्रतिशत थिए ।

## ६.१० दैनिक क्रियाकलापमा सहयोगको आवश्यकता

आश्रित वृद्धवृद्धाहरूलाई दैनिक क्रियाकलापमा पर्ने सहयोगको आवश्यकता निम्नानुसार रहेको छ ।

चित्र नं. ६.५




*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त चित्रअनुसार दैनिक क्रियाकलापमा सहयोगको आवश्यकता पर्दैन भन्नेमा महिला ६० प्रतिशत थिए भने पुरुष ४५.५ प्रतिशत थिए र सहयोगको आवश्यकता पर्छ भन्नेमा पुरुष ५४.५ प्रतिशत थिए भने महिला ४० प्रतिशत थिए ।

## ६.११ वृद्धवृद्धाको आनीबानी

वृद्धवृद्धाको आनिबानी आश्रममा आश्रित निम्नानुसार रहेको छ ।

तालिका नं.६.६

उत्तरदाताको आनीबानी

| **बानी** | **चुरोट** | | **खैनी/सुर्ती** | | **रक्सी** | | **नियमित व्यायाम** | |
|---|---|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| छैन | २८ | ७७.८ | ३३ | ९१.७ | ३४ | ९४.४ | २७ | ७५.० |
| कहिलेकाहीँ | ४ | ११.१ | ३ | ८.३ | २ | ५.६ | ४ | ११.१ |
| नियमित | ४ | ११.१ | – | – | – | – | ५ | १३.९ |
| **जम्म** | **३६** | **१००** | **३६** | **१००** | **३६** | **१००** | **३६** | **१००** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

तीन चौथाइभन्दा धेरै (७७.८%) वृद्धवृद्धाको चुरोट पिउने बानी छैन भने नियमित र कहिलेकाहीँ चुरोट पिउने वृद्धवृद्धा बराबर अनुपातमा (११.१%) छन् । प्रायः सबैजसो (९१.७%) वृद्धवृद्धा खैनी/सुर्ती खादैनन् मात्रै (८.३%) जतिले खान्छन् । ९४.४% वृद्धवृद्धाहरूको रक्सी पिउने बानी छैन तर ५.६% भने कहिलेकाहीँ रक्सी पिउँछन् तर नियमित पिउने कोही पनि छैनन् । तीन चौथाइ वृद्धवृद्धाहरू कहिल्यै पनि शारीरिक व्यायाम नगर्ने पाइयो भने ११.१% कहिलेकाहीँ गर्ने र १३.९% नियमित व्यायाम गर्ने गरेको पाइयो ।

## ६.१२ उत्तरदाताको खाना खाने बानी

आश्रममा आश्रित वृद्धवृद्धाहरूको खाना खाने बानी यस्तो रहेको छ ।

तालिका नं. ६.७

उत्तरदाताको खाना खाने बानी

| **खाना खाने बानी** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| दिनमा एकपटक | २ | ५.६ |
| दिनमा दुईपटक | २२ | ६१.१ |
| इच्छाअनुसार | १२ | ३३.३ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार आधाभन्दा धेरै (६१.१%) वृद्धवृद्धा प्रायः दिनमा दुईपटक खाना खाने गरेको पाइयो भने (५.६%) दिनको एकपटक मात्रै र एक तिहाइ (३३.३%) आफ्नो इच्छाअनुसार खाना खाने गरेको पाइयो ।

## ६.१३ उत्तरदाताको स्वास्थ्य विवरण

आश्रममा आश्रित वृद्धवृद्धाहरूको स्वास्थ्य स्थिति विवरण निम्नअनुसार रहेको छ ।

तालिका नं. ६.८

उत्तरदाताको स्वास्थ्य विवरण

| **स्वास्थ्य अवस्था** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | ३ | ८.३ |
| सामान्य | १५ | ४१.७ |
| सन्तोषजनक | १६ | ४४.४ |
| नराम्रो | २ | ५.६ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार ४४.४% वृद्धवृद्धाहरूले आफ्नो स्वस्थ्य स्थिति सन्तोषजनक रहेको बताएका थिए, भने क्रमशः (४१.७%) सामान्य, (८.३%) राम्रो र (५.६%) ले नराम्रो स्वस्थ्यस्थिति रहेको बताएका थिए तर पनि एक तिहाइ (३३.३%) वृद्धवृद्धा भने आफू दीर्घरोगी भएको बताएका छन् । एक तिहाइभन्दा धेरै (३६.१%) ले राम्रोसँग सुत्न सक्ने, आधाभन्दा धेरैलाई (५८.३%) कम निद्रा लाग्ने तथा (५.६%) लाई अति कम निद्रा लाग्ने गरेको पाइयो ।

## ६.१४ वृद्धवृद्धाको शारीरिक अवस्था

आश्रममा आश्रित वृद्धवृद्धाहरूको शारीरिक अवस्था निम्न रहेको छ ।

तालिका नं. ६.९

उत्तरदाताको शारीरिक अवस्था

| **शारीरिक अवस्था** | **बारम्बारता** | **प्रतिशत** |
|---|---|---|
| सामान्य | १३ | ३६.१ |
| कम देख्ने | २२ | ६१.१ |
| नदेख्ने | १ | २.८ |
| **जम्मा** | **३६** | **१००.०** |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार करीब दुई तिहाइ (६१.१%) वृद्धवृद्धामा आँखाको हेर्ने शक्तिमा कमी रहेको पाइयो भने एक तिहाइभन्दा धेरै (३६.१%) आँखाको देख्न सक्ने क्षमता सामान्य तथा (२.८%) को आँखाको देख्ने क्षमता अति कम (देख्दै नदेख्ने) पाइयो । साथै झन्डै आधा (४४.४%) को सुन्ने क्षमतामा समेत सामान्य रहेको पाइयो ।

## ६.१५ उमेरगत हिसाबमा वृद्धवृद्धाहरूको नसा/अम्मली बानीको विश्लेषण

नब्बे वर्ष उमेर समूहका शतप्रतिशत १०० प्रतिशत, ६० देखि ७० वर्ष उमेर समूहका ८७.५ प्रतिशत, ७० देखि ८० वर्ष उमेर समूहका ८५.७ प्रतिशत र ८० देखि ९० वर्ष उमेर समूहका ६० प्रतिशत वृद्धवृद्धाहरूमा चुरोट पिउने बानी थिएन । ८० देखि ९० वर्ष उमेर समूहका २० प्रतिशत र ७० देखि ८० वर्ष उमेर समूहका ७ प्रतिशत वृद्धवृद्धाले भने कहिलेकाहीँ चुरोट पिउने गरेको बताएका थिए । दैनिक चुरोट पिउने नसा भएका वृद्धवृद्धा भने ६० देखि ७० वर्ष उमेर समूहमा १२.५ प्रतिशत, ७० देखि ८० वर्ष उमेर समूहका ७.१ प्रतिशत र ८० देखि ९० वर्ष समूहमा २० प्रतिशत थिए । त्यसै गरी ९० वर्षमाथिका शतप्रतिशत, ६० देखि ७० वर्ष उमेर समूहका शतप्रतिशत, ७० देखि ८० वर्ष उमेर समूहका ८५.७ प्रतिशत तथा ८० देखि ९० को उमेर समूहका ८० प्रतिशत वृद्धवृद्धाहरू खैनी/सुर्ती खाने बानी नभएको बताएका थिए । ७० देखि ८० वर्ष समूहका ७ प्रतिशत वृद्धवृद्धाबाहेक अन्य कुनै पनि उमेर समूहका वृद्धवृद्धाले रक्सी पिउने बानी नभएको बताएका थिए ।

## ६.१६ वृद्धवृद्धाको खाना खाने बानीको उमेरगत विश्लेषण

आश्रित वृद्धवृद्धाको उमेरको हिसाबमा खाना खाने बानी निम्नानुसार रहेको छ ।

तालिका नं.६.१०

उमेरगत आधारमा खाना खाने बानी

| | **उमेर समूह** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | *६० वर्ष सम्म* | | *६०-७० वर्ष* | | *७०-८० वर्ष* | | *८०-९० वर्ष* | | *९० भन्दा माथी* | |
| **दिनमा खाना खाने बानी** | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **दुईपटक** | घ | टण | ट | ठछ | ड | छठाज्ञ | द्ध | डण | द्द | टटाठ |
| **इच्छाअनुसार** | द्द | द्धण | द्द | द्दछ | ट | द्धद्दाढ | ज्ञ | द्दण | ज्ञ | घघाघ |
| **जम्मा** | ट | ज्ञण्ण | ड | ज्ञण्ण | ज्ञद्ध | ज्ञण्ण | छ | ज्ञण्ण | घ | ज्ञण्ण |


*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार ८० देखि ९० वर्ष उमेर समूहका ८० प्रतिशत, ६० देखि ७० वर्ष उमेर समूहका तीन चौथाइ ७५ प्रतिशत, ९० वर्ष उमेर माथिका दुईतिहाइ ६६.७ प्रतिशत र ७० देखि ८० वर्ष उमेरसमूहका ५७.१ प्रतिशत वृद्धवृद्धाहरू दैनिक दुईपटक खाना खाने बताएका थिए भने उल्लेखित उमेर समूहका बाँकी वृद्धवृद्धाहरू आफनो इच्छाअनुसार खाना खाने बताएका थिए ।

## ६.१७ उमेरगत हिसाबमा वृद्धवृद्धामा दीर्घरोग

उमेरगत हिसाबमा वृद्धवृद्धामा भएको दीर्घरोग निम्नानुसार छ ।

चित्रनं.६.६




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त चित्रअनुसार ७० देखि ८० वर्ष उमेरका आधा ५० प्रतिशत, ६० देखि ७० वर्ष उमेर समूहका १२.५ प्रतिशत, ८० देखि ९० उमेरका ६० प्रतिशत वृद्धवृद्धाहरूले आफूहरू दीर्घरोगले पीडित भएको बताएका थिए भने ९० वर्ष माथिका वृद्धवृद्धाहरूले भने आफूलाई कुनै पनि प्रकारको दीर्घरोगले पीडित नभएको बताएका थिए ।

## ६.१८ उमेरको आधारमा आँखाको देख्ने क्षमताको विश्लेषण

आश्रित वृद्धवृद्धाहरूको आधारमा आँखा देख्ने क्षमता निम्नानुसार रहेको छ ।

तालिका नं.६.११

उमेरको आधारमा आँखाको देख्ने क्षमता

| **आँखा देख्ने शक्ति** | **उमेर समूह** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | *६० वर्षसम्म* | | *६०-७० वर्ष* | | *७०-८० वर्ष* | | *८०-९० वर्ष* | | *९० भन्दा माथि* | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| राम्रो | छ | डघाघ | घ | घठाछ | घ | द्दज्ञाद्ध | ज्ञ | द्दण | ज्ञ | घघाघ |
| कम देख्ने | ज्ञ | ज्ञटाठ | छ | टद्दाछ | ज्ञज्ञ | ठडाट | घ | टण | द्द | टटाठ |
| कत्ति पनि नदेख्ने | ण | ण | ण | ण | ण | ण | ज्ञ | द्दण | ण | ण |
| **जम्मा** | ट | ज्ञण्ण | ड | ज्ञण्ण | ज्ञद्ध | ज्ञण्ण | छ | ज्ञण्ण | घ | ज्ञण्ण |


*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार ६० देखि ७० वर्षभित्रका ३७.५ प्रतिशत, ९० वर्षभन्दा माथिका एकतिहाइ ३३.३ प्रतिशत,७० देखि ८० वर्षका २१.४ प्रतिशत तथा ८० देखि ९० वर्ष उमेरसमूहका २० प्रतिशत वृद्धवृद्धा राम्रोसँग आँखा देख्नसक्ने अवस्थामा थिए भने ७० देखि ८० वर्षको तीन चौथाइ भन्दा धेरै ७८.६ प्रतिशत, ९० वर्ष माथिका दुईतिहाइ ६६.७ प्रतिशत, ६० देखि ७० वर्षभित्रका ६२.५ प्रतिशत र ८० देखि ९० वर्षका ६० प्रतिशत वृद्धवृद्धा न्यून दृष्टि भएका तथा ८० देखि ९० वर्ष उमेर समूहका २० प्रतिशत वृद्धवृद्धाले कत्ति पनि आँखा नदेख्ने अवस्थामा थिए ।

### ६.१९ वृद्धवृद्धाको उमेर र निदाउन सक्ने क्षमताको सम्बन्ध

आश्रित वृद्धवृद्धाहरूको उमेर र निदाउन सक्ने क्षमता निम्नअनुसार रहेको छ।

चित्र नं.६.७




*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार सबैभन्दा धेरै तीन चौथाइ ७५ प्रतिशत ६० देखि ७० वर्ष उमेर समूहका वृद्धवृद्धा अल्पनिद्रा भएका, दुईतिहाइ ६६.७ प्रतिशत ९० वर्ष माथिका, ६४.३ प्रतिशत ७० देखि ८० वर्ष भित्रका र ६० प्रतिशत ८० देखि ९० वर्षभित्रका वृद्धवृद्धाहरू अल्पनिद्राको समस्याबाट पीडित भएको बताएका थिए भने ९० वर्ष माथिका एकतिहाइ ३३.३ प्रतिशत र ७० देखि ८० वर्षभित्रका ७ प्रतिशतले पटक्कै सुत्न नसक्ने बताएका थिए। सबैभन्दा धेरै ४० प्रतिशत ८० देखि ९० वर्ष समूहका वृद्धवृद्धा राम्रोसँग निदाउन सक्ने अवस्थामा थिए।

## ६.२० वैवाहिक अवस्थाको आधारमा वृद्धवृद्धाहरूमा चुरोट पिउने बानी

वैवाहिक अवस्थाको आधारमा वृद्धवृद्धाहरूमा चुरोट पिउने बानी निम्नअनुसार छ ।

तालिकानं. ६.१२

वैवाहिकस्थिति र चुरोट पिउने बानी

| **धूमपान गर्ने बानी** | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **अविवाहित** | | **विधवा** | | **पारपाचुके** | | **दुवै जीवित** | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| छैन | घ | ठछ | द्दण | डघाघ | द्द | टटाठ | छ | ज्ञण्ण |
| कहिलेकाहीँ | ण | ण | ज्ञ | द्धाद्द | ज्ञ | घघाघ | ण | ण |
| छ | ज्ञ | द्दछ | घ | ज्ञद्दाछ | ण | ण | ण | ण |
| **जम्मा** | द्ध | ज्ञण्ण | द्दद्ध | ज्ञण्ण | घ | ज्ञण्ण | छ | ज्ञण्ण |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार दुवै बाँचेका शतप्रतिशत विधुर/विधवा ८३.३ प्रतिशत, तीन चौथाइ ७५ प्रतिशत अविवाहित र दुईतिहाइ ६६.७ प्रतिशत पारपाचुके गरेका वृद्धवृद्धाहरूमा चुरोट पिउने बानी थिएन । एकतिहाइ ३३.३ प्रतिशत पारपाचुके गरेका र ४.२ प्रतिशत विधुर/विधवाले कहिलेकाहीँ धूमपान गर्ने बताएका थिए ।

## ६.२१ वैवाहिक अवस्थाको आधारमा शारीरिक व्यायाम

वैवाहिक अवस्थाको आधारमा शारीरिक व्यायामको विश्लेषण निम्न अनुसार छ ।

चित्र नं. ६.८

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार अविवाहित शतप्रतिशत (१०० प्रतिशत), दुवै भएका मध्ये ८० प्रतिशत, विधुर/विधवामध्ये ७९.२ प्रतिशत र पारपाचुके गरेका मध्ये दुईतिहाइ (६६.७ प्रतिशत) ले दैनिक शारीरिक व्यायाम नगर्ने बताएका थिए भने २० प्रतिशत श्रीमान्/श्रीमती दुवै भएका र १२.५ प्रतिशत विधुर/विधवा वृद्धवृद्धाले कहिलेकाहीँ शारीरिक व्यायाम गर्ने बताएका थिए । दैनिक व्यायाम गर्नेमा विधुर/विधवा मध्येका ८.३ प्रतिशत र एकतिहाइ (३३.३ प्रतिशत) पारपाचुके गर्ने वृद्धवृद्धा थिए ।

## ६.२२ वैवाहिक अवस्थाको आधारमा मद्यपान गर्ने वृद्धवृद्धाको विश्लेषण

वैवाहिक अवस्थाको आधारमा मद्यपान गर्ने वृद्धवृद्धाको विश्लेषण निम्नअनुसार पाइएको छ ।

तालिका नं. ६.१३

वैवाहिक स्थितिका आधारमा मध्यपान

| **रक्सी पिउने बानी** | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | *अविवाहित* | | *विधवा* | | *पारपाचुके* | | *दुवै जिवित* | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छैन | द्ब | ज्ञण्ण | द्दघ | ढछ।ड | घ | ज्ञण्ण | छ | ज्ञण्ण |
| कहिलेकाहीँ | ण | ण | ज्ञ | द्ध।द्द | ण | ण | ण | ण |
| **जम्मा** | द्ब | ज्ञण्ण | द्दद्ध | ज्ञण्ण | घ | ज्ञण्ण | छ | ज्ञण्ण |

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

आश्रममा बस्ने वृद्धहरूमा मात्रै ४.२ प्रतिशत विधवा/विधुर बाहेक अन्य कसैले पनि आफू मद्यपान गर्ने बानी नभएको बताएका थिए ।

## ६.२३ वैवाहिक आधारमा स्वास्थ्य स्थितिको विश्लेषण

आश्रममा आश्रित वृद्धवृद्धाहरूका वैवाहिक आधारमा स्वास्थ्य स्थितिको विश्लेषण निम्नानुसार रहेको छ ।

चित्र नं.६.९

*स्रोतः कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत चित्रअनुसार एकतिहाइ ३३.३ प्रतिशत पारपाचुके गरेका र ८.३ प्रतिशत विधवा/विधुर वृद्धवृद्धाले राम्रो स्वास्थ्य स्थिति भएको बताएको थिए भने तीन चौथाइ ७५ प्रतिशत अविवाहित, एकतिहाइ ३३.३ प्रतिशत विधवा/विधुर र परापाचुके गरेका तथा ६० प्रतिशत दुवै बाँचेका वृद्धवृद्धाले सामान्य स्वास्थ्य स्थिति रहेको बताएका थिए । तर एकचौथाइ २५ प्रतिशत अविवाहित र २० प्रतिशत श्रीमान्/श्रीमती दुवै बाँचेको वृद्धवृद्धाले आफ्नो स्वास्थ्यस्थिति नराम्रो भएको बताएका थिए ।

## ६.२४ वैवाहिक अवस्था र दीर्घरोगको स्थिति

आश्रममा आश्रित वृद्धवृद्धाको वैवाहिक स्थिति र दीर्घरोगको स्थिति निम्न रहेको छ ।

तालिका नं. ६.१४

वैवाहिक स्थिति र दीर्घरोग

| दीर्घरोगबाट पीडित | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | *अविवाहित* | | *विधवा* | | *पारपाचुके* | | *दुवै जिवित* | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| छु | द्द | छ्ण | ड | घघाघ | ज्ञ | घघाघ | ज्ञ | द्दण |
| छैन | द्द | छ्ण | ज्ञट | टटाठ | द्द | टटाठ | द्ध | डण |
| **जम्मा** | द्ध | ज्ञण्ण | द्दद्ध | ज्ञण्ण | घ | ज्ञण्ण | छ | ज्ञण्ण |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त तालिकाअनुसार आधा (५० प्रतिशत) अविवाहित, एकतिहाइ (३३.३ प्रतिशत) विधवा/विधुर र त्यहीँ अनुपातमा पारपाचुके गरेका वृद्धवृद्धा तथा २० प्रतिशत दुवै बाँचेका वृद्धवृद्धाले आफूलाई दीर्घरोगले पीडित भएको बताएका थिए ।

## ६.२५ वैवाहिक अवस्था र आँखाको देख्ने शक्ति

आश्रममा आश्रित वृद्धवृद्धाहरूका वैवाहिक अवस्था र आँखाको देख्ने शक्ति निम्नानुसार रहेको छ ।

तालिका नं. ६.१५

वैवाहिक स्थितिको आधारमा वृद्धवृद्धाको स्वास्थ्य स्थिति

| **स्वास्थ्य स्थिति** | **वैवाहिक स्थिति** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **अविवाहित** | | **विधवा** | | **पारपाचुके** | | **दुवै जीवित** | |
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| राम्रो | ण | ण | द्द | डाघ | ज्ञ | घघाघ | ण | ण |
| ठीकै | घ | ठछ | ड | घघाघ | ज्ञ | घघाघ | घ | टण |
| सन्तोषजनक | ण | ण | ज्ञद्ध | छडाघ | ज्ञ | घघाघ | ज्ञ | द्दण |
| नराम्रो | ज्ञ | द्दछ | ण | ण | ण | ण | ज्ञ | द्दण |
| **जम्मा** | द्ध | ज्ञण्ण | द्दद्ध | ज्ञण्ण | घ | ज्ञण्ण | छ | ज्ञण्ण |

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाअनुसार आधा अविवाहित,४० प्रतिशत श्रीमान्/श्रीमती दुवै बाँचेका र एकतिहाइ (३३.३ प्रतिशत) पारपाचुके गरेका र विधुर/विधवाहरूले राम्रोसँग आँखा देख्न सक्ने बताएका थिए भने दुईतिहाइ (६६.७ प्रतिशत) पारपाचुके गरेका, ६२.५ प्रतिशत विधवा/विधुर, ६० प्रतिशत दुवै बाँचेका र आधा (५० प्रतिशत) अविवाहितले आँखा कम देख्ने गरेको बताएका थिए । ४.२ प्रतिशत विधवाहरू पटक्कै आँखा नदेख्ने थिए ।

## ६.२६ वैवाहिक अवस्था र कानको सुन्ने क्षमता

आश्रममा आश्रित वृद्धवृद्धाहरूका वैवाहिक अवस्था र कानको सुन्ने क्षमता निम्नानुसार रहेको छ ।

चित्र नं. ६.१०

*स्रोत: कार्यक्षेत्र सर्वेक्षण, २०६७*

उक्त चित्रअनुसार तीन चौथाइ ७५ प्रतिशत अविवाहित, त्यति नै अनुपातामा ७५ प्रतिशत विधुर/विधवा र दुईतिहाइ ६६.७ प्रतिशत पारपाचुके गरेका तथा ४० प्रतिशत दुवै बाँचेका वृद्धवृद्धाहरूले आफ्नो सुन्ने क्षमतामा ह्रास नआएको बताएका थिए । सबैभन्दा धेरै ६० प्रतिशत श्रीमान्/श्रीमती दुवै बाँचेका वृद्धवृद्धाको सुन्ने क्षमतामा कमी आएको बताएका थिए । एकतिहाइ पारपाचुके गरेका र एकचौथाइ २५ प्रतिशत विधुर/विधवा र अविवाहितले पनि आफ्नो सुन्ने क्षमतामा कमी भएको बताएका थिए ।

वैयक्तिक अध्ययन-४

"जिन्दगी जिउन कि त धेरै धन चाहिन्छ, कि त धेरै बल"

*भचुर ४ नम्बर घर भई हाल पोखरा वृद्धाश्रम रहनु भएकी धनकुमारी न्यौपाने ६८ वर्ष हुनुभयो । श्रीमान्ले अर्को बिहे गरेर हिंड्नुभयो । एउटी छोरी छ । उहाँ छोरोसँग बस्नु भएको थियो । छोरोले पनि म हेर्न सक्दिनँ । जहाँ जानुहुन्छ जानुस् भनेर पछि उहाँ आश्रममा आउनु भएको हो । उहाँ भन्नुहुन्छ, जिन्दगी जिउन कि त धेरै धन चाहिन्छ, कि त धेरै बल । धन पनि नभएपछि र आफू अशक्त भएपछि कसले हेर्छ । छ गेडी, सबै मेरी, छैन गेढी सबै टेढी ।*

यस अध्ययनमा आर्थिक पक्षलाई महत्त्वपूर्ण मानेको पाइएको छ । यदि आर्थिक स्थिति बलियो छ भने बाँच्न सजिलो हुन्छ । आर्थिक स्थिति बलियो भए जसले पनि हेर्छ, छैन भने साह्रै गाह्रो हुन्छ ।

# अध्याय-सात

## सार, निष्कर्ष र सुझाव

### ७.१ सार

यस अध्ययनका लागि कास्की जिल्लाको पो.उ.मा.न.पा.-१७ स्थित पोखरा, वृद्धाश्रममा आश्रित सम्पूर्ण ज्येष्ठ नागरिकलाई समावेश गरिएको छ । जसमध्ये महिला २६ जना र पुरुष १० जना रहेका छन् । प्राथमिक तथ्याङ्कका लागि स्थलगत सर्वेक्षण र अन्य जानकारीहरू द्वितीय स्रोतबाट लिइएको छ ।

- वृद्धाश्रममा बस्ने ज्येष्ठ नागरिकमध्ये जातिगत तथ्याङ्कअनुसार सबैभन्दा बढी ब्राम्हण जातिका ज्येष्ठ नागरिकहरू ६३.९ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम २.८ प्रतिशत दलित तथा अन्य जाति रहेको देखियो ।
- यस्तै धर्मको आधारमा हेर्दा सबैभन्दा धेरै ९४.४ प्रतिशत हिन्दू धर्मका पाइयो भने २.८ प्रतिशत बौद्ध धर्म र २.८ प्रतिशत अन्य धर्म मान्ने रहेको पाइयो ।
- आश्रममा पारिवारिक विवरण भएका २५.० प्रतिशत र अन्य २.८ प्रतिशत रहेको पाइयो ।
- एकल परिवारमा बस्ने सबैभन्दा अधिक ३६ प्रतिशत आश्रममा भएका पाइयो ।
- ज्येष्ठ नागरिकहरूका लागि रहन/बस्नका लागि आश्रम नै उपयुक्त हो भन्ने वृद्धवृद्धाहरू ७५ प्रतिशत थिए ।
- परिवारविहीन ज्येष्ठ नागरिकहरू ६१.१ प्रतिशत आश्रममा रहेका थिए ।
- आधाभन्दा धेरै (५८ प्रतिशत) विविध कारणले आश्रम आएका भए पनि २७ प्रतिशत भने पारिवारिक व्यवस्थाका कारण आश्रममा आएको पाइयो ।
- आश्रममा रहेका मध्ये अधिकांश (८० प्रतिशत) निरक्षर रहेको पाइयो ।
- वृद्धाश्रममा रहेर पनि समाजबाट टाढिएको अनुभव नगर्ने वृद्धवृद्धाहरू ९४ प्रतिशत थिए ।
- आश्रममा आश्रय लिए पनि २० प्रतिशतभन्दा बढीवृद्धवृद्धाहरू आफ्नै तरिकाले खानपानको व्यवस्था गरेको पाइयो ।

- ४१.७ प्रतिशत वृद्धवृद्धाहरू आश्रमभित्र पनि सक्ने र नसक्ने बीच विभेद रहेको बताएका थिए भने केहीले केही जातिगत विभेदपनि रहेको बताएका थिए ।
- आश्रममा ७७.८ प्रतिशतले चुरोट ९४.४ प्रतिशतले रक्सी, ९१.७ प्रतिशतले खैनी सुर्ती कहिल्यै प्रयोग नगरेको बताए भने ७५ प्रतिशतले नियमित व्यायाम गर्ने गरेको पाइयो ।
- आश्रममा रहेका आधाभन्दा धेरै ज्येष्ठ नागरिकहरू जीवनको उत्तरार्द्धलाई कष्टकर अनुभव गरिरहेको पाइयो ।
- घरपरिवार नभएको कारणले आश्रम आउने वृद्धवृद्धा भने ५२ प्रतिशत पाइयो ।
- आश्रममा कुनै पनि समस्या नभएको पाइयो भने अधिकांश वृद्धवृद्धा भने नयाँ पुस्ताले पनि वृद्धवृद्धालाई राम्रो दृष्टिकोणले हेर्ने गरेको पाइयो ।

## ७.२ निष्कर्ष

जीवनका उर्वरा समयहरू पार गरेर आउनुभएका ज्येष्ठ नागरिकहरूका लागि बुढ्यौली एउटा सुन्दर अवसर हो । जसले निरन्तरको कामको थकानबाट मुक्ति प्रदान गर्दछ । ज्ञान, सीप, कौशल तथा कलाका धनी अनुभवी समाजका अगुवाहरू जसले आफ्नो जीवनलाई ठूलाठूला परीक्षाहरूमा उत्तीर्ण गराउँदै आएका छन् । तिनका अनुभवलाई परिवार, समाज र राज्यले एउटा सामाजिक पूँजीका रूपमा विकास गर्न सकेमा ज्येष्ठ नागरिकहरू प्रतिको लगानी उत्पादनमूलक बन्नसक्छ ।

वृद्धाश्रममा बस्न विभिन्न किसिमका ज्येष्ठ नागरिकहरू आउँछन् । पक्कै पनि रहरले कोही पनि वृद्धाश्रम आउँदैन । सबैको आ-आफ्नै समस्या पीडा रहेका हुन्छन् । विशेष गरी परिवारमा कोही नभएका बुढेसकालमा एक्लो जीवन बिताउनु परेको अवस्थामा साहाराको खोजी गर्न वृद्धाश्रम पुगेका हुन्छन् । कोही आर्थिक अवस्था कमजोर भएर काम गर्न सकुन्जेल काम गरेर खाने नसक्ने अवस्थामा बाँच्नका लागि वृद्धाश्रम पुग्ने गर्दछन् । कोही भने परिवार हुँदाहुँदै र धन सम्पत्ति हुँदाहुँदै पनि परिवारसँग कुरा नमिल्ने, पुस्ताबीच फरक आएर, परिवारबाट माया नपाएर टाढा भएको अनुभव गरेर वृद्धाश्रम आएका हुन्छन् ।

असहाय, धनसम्पत्ति, आफन्त सन्तान कोही केही नभएका व्यक्ति वृद्धाश्रम आउनु स्वाभाविक कुरा हो । कोही परिवार सम्पत्ति सबै भएर पनि वैराग्यले वृद्धाश्रममा आइपुग्छन् । ज्येष्ठ नागरिकको स्वभाव कस्तो हुन्छ भने उनीहरू आफूले भनेको कुरा सबैले

सुनिदेउन् भन्ने चाहन्छन् । परिवार तथा आफन्तले आफूले भनेका कुरा मानेनन् भने घुर्की लगाउन पनि ज्येष्ठ नागरिक वृद्धाश्रममा पुग्ने गर्दछन् । कतिपय ज्येष्ठ नागरिक परिवारमा माया गर्दागर्दै पनि छोराबुहारी जागिरे भएर बाहिर जाँदा शहरी परिवेशमा ज्येष्ठ नागरिक दिनभर एक्लै घरमा बस्नुपर्ने पानी खान दिनका लागि पनि कोही नहुने अवस्था पनि छ । जसले गर्दा उनीहरूलाई न्यास्रो लागेर दिन बिताउन गाह्रो भैरहेको हुन्छ । विशेष गरी शहरी क्षेत्रमा यस्ता किसिमका समस्या देखिन्छन् । आश्रममा बस्नेमा पनि कोही ज्यादै सन्तुष्ट देखिन्छन् र भन्छन् आफ्नो भएर माया गर्ने कोही नभएपछि वृद्धाश्रममा त धेरै आनन्द छ । बेलाबेलामा खान पाइन्छ, लगाउन पाइन्छ, आफूले नसक्दा पनि सबै कुरा गरिदिन्छन्, मन लागेको बेलामा हिंडडुल गर्न पनि पाइन्छ भन्छन् भने कसैले जस्तै भए पनि परिवार भनेको परिवारै हो यहाँ वृद्धाश्रममा बस्दा त धर्तीकै बोझ भएको जस्तो लाग्छ आफूले गरेकाले आफूलाई गर्दा पो केही अप्ठ्यारो लाग्ने थिएन । यहाँ त आफ्नो स्याहारसुसार अर्कैले गर्दा ज्यादै मन अमिलो भएर आउँछ, तर के गर्नु आफन्त कोही छैनन् बाँच्नका लागि यहाँ नबसी उपाय छैन । नेपालको भौगोलिक स्थिति कस्तो किसिमको छ, त्यस्तै किसिमका मानिसहरू र उनीहरूका कथा व्यथाहरू छन् । वृद्धाश्रममा आउनेमा धेरैजसो शहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रका भएको पाइयो । आफन्त हुनेभन्दा आफन्त कोही नहुने अर्थात् एक्लै भएकाहरू बढी मात्रामा आश्रममा आउने तथा ल्याइने गरेको पाइयो ।

## ७.३ सुझावहरू

यस अध्ययनको आधारमा पोखरा वृद्धाश्रममा रहने सम्पूर्ण ज्येष्ठ नागरिकहरूले धेरै सुविधा प्राप्त गरिरहेको पाइएको छ तापनि कतिपय उनीहरूको इच्छा आकांक्षाहरू पूर्ति हुन नसकेको आभास हुन्छ । विशेष गरी उक्त वृद्धाश्रम समाजमा रहेका समाजसेवी व्यक्तित्वहरू, दाताहरूबाट सहयोग पाएर नै सञ्चालन भैरहेको छ ।

सकेसम्म ज्येष्ठ नागरिकलाई वृद्धाश्रममा जाने स्थितिको सृजना नहोस् भन्ने बारेमा सोच्नु जरुरी छ तापनि जानैपरेको खण्डमाः

- आश्रममा सरसफाइमा पनि ध्यान पुऱ्याउनुपर्ने साथै व्यवस्थित भवन, बगैंचा तथा बोटबिरुवाहरू निर्माण गर्नुपर्ने देखिन्छ ।
- आश्रममा सेवा गर्ने सेवक/सेविकाका लागि पनि विशेष सुविधा दिनुपर्ने देखिन्छ । जसले गर्दा उनीहरूको हौसला बढी उनीहरूले राम्रो सेवा दिन सकून् ।
- आफन्त भएका ज्येष्ठ नागरिकका लागि पनि यदि ज्येष्ठ नागरिकले चाहेको खण्डमा आश्रममा बस्न पाउनुपर्ने नियम बनाउनुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


उप्रेती, मनोहर (२०६६), *“बूढाबूढी होइन ज्येष्ठ नागरिक”* अन्नपूर्णपोष्ट ९, फागुन ।

के.सी., अम्बिका (२०६६), *“गोल्डेन एज बितेपछि गाह्रो हुन्छ”* आइतबार ९, फागुन पेज ७ ।

के.सी. लीलादेवी (२०६६), *“अंश दिने परम्परा अन्त्य गर्नुपर्छ”* अन्नपूर्णपोष्ट, बिहीबार १५ असोज ।

के.सी., लीलादेवी (२०६६), *“एक्लोपनले पीडित छन् ज्येष्ठ नागरिक”* अन्नपूर्णपोष्ट, आइतबार ९ फागुन ।

कोइराला, भवानी (२०६६), *“शहर र गाउँको समस्या फरक”* आइतबार ९ फागुन ८ ।

खड्का, रामकला (२०६५), *“सास्तीसँग जुधेर सानको जिन्दगी”* अन्नपूर्णपोष्ट, बिहिबार चैत १३ पेज ४-५ ।

गौतम, टीकाराम (२०६३), *“नेपालमा समाजशास्त्र र मानवशास्त्र”* पेज १०३ ।

घिमिरे, कल्पना (२०६७), *“हिंडेरै स्वस्थ्य”* कान्तिपुर, शनिबार ४ मंसीर ।

घिमिरे, नारायणहरि (२०६५), *“नेपालमा वृद्ध जनसङ्ख्याको अवस्था र चुनौतीहरू”* अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा प्रस्तुत मस्यौदा ।

चाम्लिङ, तारा (२०६७), *“चिन्ताको सट्टा चिन्तन गर्ने हो भने अन्तिम घडीसम्म जीवन भार हुँदैन”* नागरिक, शनिबार ४ मंसिर ।

ढुंगेल, माधव (२०६७), *“न्यायको पहरेदारी”* नागरिक जीवनशैली, शनिबार ४ मंसीर

दाहाल, दीपक (२०६७), *“सकृयतामै सन्तुष्टि”* नागरिक, शनिबार ४ मंसीर ।

दास, गौरीशंकरलाल (२०६६), *“सिमान्तकृत छन् ज्येष्ठ नागरिक”* आइतबार ९ फागुन पेज ७ ।

नेपाल, वसन्तकुमार शर्मा (२०६२), *“सानो नेपाली शब्दसागर”* पेज ७४० ।

पराजुली, विश्वकल्याण (२०६५), *“ज्येष्ठ नागरिक र बुढ्यौलीले निम्त्याएका सामाजिक सवालहरू”* (अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा प्राणद्वारा आयोजित गोष्ठिमा छलफलका लागि प्रस्तुत मस्यौदा) ।

पौडेल, सुरेन्द्र (२०६७), *“ठूलो बिरामी भएँ भने नबँचाउनु मलाई कृत्रिम बचाइ मन पर्दैन”* नागरिक, शनिबार ४ मंसीर ।

पन्त, रीता (२०६६), *“ज्येष्ठ नागरिकका लागि नीजी क्षेत्रको लगानी”* आइतबार ९ फागुन पेज ८ ।

प्रधान, छत्र (२०६५), *“ज्येष्ठ नागरिकका चिन्ता”* कान्तिपुर राष्ट्रिय दैनिक, १५ मंसीर वर्ष १६ अकं २८० ।

प्रधान, छत्र (२०६५), *“नयाँ संविधानमा ज्येष्ठ नागरिक”* कान्तिपुर राष्ट्रिय दैनिक, पुस ३ बिहीबार ।

प्रधान, छत्र (२०६७), *“ज्येष्ठ नागरिक सुरक्षा कार्यक्रम अलपत्र”* अन्नपूर्णपोष्ट, २२ बैशाख बुधबार पेज ७।

प्रधान, छत्र (२०६६), *“अबको युग ज्येष्ठ नागरिक”* अन्नपूर्ण पोष्ट, ९ फागुन पेज ७।

प्रधान, तारा (२०६६), *“सबैभन्दा ठूलो समस्या स्वास्थ्य”* आइतबार, ९ फागुन पेज ८ ।

बस्नेत, केदार (२०६५), *“नेपालको विकास प्रकृयामा ज्येष्ठ नागरिकको स्थान”* (अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, १ अक्टुवर २००८ का अवसरमा प्राणद्वारा आयोजित गोष्ठीमा छलफलका लागि प्रस्तुत मस्यौदा ।

बाँस्तोला, सोमनाथ (२०६६), *“ज्येष्ठ नागरिकका विशिष्ट विचार”* आइतबार ९, फागुन ४ ।

मोक्तान, दशरथ (२०५८), *“बुढ्यौली आवाज नेपाल सहभागीमूलक कार्य समूह तथा हेल्पऐजन्ट्स” ।*

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६३ सहभागिता साउन पुस संयुक्ताङ्क ।

रिजाल, भैरब (२०६५), *“ज्येष्ठ नागरिक मृत्यु र पलायन”* कान्तिपुर,७ मंसीर शनिबार ।

लुईटेल, रमा (२०६६), *“दम्पत्ती नै वृद्धवृद्धाको सेवामा”* अन्नपूर्णपोष्ट, बिहीबार १५ असोज ।

शर्मा, सन्तोष (२०६७), *“अचेल अमिलो प्यारो”* नागरिक, शनिबार ४ मंसीर ।

श्रेष्ठ, सुदीप (२०६७), *“जति बूढो ठान्यो, त्यत्ति बूढो भइन्छ”* नागरिक, शनिबार ४ मंसीर ।

सिंह, रामनगिना (२०६७), *“कुण्ठित नहोस् ज्येष्ठ नागरिकको अधिकार”* मानवअधिकार पत्र राष्ट्रिय मानवअधिकार आयोग, बुलेटिन वैशाख-ज्येष्ठ ।

सुनार, दिनेश (२०६६), *“जन्म दिँदैमा आफ्नो हुँदैन”* अन्नपूर्णपोष्ट, बिहीबार १५ असोज ।

ज्ञवाली, रामप्रसाद (२००५), *“ज्येष्ठ नागरिकको सवाल सबैको सरोकार”* १५औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, अक्टोबर १ को सन्दर्भमा प्रस्तुत मस्यौदा ।

द्यष्कजत, एचभ्क ९द्दण्ण्द्द०, ु*त्यधबचमक क्भअगचभ ब्नभष्लनु* त्जभ क्तबतगकया तजभ भ्मिभचथि ष्ल ल्भउबा॥ ब म्भ्कयनचबउजष्अ एभचकउभअतष्खभ ल्भ्एब्ल

म्यचबलनब, त्बलप ९द्दण्ण्ठ०, ु*त्जभ क्यअष्य(भअयलयफष्अ ऋयलकतचबष्लतक या इमिभच एभयउभि ज्भबतिज ऋयलमष्तष्यल*ु ग्लउगदष्किजभम ञ्बकतभच त्जभकष्क एाग ल्भउर्बा ए ज्ञ(ड।

व्कभक ध ख्वग ज्उभ९द्दण्ण्द्ध०, ु*त्जभ द्यष्यनचबउजथ या ब्नभष्लनु* ब्नभष्लन ज्भबतिज बलम एगदष्अि एयष्अिथ ए द्धड।

ीष्लमब, वध्बष्तभ ९द्दण्ण्द्ध०, *ब्नष्लन,* ज्भबतिज बलम एगदष्अि एयष्अिथ एयउगबितष्यल ऋयगलअर्ष ख्याि घण ए घ।

ल, व्बथबचभ्क ९ज्ञढडठ०, ब्नभ(कभत कतचबतषष्अबतष्यल”क्ष्लतचयमगअतयचथ क्यअष्ययिनथ ए द्दठ।

इहायचम ब्मखबलअभ ीभबचलभचक म्अतष्यलभचथ ९द्दण्ण्द्द०, इहायचम ग्लष्खभचकष्तथ एचभकक क्ष्हतज भ्मष्तष्यल ीयलमयल ए द्दघ।

च्अजबचम, क्षाक्रबल ९द्दण्ण्द्ध०ु*च्भकभबचअज यल एयउगबितष्यल ब्नष्लन बत ल्क्ष्ब च्भकतचयकउभअत बलम एचयकउभअत*ु ब्नभष्लन ज्भबतिज बलम एगदष्अि एयष्अिथ ए द्दघढ।

च्यलबमि, ीभभ ९द्दण्ण्द्ध०ु*ब्नभष्लन ध्यचप बलम एगदष्अि एयष्अिथु* ब्नभष्लन ज्भबतिज बलम एगदष्अि एयष्अिथ ए ज्ञछघ।

त्जबउब, व्बलबचमजबल ९द्दण्ण्छ०, क्अष्भलतषष्अ ख्भचकगाक त्वबमष्च्ष्यलर्बा ऋगतिगचभक ग्लमभचकतबलमष्लन ऋगतिगचर्बा ऋयलतभहतक ायच ज्भबतिज म्भखभयिऊभलत ष्ल ल्भउर्बा खयगिभ ज्ष्बिथबल व्यगचलर्बा या क्यअष्य(ब्लतजचययउययिनथ म्भउबचत्तभलत ायच क्यअष्य(बलतजचययउययिनथ तगएाल एयपजबचब ए ज्ञड( द्धछ।

# अनुसूचि-१

## "आश्रममा आश्रित वृद्धवृद्धाहरूको जीवनशैलीको विद्यमान अवस्था"

## अन्तर्वार्ता सूची

१) नाम..............................

२) उमेरः ..........................

३) लिङ्ग क) महिला ( ) ख) पुरुष ( )

४) तपाई कुन जातको हुनुहुन्छ ?
क) ब्राह्मण ( ) ख) क्षत्री ( ) ग) गुरुङ्ग ( )
घ) नेवार ( ) ङ) दलित ( ) च) अन्य ( )

५) तपाईं कुन धर्म मान्नुहुन्छ ?
क) हिन्दू ( ) ख) बौद्ध ( )
ग) क्रिष्चियन ( ) घ) अन्य ( )

६) तपाईको वैवाहिक स्थिति कस्तो छ ?
क) अविवाहित ( ) ख) विधुर/विधुवा ( )
ग) पारपाचुके ( ) घ) सामाजिक स्थिति ( )

७) तपाईंको परिवार कस्तो प्रकारको छ ?
क) एकल ( ) ख) संयुक्त ( )

८) आश्रममा आउनुभन्दा पहिला तपाई को सँग बस्नुहुन्थ्यो ?
क) एक्लै ( ) ख) श्रीमान्/श्रीमती ( )
ग) छोरासँग ( ) घ) छोरीसँग ( )
ङ) अन्य ( )

९) तपाईंको विचारमा वृद्धवृद्धा बस्न उपयुक्त ठाँउ कुन हो ?
क) परिवारसँग ( ) ख) एक्लै ( )
ग) वृद्धाश्रम ( ) घ) अन्य ( )

१०) हाल तपाईंको परिवार हुनुहुन्छ कि हुनुहुन्न ?
क) छन् ( ) ख) छैनन् ( )

११) यदि हुनुहुन्छ भने तपाईं परिवारसँग किन नबस्नु भएको हो ?
क) कसैले वास्ता नगरेर( ) ख) आयस्रोत नभएर ( )
घ) खानपिन नमिलेर ( ) घ) अन्य ( )

१२) तपाईंले कतिसम्म अध्ययन गर्नुभएको छ ?
क) निरक्षर ( ) ख) साक्षर ( )
ग) अनौपचारिक शिक्षा ( ) घ) माध्यमिक तह ( )
ङ) प्राथमिक तह ( ) च) उच्चशिक्षा ( )

१३) तपाईंले समाजबाट टाढा भएको अनुभव गर्नुभएको छ ?
क) छ ( ) ख) छैन ( )

१४) यदि छ भने किन त्यस्तो अनुभव गर्नुभएको ?
क) सबैजना ज्यादै व्यस्त भएर ( ) ख) पुस्तामा फरक आएर ( )
ग) शारीरिक रूपमा अशक्त भएर ( ) घ) अन्य ( )
ग) आर्थिक स्थिति

१५) तपाईं काम गर्न सक्नुहुन्छ ?
क) सक्छु ( ) ख) सक्दिनँ ( )
१६) यदि सक्नुहुन्छ भने कस्तो खालको काम गर्न सक्नुहुन्छ ?
क) कृषि ( ) ख) हस्तकला ( )
ग) पुजारी ( ) घ) सामान्य ( )
ङ) अन्य ( )
१७) तपाईंको जीविकाको स्रोत के हो ?
क) आफैले काम गरेर ( ) ख) आफ्नै सम्पत्तिबाट ( )
ग) पेन्सन ( ) घ) छोराछोरीले दिएर ( )
१८) आश्रममा धेरैजना हुनुहुन्छ कुनै किसिमको भेदभाव झगडा तथा भेदभाव हुन्छ कि हुँदैन ?
क) हुन्छ ( ) ख) हुँदैन ( )
ग) कहिले काहीं भैहाल्छनी ( ) घ) अन्य ( )
१९) यदि भेदभाव हुन्छ भने कस्तो किसिमको भेदभाव हुन्छ ?
क) जातिगत भेदभाव ( ) ख) सक्ने नसक्ने ( )
ग) रोगी निरोगी ( ) घ) अन्य ( )
व्यक्तिगत आनीबानी
२०) तपाईंको चुरोट पिउने बानी छ ?
क) पिउँदिन ( ) ख) कहिलेकाहीं पिउँछु ( )
ग) नियमित पिउँछु ( )
२१) तपाई सूर्तिखैनी खानुहुन्छ ?
क) खान्न ( ) ख) कहिलेकाहीँ खान्छु ( )
ग) नियमित खान्छु ( )
२२) तपाईं नियमित शारीरिक व्यायाम गर्नुहुन्छ ?
क) गर्छु ( ) ख) गर्दिन ( )
ग) कहिलेकाहीं गर्छु ( )
२३) तपाई रक्सी पिउनुहुन्छ ?
क) पिउँदिनँ ( ) ख) कहिलेकाहीँ पिउँछु ( )
ग) नियमित पिउँछु ( )
२४) तपाईं दैनिक कतिपटक खाना खानुहुन्छ ?
क) राम्रो ( ) ख) ठीकै ( )
ग) इच्छाअनुसार ( ) घ) अन्य ( )
ङ) स्वास्थ्य विवरण
२५) तपाईंको स्वास्थ्य स्थिति कस्तो छ ?
क) राम्रो ( ) ख) ठीकै ( )
ग) सन्तोषजनक ( ) घ) नराम्रो ( )
२६) तपाई लामो समयसम्म निको नहुने रोगबाट पींडित हुनुहुन्छ ?
क) छु ( ) ख) छैन ( )
२७) यदि हुनुहुन्छ भने कुन रोग हो ?
रोगको नाम...............................................

२८) तपाई राम्रोसँग आँखा देख्न सक्नुहुन्छ ?
क) सक्छु ( ) ख) अलि कम देख्छु ( )
घ) देख्दिनँ ( )

२९) तपाईंको कान सुन्ने क्षमतामा कुनै समस्या छ कि ?
क) छ ( ) ख) छैन ( )

३०) के तपाईलाई राम्रोसँग निद्रा लाग्छ ?
क) लाग्छ ( ) ख) लाग्दैन ( )
ग) अलि कम लाग्छ ( )

३१) दैनिक क्रियाकलापको लागि तपाईंलाई कसैको सहयोगको आवश्यकता पर्छ ?
क) पर्छ ( ) ख) पर्दैन ( )

३२) यदि पर्छ भने कस्तो खालको सहयोगको आवश्यकता पर्छ ?
क) सबै किसिमको सहयोग ( ) ख) हिंडडुल गर्न ( )
ग) अन्य ( )

३३) आश्रममा स्वास्थ्य उपचारको समस्या छ कि छैन ?
क) छ ( ) ख) छैन ( )

३४) वृद्ध भएर बाँच्न कत्तिको गाह्रो छ ?
क) ज्यादै गाह्रो ( ) ख) गाह्रो छैन ( )
ग) अलिकति गाह्रो ( )

३५) तपाईं आश्रममा के कारणले बस्नुभएको ?
क) एक्लै भएर ( ) ख) आम्दानीको स्रोत नभएर ( )
ग) परिवारले हेला गरेर ( ) ङ) अशक्त भएर ( ) च) अन्य ( )

३६) यहाँ बसेर शान्तिको अनुभव गर्नुभएको छ ?
क) छ ( ) ख) छैन ( )

३७) कसैबाट सहयोगको अपेक्षा राख्नुभएको छ ?
क) छ ( ) ख) छैन ( )

३८) यदि अपेक्षा राख्नुभएको छ भने कस्तो किसिमको सहयोग ?
क) आर्थिक सहयोग ( ) ख) सहयोगी ( )
ग) उचित बासस्थान ( ) घ) अन्य ( )

३९) आश्रममा बस्दा कुनै किसिमको समस्या परेको छ कि ?
क) छ ( ) ख) छैन ( )

४०) यदि छ भने कस्तो किसिमको समस्या परेको छ ?
क) खाना ( ) ख) मिलेर बस्न ( )
ग) बस्ने ठाउँ ( ) ङ) अन्य ( )

४१) वृद्धवृद्धाहरूको सहज जीवनयापनका लागि या उनीहरूको कल्याणका लागि के के गर्नुपर्ला ?
क)...............................................................................
ख)...............................................................................

४२) तपाईंको इच्छा तथा चाहना के के छन् ?
क)...............................................................................
ख)...............................................................................

**हजूरको अमूल्य सहयोगका लागि धेरै धेरै धन्यवाद ॥**

## अनुसूचि-२

## जानिफकार व्यक्तिहरूसँगको छलफल सूची

(क) नाम (ख) उमेर (ग) लिङ्ग

- शिक्षा
- यस मन्दिर परिसरमा आश्रमको स्थापना तथा शुरुवात कहिले भएको हो ?
- जिम्मेवार व्यक्तिको नाताले मन्दिर तथा आश्रमको लागि कस्तो योगदान गर्नुभएको छ ?
- आश्रम कसरी सञ्चालन भएको छ तथा आर्थिक स्रोत कहाँबाट जुटाउनुहुन्छ ?
- यस आश्रममा कस्ता खालका मानिस छन् र कति सङ्ख्यामा छन् ?
- यस आश्रममा बस्नको लागि कस्ता व्यक्तिलाई प्राथमिकता दिनुभएको छ ?
- यस आश्रममा पुरुष बढी छन् कि महिला र कतिदेखि कति उमेरसम्मका छन् ?
- तपाईंहरूको भावी योजना के बनाउनु भएको छ ?
- सहयोग गर्न चाहने संस्था सङ्गठनहरूलाई केही भन्न चाहनुहुन्छ ?
- आश्रमका कोठा कुनै पक्की कुनै कच्ची छन् त्यसको लागि के गर्दै हुनुहुन्छ ?
- हवस् त सहयोगको लागि धन्यवाद !

# अनुसूचि-३

## मुख्य सूचनादाताको नामावली

| | | |
|---|---|---|
| १. | श्री वसन्तकेशव पराजुलीः | अध्यक्ष पोखरा वृद्धाश्रम |
| २. | श्री सुशीलराज पराजुलीः | उपाध्यक्ष ,, ,, |
| ३. | श्री टीकाबहादुर भण्डारीः | सचिव ,, ,, |
| ४. | श्री डम्बरकुमारी पुनः | सेविका ,, ,, |
| ५. | श्री तिलकुमारी पौडेलः | भान्छे ,, ,, |
| ६. | श्री योगराज पौडेलः | पुजारी ,, ,, |

अनुसूचि-४

अध्ययन क्षेत्रको नक्शा

अनुसूचि-५

## उत्तरदाताहरूको अन्तर्वार्ताको क्रममा खिचिएका तस्वीरहरू

## वृद्धवृद्धा अग्रज हाम्रा

*रीता बलामी*

वृद्धवृद्धा अग्रज हाम्रा नगरौं है हेला
आजै विचार नपुऱ्याए भोलि पछौं फेला
जवानीले जीवनभरि साथ दिन्न कहिल्यै
उमेर न हो ढलिजान्छ सोचिहालौं पहिल्यै ।

प्रकृतिको नियमलाई छेक्न सक्छ कसले
अनिश्चित भविष्यलाई देख्न सक्छ कसले
पाखुरीका बलहरू जान्छन् भोलि घट्दै
बुढ्यौलीका रेखाहरू आउँछन भोलि बढ्दै ।

हिजो बाल, आज युवा, भोलि हुन्छौं वृद्ध
नभुलौं है सत्यलाई यो छ स्वयंसिद्ध
केश फुल्छ, दाँत झर्छ, टेक्नुपर्छ लठ्ठी
दृष्टि कमजोर हुन सक्छ बले पनि बत्ती ।

वृद्धवृद्धा अग्रज हाम्रा अनुभवका धनी
बाटो बिर्से देखाउँछन् मार्गदर्शक बनी
माया देखाई उत्साहसाथ दुईशब्द बोलौं
जीवन भोगाई यथार्थका पानाहरू खोलौं ।

नेपाल र नेपाली हुनाको यो गौरव
उनैका हुन मनका आँट पाखुरीका पौरख
हामीप्रति लाएका छन् ऋण लाख–लाख
सके तिरौं नसके नि राखौं आदर भाव ।